सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३ असोज २०८२, शुक्रबार (19 Sep 2025, Friday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १५९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

१० दिनपछि सैनिक ब्यारेकबाट निस्किए ओली

भक्तपुरको गुन्डुमा डेरामा बसे

बालकोट निवासको पुनर्निर्माण एक महिनामा पनि नसकिने भएकाले कम्तीमा तिहारसम्म गुन्डुमै बस्ने



■ नेतृत्वबाट बिदा लिन ओलीमाथि पार्टीभित्र दबाब बढ्दै, तर छैन संकेत

अहिलेको संकट र दमनको जिम्मेवारी लिएर ओलीले नेतृत्वबाट बिदा लिई पुनर्गठन अभियान सुरु गर्नुपर्ने मत पार्टीभित्र बढ्दै गए पनि उनी स्वयं राजीनामा दिने मुडमा छैनन् । त्यही कारण संस्थापन पक्षले संकटका वेला पार्टीभित्र छलफल गर्ने विषयबारे बाहिर प्रतिक्रिया दिने कुरा ठिक नभएको भन्दै प्रतिरक्षा गरिरहेको छ । राजीनामा नदिने, प्रतिरक्षा गर्ने नीतिअनुसार नै ब्यारेकभित्र रहँदा पनि ओलीले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई कार्यवाहक दिएनन् । सोही कारण संस्थागत धारणाका लागि एमालेको सचिवालयको बैठक पनि यसबिचमा बस्न सकेन । ओलीले नै अहिलेको संकटका विषयमा धारणा सार्वजनिक गरेपछि उपयुक्त समयमा समीक्षा र आगामी बाटोबारे बैठक आयोजना गर्ने मुडमा महासचिव शंकर पोखरेल देखिन्छन् । केही दिनअघि उनले उपयुक्त समयमा पार्टीले समीक्षा बैठक गर्ने वक्तव्यमा उल्लेख गरेका थिए । प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले पनि पार्टी पुनर्गठनको विषय अहिले प्रवेशै नभएको बताए । 'पार्टी पुनर्गठन भनेको पार्टीको आन्तरिक बिजनेस हो । त्यो विषयमा प्रवेश नै गरेका छैनौं,' गौतमको भनाइ छ ।

शुरोजंग पाण्डे / नयाँ पत्रिका

जेन-जी आन्दोलनको दोस्रो दिन २४ भदौमा नेताका निवासदेखि राज्यका सार्वजनिक संरचनामा आक्रमण हुन थालेपछि सेनाले बालुवाटारबाट उद्धार गरेर शिवपुरी ब्यारेक राखेका निवर्तमान प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी ओली १० दिनपछि बाहिरिएका छन् । सेनाले ब्यारेकबाट बाहिर निस्किन अनुमति दिएपछि ओली भक्तपुरको सूर्यविनायक नगरपालिका- ७, गुन्डुस्थित डेरामा बस्न थालेका छन् ।

उनलाई एमाले पोलिटब्युरो सदस्य तथा युवा संघका पूर्वअध्यक्ष महेश बस्नेतको निवासनजिकै वडा कार्यालयछेउमा स्थानीय कार्यकर्ताको निवासमा राखिएको छ । बस्नेत बस्दै आएको घरमै ओलीलाई राखिएको हो । आफ्नो घर पनि आन्दोलनकारीले आगजनी र तोडफोड गरेर ध्वस्त बनाएपछि बस्नेत त्यहाँ सरेका थिए ।

ओलीलाई शुक्रबार सार्वजनिक गराउने प्रयास

अस्थायी पार्टी केन्द्रीय कार्यालयका लागि डेराको खोजी

अस्थायी निवाससँगै ओलीको बाहिरी घेराको सुरक्षा व्यवस्थापन बस्नेतले नै हेर्नेछन् । सवा ५ बजे गुन्डु पुग्दा उनलाई बस्नेत, भक्तपुर अध्यक्ष बचन देउजासहित नेता-कार्यकर्ताको टोलीले स्वागत गरेको थियो ।

ओलीको बालकोटस्थित निजी निवास आगजनी र तोडफोडबाट ध्वस्त छ । सशस्त्र प्रहरी र स्थानीय क्लबमा आबद्ध युवाहरूले उनको निजी निवासको बाहिरी सुरक्षा हेरिरहेका छन् भने एउटा टोलीले सफाइ सुरु गरेको छ । ओलीसहित एमाले नेताहरूको ध्वस्त निजी निवासको स्थलगत अध्ययन गरी पुनर्निर्माणका लागि पार्टीसम्बद्ध प्रगतिशील इन्जिनियर्स एसोसिएसनले अगुवाइ गरिरहेको छ । केही व्यावसायिक इन्जिनियर्सहरूसहितको टोलीले दिएको प्रतिवेदनका आधारमा अध्यक्षसहित एमाले नेताहरूले निजी निवास पुनर्निर्माण थाल्ने केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीले बताए । तर, पुनर्निर्माण एक महिनामा पनि नसकिने भएकाले कम्तीमा तिहारसम्मै बस्ने गरी ओली गुन्डु सरेका हुन् ।

जेन-जी आन्दोलन चर्किँदै जाँदा उग्र बन्दै गएका प्रदर्शनकारीले प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारलाई पनि लक्षित गरेर आगजनी गर्न खोजेपछि २४ भदौमा दिउँसो करिब २ बजे ओलीले राजीनामा दिएका थिए । त्यसपछि पत्नी राधिका शाक्यसहित

» पृष्ठ २ मा क्रमशः

३३ महिनामा सांसदको तलब भत्तामै सकियो पौने तीन अर्ब



सभामुख घिमिरे



उपसभामुख रानामगर

प्रतिनिधिसभा विघटन भए पनि सभामुख र उपसभामुखको पद कायमै **नयाँ नआउन्जेलसम्म सेवा/सुविधा यथावत्**

कमलराज भट्ट / नयाँ पत्रिका

संघीय संसद् सञ्चालनको ३३ महिनामा सांसद र पदाधिकारीको तलब-भत्ताका साथै भाडासमेत गरी तीन अर्ब रुपैयाँभन्दा बढी खर्च भएको छ । यसमा संसद् सचिवालयको नियमित प्रशासनिक खर्च जोडिएको छैन ।

संसद् सचिवालयको तथ्यांकअनुसार ०७९ पुसदेखि ०८२ भदौसम्म पदाधिकारी, सदस्य र उनीहरूको सचिवालय व्यवस्थापनका साथै भाडामा गरी कुल तीन अर्ब २१ करोड ८६ लाखभन्दा बढी खर्च भएको हो । संसद् सचिवालयको तथ्यांक र संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐनमा उल्लेखित सुविधालाई आधार मानेर निकालिएको हिसाबअनुसार उक्त रकम खर्च भएको पाइएको हो ।

सचिवालयको लेखा शाखाका अनुसार ०८२ असार मसान्तसम्म तलब-भत्तामा एक अर्ब १० करोडभन्दा बढी खर्च भएको छ । भदौ मसान्तसम्मको जोड्दा यो रकम करिब एक अर्ब १३ करोड पुग्छ । उनीहरूको स्वकीय सचिवालयतर्फ एक अर्ब ६३ करोड ८६ लाख

» पृष्ठ २ मा क्रमशः

● ०७९ पुसदेखि ०८२ भदौसम्म संसद्का पदाधिकारी र सदस्य तथा उनीहरूको सचिवालयसमेतको गरी

कुल दुई अर्ब ७६ करोड ८६ लाखभन्दा बढी खर्च

● संसद्का पदाधिकारी तथा सदस्यहरूको भदौ मसान्तसम्म **तलब-भत्तामा एक अर्ब १३ करोड खर्च** भएको छ । उनीहरूका स्वकीय सचिवालयतर्फ **एक अर्ब ६३ करोड ८६ लाख खर्च** भएको छ ।

संसद् भवनको भाडामा ४५ करोड खर्च

संसद् सचिवालयले अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रलाई वार्षिक १५ करोड भाडा तिर्दै आएको छ । यसबाहेक संसद् सचिवालयको नियमित प्रशासनिक खर्च छुट्टै हुन्छ, जुन यसमा जोडिएको छैन ।

■ प्रतिनिधिसभा विघटनले विधायिकी असर

टुंगिसकेका केहीसहित ३० वटा विधेयक शून्यमा



संसद् विघटन हुँदा संविधान कार्यान्वयनसँग जोडिएका अत्यधिक महत्त्वका र बहुप्रतीक्षितसमेत गरी साढे दुई दर्जन विधेयक निष्क्रिय, चालू अधिवेशन अन्त्य हुँदा राष्ट्रिय सभामा रहेका पाँचवटा विधेयक पनि अलपत्र

काठमाडौं/ जेन-जी आन्दोलनपछि प्रतिनिधिसभा विघटन गरी मध्यावधि निर्वाचनमा जाने निर्णयले विधायकी कार्यमा ठुलो प्रभाव परेको छ । संसद् विघटन हुँदा संविधान कार्यान्वयनसँग जोडिएका अत्यधिक महत्त्वका र बहुप्रतीक्षितसमेत गरी साढे दुई दर्जन विधेयक निष्क्रिय भएका छन् । चालू अधिवेशन अन्त्य हुँदा राष्ट्रिय सभामा रहेका पाँचवटा विधेयक पनि अलपत्र परेका छन् ।

संसद् सचिवालयका अनुसार प्रतिनिधिसभा विघटन गरेसँगै टुंगिसकेका महत्त्वपूर्ण विधेयकहरूसमेत शून्यमा झरेका छन् । सभामुखले प्रमाणीकरणका लागि पठाउन बाँकी जलस्रोत विधेयक, दुवै सभाबाट टुंगिसकेको संघीय निजामती विधेयक, प्रतिनिधिसभाले लामो छलफलपछि टुंग्याएको विद्यालय शिक्षा विधेयक, विवादबिच सरकारले बहुमतको बलमा अगाडि बढाएको भूमि विधेयक र राष्ट्रपतिले पुनर्विचारका लागि फिर्ता पठाएको संवैधानिक परिषद्लगायत विधेयक निष्क्रिय भएका छन् ।

प्रतिनिधिसभाको विधेयक शाखा प्रमुख तिरविक्रम पराजुलीका अनुसार विघटनपछि कुल ३० वटा विधेयक निष्क्रिय भएका छन् । प्रतिनिधिसभामा उत्पत्ति भएका २१ सरकारी र दुई गैरसरकारी गरी २३ विधेयक निष्क्रिय भएका छन् । यसैगरी राष्ट्रिय सभामा उत्पत्ति भएका ६ सरकारी र एक गैरसरकारी गरी सातवटा विधेयक निष्क्रिय भएका छन् । निष्क्रिय भएका विधेयकमा २० वटा समितिमा दफाबार छलफलको क्रममा थिए ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले प्रतिनिधिसभा विघटन भएसँगै प्रतिनिधिसभामा

» पृष्ठ २ मा क्रमशः

■ प्रधानमन्त्री कार्की-मोदी टेलिफोन वार्ता

चुनाव गर्ने सरकारको लक्ष्यमा सघाउन भारतलाई आग्रह

नेपालको प्राथमिकतामा भारतको पूर्ण सहयोग र समर्थन रहनेछ : मोदी

भारतीय प्रधानमन्त्रीसँग टेलिफोन वार्तालगत्तै चिनियाँ र अमेरिकी राजदूतसँग भेटवार्ता

पर्शुराम काफ्ले / नयाँ पत्रिका

जेन-जी आन्दोलनको बलमा बनेको अन्तरिम सरकारको नेतृत्व गरेकी प्रधानमन्त्री सुशीला कार्कीले कूटनीतिक संवादलाई तीव्र पारेकी छिन् । प्रधानमन्त्रीमा नियुक्त भएलगत्तै विभिन्न देशबाट बधाई सन्देश प्राप्त गरेकी कार्की हाल उच्चस्तरीय वार्ता र राजदूतहरूसँगको भेटमा सक्रिय देखिएकी छिन् । कार्की नेतृत्वको मन्त्रिपरिषद्मा परराष्ट्रमन्त्री नियुक्त हुन बाँकी छ ।

बिहीबार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग टेलिफोन

» पृष्ठ २ मा क्रमशः





१० वर्षपछि संविधान दिवसमा मोदीको सार्वजनिक शुभकामना

नेपालले संविधान जारी गरेको १० वर्षपछि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संविधान दिवसको उपलक्ष्यमा सार्वजनिक शुभकामना दिएका छन् । बिहीबार प्रधानमन्त्री सुशीला कार्कीसँगको टेलिफोन संवादमा मोदीले अग्रिम शुभकामना दिएका हुन् । नेपालले संविधान दिवसलाई राष्ट्रिय दिवसका रूपमा मनाउँदै आएको छ । 'भोलि (शुक्रबार) हुने राष्ट्रिय दिवसको अवसरमा उहाँ (प्रधानमन्त्री सुशीला कार्की) र नेपाली जनतालाई हार्दिक शुभकामना व्यक्त गर्दै,' प्रधानमन्त्री मोदीले एक्समा बिहीबार लेखेका छन् । परराष्ट्र मन्त्रालय तथा भारतको प्रेस सूचना ब्युरोले बिहीबार टेलिफोन वार्तालाबारे जारी गरेका अलग-अलग विज्ञप्तिमा पनि मोदीले राष्ट्रिय दिवसमा शुभकामना दिएको उल्लेख छ ।

३३ जिल्लाका ३५ कारागारमा आगजनी र तोडफोड

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

त्रिपालमुनि सर्वोच्चको इजलास

आन्दोलनले ठप्प भएको १० दिनपछि बिहीबार सर्वोच्च प्रांगणमा त्रिपाल टाँगेर बसेको इजलासमा बन्दी प्रत्यक्षीकरणका दुई मुद्दामा सुनुवाइ

नवराज मैनाली / नयाँ पत्रिका

जेन-जी आन्दोलनमा मुख्य भवन नै आगजनीबाट खण्डहरमा परिणत भएपछि सर्वोच्च अदालतले प्रांगणमा त्रिपाल टाँगेर मुद्दाको सुनुवाइ थालेको छ । अदालत ठप्प भएको १० दिनपछि बिहीबारदेखि बन्दी प्रत्यक्षीकरणका मुद्दाबाट सुनुवाइ सुरु भएको हो ।

बिहीबार दुईवटा बन्दी प्रत्यक्षीकरणका मुद्दामा सुनुवाइ भएको सर्वोच्च अदालतका सहायक प्रवक्ता नीराजन पाण्डेले बताए । न्यायाधीशहरू सपना प्रधान मल्ल र कुमार रेग्मीको छुट्टाछुट्टै इजलास बसेर सुनुवाइ भएको थियो ।

■ मुद्दाको सुनुवाइका लागि तीन समिति गठन, मासिएका र नासिएका फाइलको पुनः प्राप्तिसम्बन्धी कार्यविधि बन्दै

■ २३ अदालतमा क्षति, प्रतिवादीहरू नै संलग्न भएको आशंका

नियमित मुद्दाको सुनुवाइ भने दसैँअघि सम्भव नभएको सर्वोच्च प्रशासनले जनाएको छ । फाइलहरू धेरै नष्ट भएकाले सम्भवतः दसैँपछि नियमित सुनुवाइ हुने सहायक प्रवक्ता पाण्डे बताउँछन् । उनका अनुसार सर्वोच्चमा रहेका करिब २६ हजार मुद्दाका फाइलमध्ये तीन-चार हजार मात्र क्षतिबाट जोगिएका छन् । यी फाइल सफा गर्न कर्मचारीहरू दैनिक खटिएका छन् ।

२४ भदौमा आन्दोलनकारीले सर्वोच्चको मुख्य भवन जलाएका

» पृष्ठ २ मा क्रमशः



न्यायाधीश कुमार रेग्मीको इजलास । बिहीबार दुईवटा बन्दी प्रत्यक्षीकरणका मुद्दामा सुनुवाइ भएको सर्वोच्च अदालतका सहायक प्रवक्ता नीराजन पाण्डेले बताए । न्यायाधीशहरू सपना प्रधान मल्ल र कुमार रेग्मीको छुट्टाछुट्टै इजलास बसेर सुनुवाइ भएको थियो ।

चुनाव हुन नदिएर अन्तरिम सरकारलाई असफल बनाउने षड्यन्त्र सुरु भइसकेको छ : प्रचण्ड

नयाँ पत्रिका

माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले अन्तरिम सरकारलाई असफल बनाउने प्रयास सुरु भएको बताएका छन् । देश र जनताविरुद्धका षड्यन्त्र अझै जारी रहेकाले चुनाव हुन नदिएर मुलुकलाई थप अस्थिरतातर्फ लैजाने योजनाबद्ध प्रयास हुने भन्दै उनले सतर्क रहनुपर्ने औंल्याएका छन् ।

'देश र जनताविरुद्धका षड्यन्त्र सकिएका छैनन् । अन्तरिम सरकारलाई पनि असफल बनाउने प्रयास सुरु भइसकेको छ । चुनाव हुन नदिन र मुलुकलाई थप अस्थिरतातिर लैजान योजनाबद्ध प्रयास हुन सक्छ । हामी घोषित निर्वाचन समयमै सम्पन्न होस् भन्ने चाहन्छौं,' बिहीबार भिडियो सन्देश जारी गर्दै प्रचण्डले भनेका छन् । जेन-जी आन्दोलनको बलमा कांग्रेस-एमाले गठबन्धन सरकार ढलेर बनेको सुशीला कार्की नेतृत्वको नागरिक सरकारले

» पृष्ठ २ मा क्रमशः



देश र जनताविरुद्धका षड्यन्त्र सकिएका छैनन् । अन्तरिम सरकारलाई पनि असफल बनाउने प्रयास सुरु भइसकेको छ । चुनाव हुन नदिन र मुलुकलाई थप अस्थिरतातिर लैजान योजनाबद्ध प्रयास हुन सक्छ । हामी घोषित निर्वाचन समयमै सम्पन्न होस् भन्ने चाहन्छौं ।

१० वर्षअघि हामीले दर्ज गरेका फरक मत र अहिले जेन-जी आन्दोलनले राखेका मागमा समानता छ । त्यतिखेर संविधानसभामा हाम्रो संख्या पुगेन । तर, हामीले हाम्रा असहमतिहरू लिखित फरक मतका रूपमा इतिहासको अदालतमा दर्ज गरेका थियौं र अहिले जेन-जीले मागेको प्रत्यक्ष निर्वाचित कार्यकारी हाम्रो त्यतिवेलैको सबैभन्दा मुख्य फरक मत थियो । पैसाको खोलो बग्ने र भुइँमान्छेले लड्दै नसक्ने अहिलेको निर्वाचन प्रणाली हामीले भत्काउन चाहेका थियौं । हामी पूर्ण समानुपातिक निर्वाचन प्रणालीका पक्षमा थियौं ।

३३ महिनामा...

पृष्ठ १ बाट क्रमशः

खर्च भएको संसद् सचिवालयले जनाएको छ। यसैगरी, संसद् सचिवालयले संसद् भवन सञ्चालनबापत नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रलाई वार्षिक १५ करोड भाडा तिर्दै आएको छ। पछिल्लो तीन वर्षको हिसाब गर्दा सचिवालयले ४५ करोड भाडा बुझाइसकेको छ। यी सबै हिसाब जोड्दा तीन अर्ब २१ करोड ८६ लाख सात हजार ६१९ हुन आउँछ।

सचिवालयकी सूचना अधिकारी सावित्रा शर्माका अनुसार प्रतिनिधिसभा विघटन भएकाले अहिले सभामुख र उपसभामुखबाहेक अन्य सांसदले सुविधा पाउनेछैनन्। तर, राष्ट्रिय सभा कायम भएकाले त्यहाँका पदाधिकारी र सदस्यले भने नियमित पारिश्रमिक र सुविधा पाउँछन्। संसद् भवन बनाइएको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र जलाइएकाले अब त्यसलाई थप भाडा बुझाउनुपर्नेछैन।

संघीय संसद्का पदाधिकारी र सदस्यलाई के-के सुविधा हुन्छ ?

संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐनअनुसार सभामुख र अध्यक्षले प्रतिमहिना तलब ६७ हजार ३२०, विशेष भत्ता एक हजार, सञ्चार सुविधा तीन हजार, निजी सचिवालय बन्दोबस्त दुई हजार, गार्डघर दुई दुई हजार, अतिथि सत्कार २५ सय, बिजुली धारा दुई हजार, सवारी इन्धन २५० लिटर पाउँछन्। यसका अलावा प्रतिबैठक एक हजार भत्ता, दैनिक भ्रमण भत्ता तीन हजार, फर्निचर खर्च (एकमुस्ट) १५ हजार तथा प्रत्येक तीन महिनामा १० लिटर मोबिल पाउने ऐनमा व्यवस्था छ। सचिवालयतर्फ स्वकीय सचिव (प्रथम श्रेणी) एक, द्वितीय श्रेणी एक, तृतीय श्रेणी एक, कम्प्युटर अपरेटर एकजना पाउँछन्। त्यस्तै, सवारीचालक दुईजना, कार्यालय सहयोगी दुईजना, प्रिन्टरसहितको कम्प्युटर एक थान, साइकल दुई थान, अंगरक्षक पदिक एकजना, बिल्लादार गार्ड एक, सैनिक जवान १० जना पाउँछन्।

उपसभामुख र उपाध्यक्षले प्रतिमहिना तलब ७२ हजार ७३०, विशेष भत्ता एक हजार, सञ्चार सुविधा तीन हजार, घरभाडा २५ हजार ६०८, निजी सचिवालय बन्दोबस्त १७ सय ५०, गार्डघर १७ सय ५०, अतिथि सत्कार दुई हजार, बिजुली धारा दुई हजार र सवारी इन्धन २३० लिटर पाउँछन्। त्यस्तै, प्रतिबैठक एक हजार भत्ता, दैनिक भ्रमण भत्ता २५ सय, फर्निचर खर्च (एकमुस्ट) १५ हजार तथा प्रत्येक तीन महिनामा ५ लिटर मोबिल पाउने ऐनमा व्यवस्था छ। सचिवालयतर्फ स्वकीय सचिव राप द्वितीय एकजना, कम्प्युटर अपरेटर एकजना, प्रिन्टरसहितको कम्प्युटर एक थान, कार्यालय सहयोगी दुईजना, सवारीचालक दुईजना, दुईवटा साइकल पाउँछन्। अंगरक्षक पदिक एक र बिल्लादार गार्ड एक, सैनिक जवान १० जना पाउँछन्।

विपक्षी दलको नेताले प्रतिमहिना तलब ७२ हजार ७३०, विशेष भत्ता एक हजार, सञ्चार सुविधा तीन हजार, घरभाडा २५ हजार ६०८, निजी सचिवालय बन्दोबस्त १७ सय ५०, गार्डघर १७ सय ५०, अतिथि सत्कार दुई हजार, बिजुली धारा दुई हजार र सवारी इन्धन २३० लिटर पाउँछन्। यसका साथै प्रतिबैठक एक हजार भत्ता, दैनिक भ्रमण भत्ता २५ सय, फर्निचर खर्च (एकमुस्ट) १५ हजार तथा प्रत्येक तीन महिनामा ५ लिटर मोबिल पाउने ऐनमा व्यवस्था छ। सचिवालयतर्फ स्वकीय सचिव राप द्वितीय एकजना, कम्प्युटर अपरेटर एकजना, प्रिन्टरसहितको कम्प्युटर एक थान, कार्यालय सहयोगी दुईजना, सवारीचालक दुईजना, दुईवटा साइकल पाउँछन्। अंगरक्षक पदिक एक र बिल्लादार गार्ड एक, सैनिक जवान १० जना पाउँछन्।

मुख्य सचेतकले प्रतिमहिना तलब ७२ हजार ७३०, विशेष भत्ता एक हजार, सञ्चार तीन हजार, घरभाडा २५ हजार ६०८, निजी सचिवालय बन्दोबस्त १७ सय ५०/अतिथि सत्कार दुई हजार, बिजुली धारा दुई हजार र सवारी इन्धन २३० लिटर पाउँछन्। साथै, प्रतिबैठक एक हजार भत्ता, दैनिक भ्रमण भत्ता २५ सय, फर्निचर खर्च (एकमुस्ट) १५ हजार तथा प्रत्येक तीन महिनामा ५ लिटर मोबिल पाउने कानुनी व्यवस्था छ। सचिवालयतर्फ स्वकीय सचिव राप द्वितीय एकजना, कम्प्युटर अपरेटर एकजना, सवारीचालक दुईजना, कार्यालय सहयोगी एकजना, प्रिन्टरसहितको कम्प्युटर एक थान, साइकल एक थान पाउँछन्।

विपक्षी दलका प्रमुख सचेतकले प्रतिमहिना तलब ६९ हजार ३०, विशेष भत्ता एक हजार, सञ्चार तीन हजार, घरभाडा २५ हजार ६०८, निजी सचिवालय बन्दोबस्त १७ सय ५०, गार्डघर १७ सय ५०, अतिथि सत्कार १७ सय, बिजुली धारा दुई हजार, सवारी इन्धन २०० लिटर पाउँछन्। यसका अतिरिक्त प्रतिबैठक एक हजार भत्ता, दैनिक भ्रमण भत्ता २५ सय, फर्निचर खर्च (एकमुस्ट) १५ हजार तथा प्रत्येक तीन महिनामा ५ लिटर मोबिल पाउने ऐनमा व्यवस्था छ। सचिवालयतर्फ स्वकीय सचिव राप द्वितीय एकजना, कम्प्युटर अपरेटर एकजना, सवारीचालक दुईजना, कार्यालय सहयोगी एकजना, प्रिन्टरसहितको कम्प्युटर एक थान, साइकल एक थान, अंगरक्षक प्रहरी सहायक निरीक्षक एकजना, हेड प्रहरी कन्सटेबल एकजना र प्रहरी जवान चारजना पाउँछन्।

विषयगत समिति सभापतिले तलब ६९ हजार ३०, विशेष भत्ता एक हजार, सञ्चार तीन हजार, घरभाडा २५ हजार ६०८, निजी सचिवालय बन्दोबस्त १७ सय ५०, गार्डघर १७ सय ५०, अतिथि सत्कार १७ सय, बिजुली धारा दुई हजार, सवारी इन्धन दुई सय लिटर पाउँछन्। थप सुविधामा प्रतिबैठक एक हजार भत्ता, दैनिक भ्रमण भत्ता २५ सय, फर्निचर खर्च (एकमुस्ट) १५ हजार तथा प्रत्येक तीन महिनामा ५ लिटर मोबिल पाउने व्यवस्था छ। सचिवालयतर्फ स्वकीय सचिव राप द्वितीय एकजना, कम्प्युटर अपरेटर एकजना, सवारीचालक दुईजना, कार्यालय सहयोगी एकजना, प्रिन्टरसहितको कम्प्युटर एक थान, साइकल एक थान, अंगरक्षक प्रहरी सहायक निरीक्षक एकजना, हेड प्रहरी कन्सटेबल एकजना र प्रहरी जवान ४ जना पाउँछन्।

सत्ता र विपक्षी सचेतकले प्रतिमहिना तलब ६९ हजार ३०, विशेष भत्ता एक हजार, सञ्चार तीन हजार, घरभाडा २४ हजार २६८, निजी सचिवालय बन्दोबस्त १२ सय, अतिथि सत्कार १५ सय, बिजुली धारा दुई हजार, सवारी इन्धन १५० लिटर प्राप्त गर्छन्। सुविधा शाखाका अनुसार प्रतिबैठक एक हजार भत्ता, दैनिक भ्रमण भत्ता २५ सय, फर्निचर खर्च (एकमुस्ट) १५ हजार तथा प्रत्येक तीन महिनामा ५ लिटर मोबिल पनि पाउँछन्। सचिवालयतर्फ स्वकीय सचिव राप द्वितीय एकजना, सवारीचालक दुईजना, कार्यालय सहयोगी एकजना, साइकल एक थान पाउँछन्।

सांसदहरूले प्रतिमहिना तलब ६६ हजार ७०, विशेष भत्ता एक हजार, सञ्चार तीन हजार, घरभाडा १८ हजार, अतिथि सत्कार एक हजार, बिजुली धारा दुई हजार पाउँछन्। यसबाहेक प्रतिबैठक एक हजार भत्ता, बैठक बसेको दिन यातायात एक हजार, दैनिक भ्रमण भत्ता २५ सय, फर्निचर खर्च (एकमुस्ट) १५ हजार पाउँछन्। सचिवालयतर्फ स्वकीय सचिव राप तृतीय एकजना सुविधा पाउने संसद् सचिवालयले जनाएको छ।

सभामुख र उपसभामुखले गरे संसद् भवनको निरीक्षण

संसद् विघटनप्रति सभामुखको असन्तुष्टि

काठमाडौं/ सभामुख देवराज घिमिरेसहित संसद्का पदाधिकारीले जेन-जी आन्दोलनको वेला भएको तोडफोड र आगजनीबाट भग्नावशेष बनेको संसद् भवनको निरीक्षण गरेका छन्। बिहीबार दिउँसो नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र पुगेर सभामुख घिमिरे, उपसभामुख इन्दिरा राना, राष्ट्रिय सभा उपाध्यक्ष विमला घिमिरे, प्रतिनिधिसभाका निवर्तमान सांसदहरू र महासचिवलगायत कर्मचारीले भवनको निरीक्षण गरेका हुन्। निरीक्षणपछि सभामुख घिमिरेले संरचना पुनर्निर्माणमा जोड दिए। साथै उनले संसद् विघटनप्रति असन्तुष्टि जनाए। उनले आन्दोलनपछि संसद् विघटन नगरी यसैभित्रबाट समाधान खोज्न सकिएको भए राम्रो हुने टिप्पणी गरेका छन्। 'देशमा जे घटना भए, हामी जे व्यहोरिरहेका छौं, यो ज्यादै दुःखद छ। यसबाट उठेर ठिक ढंगबाट अगाडि जानु सबैको दायित्व छ,' उनले भने। व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकामाथि आक्रमण भएका कारण गम्भीर परिस्थिति सिर्जना भएको उनको भनाइ छ।

टुंगिसकेका...

पृष्ठ १ बाट क्रमशः

उत्पत्ति भएका र राष्ट्रिय सभाबाट आएका विधेयकहरू स्वतः निष्क्रिय भएको बताए। सरकारले २७ भदौमा प्रतिनिधिसभा विघटन गरेर २१ फागुनका लागि निर्वाचन तोकेको छ।

संसद् सचिवालयका अनुसार नेपाल पशु चिकित्सा परिषद् (पहिलो संशोधन) विधेयक, विद्यालय शिक्षा विधेयक, जलस्रोत विधेयक, संघीय निजामती सेवा विधेयक, वैकल्पिक विकास वित्त परिचालन विधेयक, भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी (पहिलो संशोधन) विधेयक निष्क्रिय भएका छन्। यस्तै, गैरसरकारीतर्फ मानव शरीर जलन नियन्त्रण तथा सजाय विधेयक (गैरसरकारी), जाति, रंग, क्षेत्र, वेशभूषा, राष्ट्रियता वा उत्पत्तिमा आधारित भेदभाव कसुर र सजायको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (गैरसरकारी) र राष्ट्रिय मर्यादासम्बन्धी विधेयक (गैरसरकारी) निष्क्रिय भएका छन्।

यसबाहेक समितिमा विचाराधीन २० विधेयक निष्क्रिय भएका छन्। विद्युत् विधेयक, निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, बैंक तथा वित्तीय संस्थासम्बन्धी (पहिलो संशोधन) विधेयक, धितोपत्रसम्बन्धी (पहिलो संशोधन) विधेयक, नेपाल प्रहरी विधेयक, सशस्त्र प्रहरी बल विधेयक, निकासी-पैठारी (नियमन) विधेयक, नेपाल हवाई सेवा प्राधिकरण विधेयक, नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) विधेयक, औद्योगिक सम्पत्तिसम्बन्धी विधेयक, राष्ट्रिय खेलकुद विकास (पहिलो संशोधन) विधेयक, सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक, बालबालिकासम्बन्धी (पहिलो संशोधन) विधेयक छन्।

यसैगरी, अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, आमसञ्चार परिषद् विधेयक, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, तिलगंगा नेत्र विश्वविद्यालय विधेयक, पानीजहाज (सञ्चालन तथा व्यवस्थापन) विधेयक निष्क्रिय भएका छन्।

तीन वर्षको कार्यकालमा ३४ वटा कानुन

संघीय संसद्ले तीन वर्षको कार्यकालमा ३४ वटा कानुन बनाएको छ। ४ मंसिर ०७९ मा निर्वाचित भई ०८२ भदौसम्म सञ्चालन भएको संसद्ले ६ वटा अधिवेशनबाट ३४ वटा कानुन बनाएको हो। ६ वटा अधिवेशनमा संघीय संसद्ले ३४ वटा विधेयक पारित गरेर कानुन बनेको सचिवालयले जनाएको छ। जसमा १० वटा बजेट आश्रित छन् भने २४ वटा अन्य कानुनहरू छन्।

यसबिचमा अनुगमन तथा मूल्यांकन विधेयक, खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, सुरक्षण मुद्रणसम्बन्धी विधेयक, अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, आर्थिक विधेयक, विनियोजन विधेयक, राष्ट्र ऋण उठाउने विधेयक, मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, आर्थिक विधेयक, विनियोजन विधेयक, भन्सार महसुल विधेयक, लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक पारित भई कानुन बनेका छन्।

यसैगरी, बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, नेपाल विश्वविद्यालय विधेयक, सार्वजनिक सेवा प्रसारण विधेयक, विधायनसम्बन्धी विधेयक, सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, विद्युतीय व्यापार विधेयक, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयकले पनि ऐन बनेका छन्।

यसबाहेक आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, निजीकरण (पहिलो संशोधन) विधेयक, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, बैंकिङ कसुर तथा सजाय विधेयक (दोस्रो संशोधन), सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, विनियोजन विधेयक, आर्थिक विधेयक, केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, भन्सार विधेयक, नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक पारित भएका छन्।

राष्ट्रिय सभामा पाँच विधेयक विचाराधीन

सरकारले ३१ भदौमा संसद्को चालू अधिवेशन अन्त्य गरेसँगै राष्ट्रिय सभामा रहेको विधेयक पनि अलपत्र परेका छन्। सूचना अधिकारी अनन्त कोइरालाका अनुसार दुईवटा सभामा र तीनवटा समितिमा गरी राष्ट्रिय सभामा पाँचवटा विधेयक विचाराधीन छन्। सभामा विचाराधीन अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक छन्। तीनवटा विधेयक विधायन समितिमा विचाराधीन छन्। जसमा पर्यटन विधेयक, चलचित्र विधेयक र सामाजिक सञ्जाल विधेयक छन्।

त्रिपालमुनि...

पृष्ठ १ बाट क्रमशः

थिए। छेउमा रहेको एनेक्स भवनमा भने थोरै मात्र क्षति पुगेको छ। मुद्दाका फाइलहरू नै नष्ट भएकाले मुद्दाको सुनुवाइ अनिश्चितकालका लागि रोकिएका छन्।

तीन समिति गठन, कार्यविधि बन्दै

विषम परिस्थितिमा नियमित सुनुवाइसम्बन्धी काम सुरु गर्न सर्वोच्च अदालतले कार्यविधि बनाउने भएको छ। मासिएका र नासिएका फाइलको पुनः प्राप्तिसम्बन्धी कार्यविधि बनाउन लागिएको हो। नष्ट भएका मिसिलहरूको हकमा सोही कार्यविधिअनुसार प्रक्रिया अघि बढाउने सर्वोच्चको तयारी छ। कार्यविधि दसैंलगत्तै तयार हुने सम्भावना रहेको सहायक प्रवक्ता पाण्डे बताउँछन्।

साथै मुद्दाको सुनुवाइका लागि सर्वाच्चले तीन समिति गठन गरेको छ। अदालतको व्यवस्थापन तथा भौतिक क्षति मूल्यांकनका लागि न्यायाधीश विनोद शर्मा, सूचना प्रविधिसम्बन्धी विषयमा न्यायाधीश नहकुल सुवेदी र मुद्दा व्यवस्थापनको सम्बन्धमा न्यायाधीश तिलप्रसाद श्रेष्ठको अध्यक्षतामा समिति बनेका छन्। सर्वोच्च अदालत, नियमावलीअनुसार नै यी समिति गठन गरिएको पाण्डेले बताए।

सर्वोच्चले जलेका फाइलको डिजिटल प्रति पुनः प्राप्ति गर्ने प्रयास पनि गरिरहेको छ। 'एकातर्फ मुद्दाका मिसिलहरू सूचना प्रविधिको सहायतामा पुनः प्राप्ति गर्ने प्रयास भइरहेको छ,' सहायक प्रवक्ता पाण्डे भन्छन्, 'अर्कोतर्फ विभिन्न पक्षहरूसँग मगाएर पनि त्यसलाई अघि बढाउन सकिने विषयमा छलफल भइरहेको छ।'

मुद्दाका प्रतिलिपिहरू कानुन व्यवसायीसँग समेत छन्। त्यस्तै, सरकारीवादी मुद्दाका धेरै फाइल महान्यायाधिवक्ता कार्यालयसँग छ। कतिपय फाइल अन्य सरकारी कार्यालयमा पुगेकाले सकेसम्म सबै पक्षसँग समन्वय गरी मिसिल तयार गर्ने तयारी भइरहेको छ।

कार्यविधि तयार गरेर प्राथमिकताका आधारमा फाइल तयार गर्ने र त्यसपछि मात्र नियमित सुनुवाइ अघि बढाउने सर्वोच्चको तयारी छ। सर्वोच्चपरिसरमा रहेको एनेक्स भवनमा तीन इजलास छन्। सो भवनमा थोरै क्षति पुगेकाले त्यहीँबाट सुनुवाइ गर्न सकिने अवस्था छ। विगतझैं यो वर्ष पनि दसैंका १५ दिन अदालत बन्द हुनेछ। सर्वोच्च अदालतले बिहीबार सूचना प्रकाशन गरी घटस्थापना (६ असोज) देखि कोजाग्रत पूर्णिमा (२० असोज)सम्म बन्दी प्रत्यक्षीकरणका मुद्दामा मात्र सुनुवाइ हुने जनाएको छ।

२३ अदालतमा क्षति, प्रतिवादीहरू नै संलग्न भएको आशंका

जेन-जी आन्दोलनमा सर्वोच्चसहित २३ अदालतमा क्षति पुगेको छ। त्यसमध्ये १४ वटामा पूर्ण रूपमा क्षति पुगेको छ। सर्वोच्च अदालत, विशेष अदालत, सात उच्च अदालत र १४ जिल्ला अदालतमा क्षति पुगेको हो।

सर्वोच्चसहित उच्च अदालत विराटनगर, जनकपुर उच्च अदालत (राजविराज उच्च अदालत), रूपन्देही उच्च अदालत (तुलसीपुर इजलास)मा पूर्ण रूपमा क्षति भएको छ। मोरङ जिल्ला अदालत, सप्तरी जिल्ला अदालत, सिराहा जिल्ला अदालत, चितवन जिल्ला अदालत, कास्की जिल्ला अदालत, तनहुँ जिल्ला अदालत, दाङ जिल्ला अदालत, बाँके जिल्ला इजलास, कैलाली जिल्ला अदालतमा पूर्ण रूपमा क्षति भएको छ।

विशेष अदालत, उच्च अदालत पोखरा, उच्च अदालत बुटवल, जिल्ला अदालत काठमाडौं, जिल्ला अदालत सिन्धुली, जिल्ला अदालत, रुपन्देही, मकवानपुर जिल्ला अदालत, उच्च अदालत हेटौंडा र कपिलवस्तु जिल्ला अदालतमा आंशिक क्षति भएको छ।

अदालतमा भएका आक्रमणमा फौजदारी मुद्दाका प्रतिवादीहरूसमेत संलग्न भएको आशंका गरिएको छ। काठमाडौं जिल्ला अदालतमा नक्कली भुटानी शरणार्थी प्रकरण, सुन तस्करीजस्ता जघन्य प्रकृतिका अपराधका मुद्दाका फाइल जलेका छन्। जसकारण सोही कोणबाट समेत न्यायाधीशहरूले अदालतमा भएको आक्रमणको अनुसन्धान गर्न प्रहरीलाई सुझाव दिएका छन्।

१० दिनपछि...

पृष्ठ १ बाट क्रमशः

सैनिक हेलिकोप्टरमा शिवपुरी ब्यारेक पुर्‍याइएको थियो।

जेन-जी आन्दोलनबाट सत्ताच्युत भएका ओली अहिलेसम्म मौन छन्। उनलाई राखिएको र छाडिएको स्थानबारे अहिलेसम्म नेपाली सेनाले पनि औपचारिक रूपमा केही बताएको छैन।

शुक्रबार सार्वजनिक गराउने प्रयास

ओलीलाई शुक्रबार संविधान दिवसको अवसर पारेर सार्वजनिक गराउने तयारी छ। संविधान दिवसका अवसरमा पार्टी केन्द्रीय कार्यालय, च्यासलमा आयोजित कार्यक्रममा सार्वजनिक गराइने नेता बस्नेतले बताएका छन्। भक्तपुर एमालेले आयोजना गरेको एक कार्यक्रममा उनले ओलीको सार्वजनिक तयारीबारे जानकारी दिएका हुन्। तर, एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले भने त्यस्तो सम्भावना नरहेको बताए।

'शुक्रबार वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरू र महासचिवलगायतका नेताहरूको उपस्थितिमा औपचारिक कार्यक्रम हुन्छ, अध्यक्ष आउने कार्यक्रम तय भएको छैन,' गौतमले प्रश्न गर्दै भने, 'उहाँ अहिले पार्टीको सम्पर्कमै हुनुहुन्छ, यसको अर्थ कार्यक्रममा आउनुहुन्छ भन्ने होइन, के उहाँ आउँदा राज्यले सुरक्षा दिन सक्छ त ?'

नेता बस्नेतले भने पार्टी कार्यकर्ताले नै सुरक्षा गरेर ओलीलाई कार्यक्रममा उपस्थित गराउने बताउँदै आएका छन्। एमाले भ्रातृ संगठन प्रेस चौतारी नेपालले ओलीकै उपस्थितिमा संविधान दिवसको कार्यक्रम आयोजना हुने भन्दै सञ्चारकर्मीलाई निमन्त्रणा गरेको छ। सुरक्षा संवेदनशीलताका कारण एमालेका नेताहरूले उनको उपस्थितिबारे औपचारिक प्रतिक्रिया दिन मानिरहेका छैनन्। तर, बस्नेतसहित एमालेको संस्थापन पक्षका नेताहरू सकभर सुरक्षा स्थिति हेरेर ओलीलाई कार्यक्रममा उपस्थित गराउने योजनामा छन्।

अस्थायी पार्टी केन्द्रीय कार्यालयका लागि घरको खोजी

एमालेले पार्टीलाई पूर्ववत् सञ्चालनका लागि अस्थायी केन्द्रीय कार्यालय सञ्चालन गर्ने गरी डेराको खोजी सुरु गरेको छ। ललितपुरको च्यासलस्थित केन्द्रीय कार्यालय ध्वस्त हुँदा मर्मतसम्भारबाट पनि तत्काल सञ्चालन हुने सम्भावना क्षीण देखिएका कारण केही महिनाका लागि एमालेले अस्थायी डेरा खोजी गरिरहेको हो। सरकार परिवर्तनसँगै परस्थिति सामान्य बन्दै गएपछि एमाले महासचिव शंकर पोखरेलसहित नेताहरूले टेलिफोन र इमेल सम्पर्ककै माध्यमबाट अनौपचारिक तवरमा केन्द्रीय कार्यालय सञ्चालन गरिरहेका छन्। अब भने अस्थायी संरचनामा डेरा राखेर भए पनि औपचारिक रूपमै कार्यालय सञ्चालन गर्ने योजना बनेको र त्यसका लागि उपयुक्त स्थानमा भवनको खोजी भइरहेको केन्द्रीय कार्यालय सचिव अधिकारीले जानकारी दिए।

'तत्काल केन्द्रीय कार्यालय भवन सञ्चालन हुने सम्भावना छैन, त्यसैले केही महिनाका लागि उपयुक्त स्थानमा अस्थायी केन्द्रीय कार्यालय सञ्चालन गर्ने गरी उपयुक्त भवनको खोजी सुरु गरिरहेका छौं, त्यसका लागि उपत्यकामा रहनुभएका नेता-कार्यकर्ताहरू परिचालित हुनुभएको छ,' अधिकारीले भने।

चुनाव गर्ने...

पृष्ठ १ बाट क्रमशः

वार्ता गरेकी कार्कीसँग नेपालका लागि चिनियाँ राजदूत चेन सङ र अमेरिकी राजदूत डिन आर थम्पसनले छुट्टाछुट्टै भेटवार्ता गरेका छन्। एकैदिन दुई छिमेकी र मित्रराष्ट्र अमेरिकासँगको संवादमा प्रधानमन्त्री कार्कीले २१ फागुनको निर्वाचनका लागि सहयोगको आग्रह गरेकी छिन्।

प्रधानमन्त्री कार्कीले भारतीय समकक्षी मोदीसँग प्रधानमन्त्री कार्यालयबाट मोबाइलमा करिब २० मिनेट कुराकानी गरेकी थिइन्। प्रधानमन्त्री कार्कीलाई मोदीले नयाँ जिम्मेवारीका लागि बधाई दिएका थिए भने प्रधानमन्त्री मोदीलाई कार्कीले ७५औं जन्मदिनको शुभकामना दिएकी थिइन्। आगामी दिनमा नेपाल-भारतबिचको ऐतिहासिक तथा घनिष्ठ सम्बन्ध थप सुदृढ हुने उनीहरूको विश्वास छ।

संवेदनशील घडीमा भारत नेपालसँग ऐक्यबद्ध रहेको मोदीले बताएको परराष्ट्र मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। 'प्रधानमन्त्री कार्कीले भारतीय प्रधानमन्त्रीबाट व्यक्त गरिएको ऐक्यबद्धताप्रति कृतज्ञता प्रकट गर्नुभयो,' परराष्ट्रले भनेको छ, 'हालै भएको जेन-जी आन्दोलनको सन्देश आत्मसात गर्दै वर्तमान सरकारको प्रमुख प्राथमिकता निर्वाचन रहेको स्पष्ट पार्नुभयो।'

संवादमा कार्कीले युवाहरूको आकांक्षा प्रतिनिधित्व गर्दै जवाफदेही, उत्तरदायी र भ्रष्टाचारमुक्त सुशासनमा दृढ प्रतिबद्धता व्यक्त गरेकी थिइन्। परराष्ट्रका अनुसार मोदीले नेपालको सरकारका प्राथमिकताअनुसार भारतको पूर्ण सहयोग र समर्थन रहने विश्वास दिलाएका छन्। 'भारतीय प्रधानमन्त्री मोदीले नेपालको सरकारका प्राथमिकताअनुसार भारतको पूर्ण सहयोग र समर्थन रहने विश्वास दिलाउनुभयो,' परराष्ट्रले भनेको छ।

प्रधानमन्त्री कार्कीले नेपाल-भारतबिचको ऐतिहासिक तथा घनिष्ठ सम्बन्ध थप सुदृढ हुने विश्वास व्यक्त गरेका छन्। 'दुवै प्रधानमन्त्रीले दुई देशका जनताको हितका लागि द्विपक्षीय सहयोग र साझेदारीको बलियो गतिलाई निरन्तरता दिने प्रतिबद्धता पुनः पुष्टि गर्नुभयो,' परराष्ट्रको विज्ञप्तिमा छ।

यस्तै, भारतीय प्रधानमन्त्री मोदीले शान्ति पुनर्स्थापित गर्ने प्रयासमा भारतको दृढ समर्थन रहेको बताएका छन्। 'नेपालको अन्तरिम सरकारका प्रधानमन्त्री श्रीमती सुशीला कार्कीसँग न्यानो कुराकानी भयो। हालै नेपालमा भएका घटनाहरूमा भएको दुःखद निधनप्रति हार्दिक समवेदना व्यक्त गर्दै शान्ति र स्थिरता पुनर्स्थापित गर्ने उहाँ (कार्की)को प्रयासमा भारतको दृढ समर्थन रहेको कुरामा जोड दिएँ,' मोदीले टेलिफोन संवादपछि एक्समा लेखेका छन्, 'साथै, भोलि (शुक्रबार) हुने राष्ट्रिय दिवस (संविधान दिवस)को अवसरमा उहाँ र नेपाली जनतालाई हार्दिक शुभकामना व्यक्त गरें।'

भारतको प्रेस तथा सूचना ब्युरो (पिआइबी)ले बिहीबार जारी गरेको विज्ञप्तिमा मोदीले भारत सरकार र भारतीय जनताको तर्फबाट कार्कीलाई शुभकामना दिएको उल्लेख छ। 'प्रधानमन्त्री (मोदी)ले दुई देशबिचको विशेष सम्बन्धलाई थप सुदृढ पार्न सदैव मिलेर काम गर्न भारत तत्पर रहेको, शान्ति र स्थिरता पुनर्स्थापना तथा नेपाली जनताको प्रगतिका लागि नेपालको प्रयासमा भारतको पूर्ण समर्थन व्यक्त गर्नुभयो,' पिआइबीको विज्ञप्तिमा छ।

प्रधानमन्त्री कार्कीले दुई देशबिचको सम्बन्धलाई अझ सुदृढ पार्ने मोदीको इच्छालाई समर्थन गरेकी छिन्। 'दुवै प्रधानमन्त्रीले निरन्तर सम्पर्कमा रहने सहमति जनाउनुभयो,' पिआइबीको विज्ञप्तिमा उल्लेख छ।

चिनियाँ र अमेरिकी राजदूतको भेट, बिआरआई र एमसिसीमा प्रतिबद्धता

बिहीबार भारतीय प्रधानमन्त्री मोदीसँग टेलिफोन वार्ता सकिएलगत्तै नेपालका लागि चिनियाँ राजदूत चेन सङ र अमेरिकी राजदूत डिन आर थम्पसनले प्रधानमन्त्री कार्कीसँग बेग्लाबेग्लै शिष्टाचार भेट गरेका छन्। दुवै राजदूतलाई प्रधानमन्त्री कार्कीले आगामी ६ महिनाभित्र चुनाव गर्ने सरकारको लक्ष्यमा सहयोग गर्न आग्रह गरेकी छिन्। साथै, प्रधानमन्त्री कार्कीले चिनियाँ बिआरआई तथा अमेरिकी एमसिसी परियोजना कार्यान्वयनमा प्रतिबद्धता जनाएकी छिन्।

जानकार अधिकारीका अनुसार प्रधानमन्त्री कार्कीले नेपाल एक चीन सिद्धान्तप्रति प्रतिबद्ध रहेको उल्लेख गर्दै नेपाली भूमि चीनविरोधी गतिविधिमा दुरुपयोग हुन नदिने प्रतिबद्धता जनाएकी छिन्। कार्कीले बिआरआईअन्तर्गतका परियोजनाहरू कार्यान्वयनमा पनि प्रतिबद्धता जनाएकी छिन्। तिब्बती धर्मगुरु दलाई लामा र निर्वासित सरकारका प्रमुख पेन्पा छिरिङले प्रधानमन्त्री कार्कीलाई बधाई सन्देश जारी गरेको सन्दर्भमा प्रधानमन्त्री कार्कीले एक चीन सिद्धान्तप्रति प्रतिबद्धता दोहोर्‍याएकी छिन्।

परराष्ट्रले प्रधानमन्त्रीसँग चिनियाँ राजदूतको भेटमा नेपाल-चीन सम्बन्धलाई थप मजबुत पार्ने तथा पारस्परिक लाभदायक सहकार्यलाई प्रवर्द्धन गर्ने विषयमा छलफल भएको जनाएको छ। चिनियाँ राजदूत सङले चीन सरकारका तर्फबाट प्रधानमन्त्री कार्कीको नियुक्तिप्रति बधाई सन्देश हस्तान्तरण गरेका थिए। 'चीनले नेपाली जनताले रोजेको राजनीतिक र विकास मार्गप्रति सम्मान गर्दछ र नेपालको विकास र समृद्धिको आकांक्षामा निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछ,' चिनियाँ सन्देशलाई उद्धृत गर्दै परराष्ट्र मन्त्रालयले जनाएको छ।

राजदूत सङले प्रधानमन्त्री कार्कीसँगको भेटबारे एक्समा तस्बिरसहितका विवरण राखेका छन्। 'प्रधानमन्त्री सुशीला कार्कीसँग भेट गर्न पाउँदा निकै खुसी लाग्यो। हामीले बधाई ज्ञापन गर्दै हाम्रो मित्रता र सहकार्यलाई अझ प्रगाढ बनाउने विषयमा विचारविमर्श गर्‍यौं र सहमति जनायौं,' राजदूत सङले एक्समा लेखेका छन्। परराष्ट्र मन्त्रालय र राजदूत सङले बिआरआई, एक चीन सिद्धान्तलगायत छलफलका विषय भने सार्वजनिक गरेका छैनन्।

अमेरिकी राजदूतलाई शिष्टाचार भेट दिँदै प्रधानमन्त्री कार्कीले मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) अन्तर्गतका परियोजना कार्यान्वयनमा प्रतिबद्धता जनाएकी छिन्। परराष्ट्र मन्त्रालयका अनुसार राजदूत थम्पसनले नेपालको विकासको आकांक्षामा सहयोग पुर्‍याउने अमेरिकी सरकारको प्रतिबद्धता व्यक्त गरेका छन्।

भेटवार्तापछि राजदूत थम्पसनले एमसिसीलगायतका परियोजना र सहकार्य अघि बढाउने विषयमा कुराकानी गरेको एक्समा उल्लेख गरेका छन्। 'नेपालको शान्तिपूर्ण र लोकतान्त्रिक मार्गप्रति अमेरिकी समर्थन पुनः पुष्टि गरें,' राजदूत थम्पसनले लेखेका छन्, 'नेपाल-अमेरिका साझेदारीको ७८ वर्षभन्दा लामो इतिहासका आधारमा हामीले व्यापार प्रवर्द्धन, आर्थिक वृद्धिको सुदृढीकरण, विपत् पूर्वतयारी र दुवै मुलुकको हित एवं समृद्धिमा योगदान पुर्‍याउन एमसिसी नेपाल कम्प्याक्टलाई अगाडि बढाउने विषयमा छलफल गर्‍यौं।'

१० वर्षपछि संविधान दिवसमा मोदीको सार्वजनिक शुभकामना

नेपालले संविधान जारी गरेको १० वर्षपछि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संविधान दिवसको उपलक्ष्यमा सार्वजनिक शुभकामना दिएका छन्। बिहीबार प्रधानमन्त्री सुशीला कार्कीसँगको टेलिफोन संवादमा मोदीले अग्रिम शुभकामना दिएका हुन्। नेपालले संविधान दिवसलाई राष्ट्रिय दिवसका रूपमा मनाउँदै आएको छ।

'भोलि (शुक्रबार) हुने राष्ट्रिय दिवसको अवसरमा उहाँ (प्रधानमन्त्री सुशीला कार्की) र नेपाली जनतालाई हार्दिक शुभकामना व्यक्त गरें,' प्रधानमन्त्री मोदीले एक्समा बिहीबार लेखेका छन्। परराष्ट्र मन्त्रालय तथा भारतको प्रेस सूचना ब्युरोले बिहीबार टेलिफोन वार्ताबारे जारी गरेका अलग-अलग विज्ञप्तिमा पनि मोदीले राष्ट्रिय दिवसमा शुभकामना दिएको उल्लेख छ।

२०७२ असोज ३ मा संविधान जारी भएपछि भारतले त्यसलाई नोट गरेको विज्ञप्ति जारी गर्दै भोलिपल्टदेखि नाकाबन्दी गरेको थियो। नाकाबन्दी त्यही वर्ष २१ माघमा हटेको थियो। यद्यपि, भारतले संविधान जारी भएपछिको स्थानीय तहको निर्वाचन र संसदीय निर्वाचनहरूमा सहयोग तथा समर्थन जनाउँदै आएको थियो।

परराष्ट्र स्रोतका अनुसार नेपालको संविधान दिवस (राष्ट्रिय दिवस)मा हरेक वर्ष भारतका राष्ट्रपति, प्रधानमन्त्री र विदेशमन्त्रीबाट नेपाली समकक्षीहरूलाई शुभकामना सन्देशको पत्र आइरहेको छ। यो मोदीको सार्वजनिक बधाई मात्रै पहिलो हो। नयाँ दिल्लीस्थित नेपाल-भारत सम्बन्धका जानकार डा. निहार नायकले टेलिफोनमा भने, 'भारतले निर्वाचनमा गर्दै आएको समर्थन र सहयोगलाई नेपालको संविधानलाई नै समर्थन गरेको रूपमा बुझ्नुपर्ने,' बताए।

चुनाव हुन नदिएर...

पृष्ठ १ बाट क्रमशः

आगामी २१ फागुनमा प्रतिनिधिसभा निर्वाचनको मिति घोषणा गरेको छ।

अहिले देशले सबै लोकतन्त्रवादी, गणतन्त्रवादी, परिवर्तनप्रेमी शक्तिबिच दह्रो एकता खोजेको प्रचण्डको भनाइ छ। 'लोकतन्त्रको विकल्प अझ उन्नत लोकतन्त्र हो। इतिहासको चिहानमा मिल्काइएकाहरूले युवापुस्ताको परिवर्तनको चाहनालाई उपयोग गरेर जनताका उपलब्धि उल्ट्याउन चाहेका छन्। त्यसैले अहिले देशले सबै लोकतन्त्रवादी, गणतन्त्रवादी, परिवर्तनप्रेमी शक्तिबिच दह्रो एकता खोजेको छ,' उनले भनेका छन्। संविधान र लोकतन्त्रको रक्षामार्फत राष्ट्रको स्वतन्त्रताको रक्षा गर्नु सबै नेपालीको कर्तव्य भएको प्रचण्डको भनाइ छ।

जेन-जी आन्दोलनलाई समयमै विवेकपूर्वक सम्बोधन गर्न नसक्दा मुलुक अहिले तरल अवस्थामा पुगेको प्रचण्डको भनाइ छ। कांग्रेस र एमालेको नेतृत्वलाई जनताको आक्रोशसँग नखेल्न आफूले पटक-पटक खबरदारी गरे पनि बेवास्ता गरिएको उनको आरोप छ।

'प्रधानमन्त्रीका रूपमा या प्रमुख प्रतिपक्षी दलको नेताका रूपमा मैले कांग्रेस-एमालेको नेतृत्वलाई जनताको आवेश र आक्रोशसँग नखेल्न निरन्तर खबरदारी गरिरहें। संसद्बाट मात्रै होइन, सडकबाट पनि पटक-पटक लाखौं जनतालाई साक्षी राखेर भनिराख्यौं,' प्रचण्डले भिडियो सन्देशमा भनेका छन्, 'श्रीलंका र बंगलादेशको संकट संसद्मा संख्याको संकट थिएन। त्यसैले दुईतिहाइको घमण्डबाट बाहिर निस्कन मैले सुझाव दिइरहें। सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्धको पनि हामीले विरोध गरिरह्यौं। प्रतिपक्षका रूपमा संसद्मा हाम्रो जत्रो आकार थियो, त्योभन्दा धेरै ठुलो प्रतिरोध हामीले गर्‍यौं।'

जेन-जी आन्दोलनलाई माओवादीले सुरुमै समर्थन गरेको प्रचण्डले बताए। आफूहरूले संविधान निर्माणका क्रममा राखेका फरक मत अहिले जेन-जी आन्दोलनका एजेन्डासँग मिल्ने उनको भनाइ थियो। 'राजनीतिक दलका रूपमा जेन-जी आन्दोलनको मागमा पहिलो समर्थन हामीले नै गर्‍यौं। आन्दोलनमा चरम दमन भएपछि २३ गते साँझ नै हामीले प्रधानमन्त्रीको राजीनामा माग्यौं,' उनले भनेका छन्, 'संसद् विघटनको विधि र प्रक्रियामा असहमत हुँदाहुँदै पनि अन्तरिम सरकारको नेतृत्व चयनमा प्रचण्ड र माओवादीले कस्तो भूमिका खेल्यो त्यो सबैमा स्पष्ट छ। म यति भन्छु- जेन-जी आन्दोलन माओवादी जनक्रान्तिले सम्झौताको टेबुलबाट पूरा गर्न नसकेको एजेन्डाहरूकै अभिव्यक्तिहरू हुन्।'

संविधान निर्माणका क्रममा संविधानसभामा अंक नपुगेपछि आफूहरूले लिखित फरक मत दर्ज गरेको प्रचण्डले स्मरण गरेका छन्। '१० वर्षअघि हामीले दर्ज गरेका फरक मत र अहिले जेन-जी आन्दोलनले राखेका मागमा समानता छ। त्यतिखेर संविधानसभामा हाम्रो संख्या पुगेन। तर, हामीले हाम्रा असहमतिहरू लिखित फरक मतका रूपमा इतिहासको अदालतमा दर्ज गरेका थियौं,' उनले भनेका छन्, 'अहिले जेन-जीले मागेको प्रत्यक्ष निर्वाचित कार्यकारी हाम्रो त्यतिवेलैको सबैभन्दा मुख्य फरक मत थियो। पैसाको खोलो बग्ने र भुइँमान्छेले लड्नै नसक्ने अहिलेको निर्वाचन प्रणाली हामीले भत्काउन चाहेका थियौं। हामी पूर्ण समानुपातिक निर्वाचन प्रणालीका पक्षमा थियौं।'

त्यतिखेर माओवादीका फरक मत स्वीकार गर्दै कार्यान्वयन गरिएको भए अहिलेको अवस्था नआउने प्रचण्डको आकलन छ। 'पछिल्ला घटनाक्रम हेर्दा कताकता यस्तो लाग्छ- हाम्रा फरक मतहरू त्यतिवेलै स्वीकार गरिन्थ्यो र त्यसको सफल कार्यान्वयन हुन्थ्यो भने आज युवाहरूले विद्रोह गर्नुपर्ने र रगत बगाउनुपर्ने अवस्था सिर्जना नहुन पनि सक्थ्यो,' उनले भनेका छन्, 'परम्परागत दलहरूले युवाहरूको आवाज सुन्न ढिलो गर्दा १० वर्ष लामो जनयुद्धमा ठुलो क्षति भयो र अहिले जेन-जी आन्दोलनमा पनि ठुलो मूल्य चुकाउनुपर्‍यो।'

जेन-जी आन्दोलनको बलमा त्यही संसद्बाट प्रत्यक्ष निर्वाचित कार्यकारी हुने शासकीय स्वरूपमा जाने गरी संविधान संशोधन सम्भव भए पनि त्यसो हुन नसक्दा ऐतिहासिक उपलब्धि हासिल हुनबाट चुकेको प्रचण्डको भनाइ छ। 'देशका अरू आवश्यकता र औचित्यका आधारमा संविधान संशोधन गर्न सकिन्थ्यो। त्यसपछि बरु संसद् विघटनबारे सोच्न सकिन्थ्यो। तर, आज जेन-जी आन्दोलनको उपलब्धि केवल अन्तरिम सरकार र निर्वाचनको घोषणामा सीमित भयो, शासकीय स्वरूप नै बदल्ने र इतिहास रच्ने मौका फेरि पनि गुम्यो,' उनले भनेका छन्।

जेन-जी आन्दोलन लोकतन्त्रविरोधी नभएर यथास्थितिवादी र तदर्थवादी शासन प्रणालीको विरोधी र उन्नत लोकतन्त्रको पक्षधर रहेको प्रचण्डले बताएका छन्। २३ भदौको आन्दोलन वास्तविक जेन-जी आन्दोलन भए पनि २४ भदौमा सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवनलगायत देशभरका भौतिक संरचनामाथि ध्वंस मच्चाउने कार्यमा प्रतिगमनकारी र आपराधिक तत्त्वहरू संलग्न रहेको उनको भनाइ छ।

विगतमा आफूहरूबाट पनि कमजोरी भएको प्रचण्डले स्वीकार गरेका छन्। 'हामीबाट पनि कमी-कमजोरी भएका छन्। व्यवहारमा कहीं न कहीं चुकेका हौं,' उनले भनेका छन्, 'सच्चिँदै छौं, अझै सच्चिन्छौं।'

३३ जिल्लाका ३५ कारागारमा आगजनी र तोडफोड

क्षतिको भौतिक विवरण संकलन, तर मूल्यांकन हुन बाँकी, आठ हजार ६६२ कैदीबन्दी अझै फरार

■ कारागार व्यवस्थापन विभागका महानिर्देशक **लीलाप्रसाद शर्मा** भन्छन्-



आन्दोलनका क्रममा २८ जिल्लाका ३५ कारागारमा क्षति पुगेको छ। केही कारागारमा ताल्चा मात्रै फोरिएका छन्। केही भने बस्नै नहुने गरी ध्वस्त पारिएका छन्। क्षति भएका सबै कारागारका भौतिक विवरण संकलन भएका छन्, तर मूल्यांकन हुन सकेका छैनन्। यसका लागि प्राविधिक जाँचको आवश्यकता पर्ने भएकाले टोली खटाउने तयारी छ।



डिल्लीबजार कारागारबाट कैदी भाग्न थालेपछि सुरक्षा दिँदै नेपाली सेना

टेकराज थामी/नयाँ पत्रिका

जेन-जी आन्दोलनका क्रममा विभिन्न ३३ जिल्लाका ३५ कारागारमा आगजनी तथा तोडफोड भएका छन्। कारागार व्यवस्थापन विभागका अनुसार ललितपुरको नक्खु, कैलाली, काठमाडौंको डिल्लीबजार, मकवानपुरको भीमफेदी, तनहुँ र सुनसरीको कारागारमा सबैभन्दा ठुलो क्षति पुगेको छ। ती कारागारमा तोडफोडका साथै आगजनी पनि गरिएकाले ठुलो क्षति हुन पुगेको हो। बाँकी २९ कारागारमा भने तोडफोड मात्रै गरिएका छन्।

क्षतिको भौतिक विवरण संकलन गरिए पनि मूल्यांकन भने अझै हुन सकेको छैन। विभागका महानिर्देशक लीलाप्रसाद शर्माले आन्दोलनका क्रममा मुलुकका ३३ जिल्लाका ३५ कारागारमा आंशिकदेखि सघन क्षति पुगेको बताए। क्षतिको विवरण संकलन हुन अझै केही दिन लाग्ने उनको भनाइ छ। 'जेन-जी आन्दोलनका क्रममा २८ जिल्लाका ३५ कारागारमा क्षति पुगेको छ। केही कारागारमा ताल्चा मात्रै फोरिएका छन्। केही भने बस्नै नहुने गरी ध्वस्त पारिएका छन्। क्षति भएका सबै कारागारका भौतिक विवरण संकलन भएका छन्। तर, मूल्यांकन हुन सकेका छैनन्। यसका लागि प्राविधिक जाँचको आवश्यकता पर्ने भएकाले टोली खटाउने तयारी छ,' उनले भने।

विभागका अनुसार आन्दोलनका क्रममा ३५ मध्ये सबैभन्दा धेरै क्षति नक्खु कारागारमा पुगेको छ। कारागारको मूलगेट र भेटघाट कक्ष पूर्ण क्षति भएको छ। कारागारभित्र राखिएका एउटा बस, एउटा पिकअप र २०१ वटा मोटरसाइकल जलेर पूर्ण रूपमा नष्ट भएका छन्। ती साधन कारागारभित्र रहेको मनोसामाजिक बन्दी अस्पतालको हो। जनपथ र सशस्त्र प्रहरीको कारागार सुरक्षा बेस भवन र ती भवनमा रहेका फर्निचर, कम्प्युटर, प्रिन्टर जलेर नष्ट भएका छन्। बन्दीगृहभित्रको कम्प्युटर, टेलिफोन, टेलिभिजन पूर्ण रूपमा जलाइएको छ। कारागारभित्र जडान गरिएका सबै सिसिक्यामरा नष्ट गरिएका छन्। खानेपानी ट्यांकीसमेत तोडफोड गरिएको छ।

आन्दोलनका क्रममा सुन्धारास्थित केन्द्रीय कारागारमा पनि क्षति पुगेको छ। विभागका अनुसार कारागारको तीनवटा गेटमा क्षति पुगेको छ। हार्डडिस्कसहित ६ वटा सिसिक्यामरा, तीनथान कम्प्युटर चोरी भएको छन्। कारागार भवनको सातवटा झ्यालमा क्षति, टेबुल, कुर्सी, बेन्च, गरी ५२ थान सामग्रीमा तोडफोड भएका छन्। डिल्लीबजारस्थित सदरखोर कारागारको प्रशासनिक भवन, फर्निचर, कम्प्युटर, कार्यालयका कागजात जलेका छन्। सुरक्षा ब्यारेक, जेलको ठुलो ब्लक, मूलगेट र तीनवटा सहायक गेटमा तोडफोड गरिएको छ। त्यसबाहेक हार्डडिस्कसहितको सिसिक्यामरामा तोडफोड गरिएको छ। कैलालीस्थित कारागार रहेको १४ सिटे गाडी, टेलिभिजन भिडियो कन्फरेन्स सिस्टम, टेबुल, कुर्सी, स्टिल दराज, कैदीबन्दीसम्बन्धी अभिलेख, मनिटरसहित सिसिक्यामरामा तोडफोड तथा आगजनी भएका छन्।

भुम्का कारागारमा ब्लकहरूको केही ताला तोडिएका, म्याग्दी र कपिलवस्तु कारागारमा केही ताल्चा फुटाएको तथा जाजरकोट कारागारमा बन्दीगृहको पर्खाल भत्काएको विभागले जनाएको छ।

■ साढे १४ हजार कैदीबन्दी भागेकामा झन्डै ६ हजार नियन्त्रणमा

फरारमध्ये लागुऔषध र जबर्जस्ती करणी कसुरका धेरै

विभागका अनुसार तोडफोड तथा आगजनीपछि २८ वटा कारागारबाट १४ हजार ५५५ कैदीबन्दी फरार भएका थिए। त्यसमध्ये पाँच हजार ८९३ कैदीबन्दी कारागारको नियन्त्रणमा आएका छन्। बाँकी आठ हजार ६६२ कैदीबन्दी भने फरार छन्। फरारमध्ये ९६४ बाल सुधारगृहका कैदीबन्दी हुन्। बाँकी १३ हजार ५९१ भने वयस्क कैदीबन्दी हुन्। विभागका महानिर्देशक शर्माका अनुसार फरार रहेका कैदीबन्दी सबैभन्दा धेरै लागुऔषध र जबर्जस्ती करणी कसुरका छन्। 'मुलुकभरका जेलमा झन्डै ६८ प्रतिशत कैदीबन्दी लागुऔषध कसुरका छन्। फरार हुने पनि उनीहरू नै धेरै छन्। त्यसपछि जबर्जस्ती करणी कसुरका कैदीबन्दी धेरै फरार भएका छन्,' उनले भने। कारागार तोडफोडपछि भाग्ने क्रममा १० कैदीबन्दीको मृत्यु भएको छ। भाग्ने क्रममा सेना र प्रहरीको गोली लागेर भक्तपुरको बाल सुधारगृहमा पाँच, रामेछापको कारागारमा तीन र धादिङ कारागारमा दुईजनाको मृत्यु भएको थियो।

■ कुन कारागारमा कति क्षति ?

कारागार	क्षति
नक्खु ललितपुर	मूलगेट र भेटघाट कक्ष पूर्ण क्षति, बस १, पिकअप १, मोटरसाइकल २०१ थान (मनोसामाजिक बन्दी अस्पतालको) जली नष्ट भएको, जनपथ र सशस्त्र प्रहरीको कारागार सुरक्षा बेस भवन र सो भवनमा रहेका फर्निचर, कम्प्युटर, प्रिन्टर जलेर नष्ट भएको, बन्दीगृहभित्रको कम्प्युटर, टेलिफोन, टेलिभिजन पूर्ण रूपमा जलाइएको, सम्पूर्ण सिसिक्यामरा नष्ट भएको, खानेपानी ट्यांकी तोडफोड गरी नष्ट
कैलाली	१४ सिटको चारपांग्रे १ सवारी साधन, टिभी भिडियो कन्फरेन्स सिस्टम, टिभी टेबुल, कुर्सी, स्टिल दराज, कैदीबन्दीसम्बन्धी अभिलेख, मनिटरसहित सिसिक्यामरामा तोडफोड तथा आगजनी
डिल्लीबजार	प्रशासनिक भवन र सो भवनमा रहेका फर्निचर, कम्प्युटर, कार्यालयका कागजात जलेको, सुरक्षा ब्यारेक जलेको, जेलको ठुलो ब्लक जलेको, मुख्य गेट र ३ वटा सहायक गेट, हार्डडिस्कसहित सिसिक्यामरा तोडफोड भएको
मकवानपुर	२६ सिटको यस पूर्ण रूपमा क्षति भएको, १४ सिटको भ्यान आंशिक क्षति, कार्यालय भवन र सो भवनमा रहेका फर्निचर मेसिन, कागजातमा आगजनी भएको, मुख्य गेटमा क्षति, कर्मचारी आवासमा रहेका पाँचवटा कोठामा क्षति, दुईटा सुरक्षा आवासमा क्षति, सिसिक्यामरा तोडफोड
तनहुँ	कार्यालय भवनको तल्लो तला जलेको, चारपांग्रे सवारीसाधन १ मा तोडफोड, कार्यालयका अभिलेख, भर्पाईलगायत कागजात जलेर नष्ट भएको, कम्प्युटर, फर्निचर र सो कोठामा रहेका अन्य फर्निचरलगाय सम्पूर्ण सामान तोडफोड, प्रहरीका चारवटा सुरक्षा पोस्ट तोडफोड, ब्लक ८ को भित्रि गेट तोडफोड, महिला ब्लकको गेटमा क्षति, सिसिक्यामरा तोडफोड
सुनसरी	भवनको झ्याल तोडफोड, पर्खालको केही भाग भत्काएको, ब्लक भवनमा रहेको १५ कोठामध्ये आठवटा कोठाका फर्निचर, झ्यालढोका, भाँडाकुँडा, टेलिभिजन आगजनी भएको, दुई थान सोफा तोडफोड र दुईवटा भित्री गेट तोडफोड भएको
महोत्तरी	ग्रिलगेट चारवटा फुटाएको, सवारीसाधन चारपांग्रेमा सामान्य तोडफोड, कार्यालयको ढोका सामान्य तोडफोड, ६ वटा सिसिक्यामरा तोडफोड, कारागारभित्रको पसलका सामान र नगद लुटपाट
सर्लाही	मुख्य गेट, टेलिफोन कोठाको झ्यालढोका, कुर्सी, टेबुल, ह्यान्ड पाइप, पानीको पाइप तोडफोड, सिसिक्यामरा फुटाएको, सिरक, डसना, गलैँचा बुन्ने सामग्री जलाएको
रौतहट	मुख्य गेट, भित्री गेट ६ वटा, रेलिङ, धाराको पाइप ह्यान्डपाइपमा क्षति पुऱ्याएको
सिन्धुली	चारपांग्रे सवारीसाधन २, सिसा फुटाएका, कुर्सी, टेबुल, मुख्य गेट र चेन गेट पाँचवटा, सिसिक्यामरा २५ वटा तोडफोड, महिला ब्लकको धाराको टुटी, ट्वाइलेटको प्यान तोडफोड र लुगाफाटो जलाएको, सुरक्षा पर्खाल फुटाएको
रसुवा	सि.सि. क्यामरा ७ वटा, ४ वटा बेन्च, मुख्य गेट, चेन गेट, रेलिङ (भेटघाट कक्षको फलामको बार) तोडफोड भएको
कास्की	कार्यालय भवन, कम्प्युटर पूर्ण रूपमा क्षति, दुईवटा, चारपांग्रे सवारीसाधनमा र मोटरसाइकलमा तोडफोड, सिसिक्यामरा र हार्डडिस्क तोडफोड, ब्लक ६ को गेट तोडफोड, मोबाइल, टेबुल, कुर्सी
पर्वत	दुईवटा टेलिफोन सेट तोडफोड, हार्डडिस्क, मनिटर र सिसिक्यामरा तोडफोड
तुल्सीपुर दाङ	मुख्य गेट सामान्य तोडफोड, अन्दाजी १० वटा सिसिक्यामरा तोडफोड, केही ताल्चा फुटाएको
नेपालगन्ज, बाँके	भेटघाट कक्षमा सामान्य तोडफोड, तीनवटा कुर्सी र एकवटा बेन्च तोडफोड र अन्दाजी चारवटा सिसिटिभी
नौबस्ता, बाँके	कारागारतर्फ सिसिक्यामरा बोर्ड तारसहित फुटाएको, मुख्य गेटमा सामान्य तोडफोड, बिजुलीका तार, भल्बमा क्षति पुऱ्याएको, बालसुधारतर्फ २५ वटा सिसिक्यामरा र हार्डडिस्कमा क्षति, हेलोजिन लाइट तोडफोड
रुकुम पश्चिम	दुईवटा भित्री गेट, मुख्य गेट एकवटा तोडफोड, भाँडाकुँडा र टेलिफोनमा क्षति, केही ताल्चा फुटाएको
बर्दघाट	एकटा सिसिक्यामरा, पाँच थान टिभी र बिजुलीको भल्बमा क्षति, बन्दीगृहको झ्याल, पसा तोडफोड, मेन गेट आंशिक क्षति, दुईवटा सिसिक्यामरा र तीनवटा ढोका फुटाएको, ५-६ वटा ताल्चा फुटाएको
दार्चुला	मेन गेटमा आंशिक क्षति, दुईवटा सिसिक्यामेरा र तीनवटा ढोका फुटाएको
बैतडी	बन्दीगृहको जस्तापाता भत्काएको, चौकीदार बस्ने कोठा, कोठाको सिरक, डसना, भाँडाकुँडा, प्यान, टिभी, कुर्सी, टेबुल तोडफोड भएको, मुख्य गेट र भित्रि गेटमा क्षति पुऱ्याएको
डडेल्धुरा	मोटरसाइकलमा सामान्य तोडफोड, झ्याल एक, च्यानल गेट दुई, फर्निचर, टिभी बेन्चमा तोडफोड
कञ्चनपुर	मुख्य गेटसहित तीनवटा गेटमा क्षति, टिभी, टेलिफोन, फ्रिज, फर्निचर पट्टा र खाद्यान्न चोरी भएको, आन्तरिक चमेनागृह र पसल लुटपाट र तोडफोड, केही ताल्चा फुटाएको
जगन्नाथदेवल	तीनवटा गेटमा क्षति, हार्डडिस्कसहित ६ वटा सिसिक्यामरामा क्षति, तीन थान कम्प्युटर चोरी भएको, एक थान तोडफोड, पुरानो सवारीसाधनमा सामान्य क्षति, सातवटा झ्यालमा क्षति, टेबुल, कुर्सी, बेन्च गरी ५२ थान तोडफोड, सुरक्षाकर्मी बस्ने भवनमा सामान्य क्षति, फर्निचर, सोफालगायत सामानमा तोडफोड भएको
अर्घाखाँची	च्यानल गेट तीनवटा, भेटघाट कक्षको झ्यालढोका, खेलकुद र मनोरञ्जनका सामग्री, १० वटा सिसिक्यामेरा, चारवटा काठका टेबुल, १० वटा प्लास्टिकका कुर्सी, बाह्य सुरक्षा पर्खाल
बाजुरा	बन्दीगृहको भित्री ढोका, मूल पर्खाल, सिसिक्यामेरा, फर्निचर, टिभी भाँडाकुँडा तोडफोड
नवलपरासी पश्चिम	६ थान सिसिक्यामेरा टेलिफोन, कम्प्युटर, टेलिफोन दराजलगायत
बागलुङ	फलामको च्यानल गेट दुईवटा, १२ थान प्लास्टिकको कुर्सी, टेबुल तीन, फ्रिज र सुझावपेटिका
अछाम	चारवटा सिसिक्यामेरा भित्री गेट एक, बन्दीगृहको पर्खालको भित्तामा क्षति
सोलुखुम्बु	तीनवटा च्यानल गेट र कम्पाउन्डको काँडेतार पूर्ण क्षति, तीनवटा च्यानल गेटमा आंशिक क्षति र ताल्चा तोडिएको
काभ्रेपलाञ्चोक	स्वास्थ्य जाँचकक्ष, पुस्तकालय, किराना पसलको भौतिक संरचना पूर्ण रूपमा क्षति, ब्लक बीको पर्खाल चर्किएको, जस्तापाता पूर्ण क्षति भएको र ज्यालाबापत बाँडुन बाँकी नगदसमेत जलेको
सप्तरी	ग्रिलगेट चारवटा फुटाएको, सवारीसाधन चारपांग्रेमा सामान्य तोडफोड, कार्यालयको ढोका सामान्य तोडफोड, ६ वटा सिसिक्यामरा तोडफोड, कारागारभित्रको पसलका सामान र नगद लुटपाट

संक्षेप

आन्दोलनमा मृत्यु भएकालाई कोशी सरकारले एक लाख दिने

विराटनगर/ कोशी प्रदेश सरकारले जेन-जी आन्दोलनमा ज्यान गुमाएका परिवारलाई एक लाख रुपैयाँ उपलब्ध गराउने र घाइतेको निःशुल्क उपचार गर्ने निर्णय गरेको छ। बिहीबार बसेको कोशी प्रदेशको मन्त्रिपरिषद्को १६औँ बैठकले जेन-जी भ्रष्टाचार उन्मूलन र सुशासनको मागलाई सहयोग गर्ने पनि निर्णय गरेको छ। आन्दोलनका क्रममा प्रदेशका मन्त्रालय, कार्यालय, भवन, उपकरण, सवारीसाधनलगायतमा भएको समग्र क्षतिको मूल्यांकन गर्न भौतिक पूर्वाधार तथा विकास मन्त्रालयलाई ९ असोजसम्मको समयसीमा तोकेको छ। पुनर्निर्माणका लागि कोशी सरकारले चालू बजेटबाट पाँच लाख रुपैयाँभन्दा कम लागतका सम्पूर्ण पुँजीगत योजना स्थगित गर्ने निर्णय गरेको छ। तालिम, गोष्ठी, सेमिनारजस्ता कार्यक्रम स्थगित गरी पुनर्निर्माणका लागि स्रोत व्यवस्थापन गर्न, स्वास्थ्य, सामाजिक विकास तथा कृषि तथा भूमि सुधार मन्त्रालयमा रहेको अस्थायी दरबन्दीलाई गत आर्थिक वर्षकै आधारमा निरन्तरता दिने पनि निर्णय गरेको छ।

छत्रमानको निधनले शोकमा चुङमाङ गाउँ

धनकुटा/ जेन-जी आन्दोलनका क्रममा पाख्रीवास नगरपालिका- १० चुङमाङका छत्रमान कुथुमी राईले ज्यान गुमाएपछि उनको गाउँ शोकमा डुबेको छ। काठमाडौंको चन्द्रागिरि नगरपालिका- १२ बलम्बुमा डेरा गरी बस्दै आएका ६४ वर्षीय छत्रमानको २३ भदौमा प्रहरीको गोली लागेर मृत्यु भएको थियो। राईको शव धनकुटा ल्याएर चुङमाङस्थित घरनजिकै बारीमा बुधबार किराँत संस्कारअनुसार अन्त्येष्टि गरिएको पाख्रीवास नगरपालिका- १० का वडाध्यक्ष हरि खत्रीले बताए। विपन्न परिवारका छत्रमानको अन्त्येष्टिमा दुई श्रीमती रामकुमारी र मन्दिरासहित आफन्तजन सहभागी भएका थिए। छत्रमानको अन्तिम संस्कारका क्रममा उनको शवलाई जेन-जी धनकुटाका संयोजक निरोज जोशीलगायतले राष्ट्रिय झन्डा ओढाएर अन्तिम श्रद्धाञ्जली दिएका थिए। छत्रमानको शव नेपाली सेनाको हेलिकोप्टरमार्फत १ असोजमा धनकुटा सदरमुकामको सल्लेरीमा रहेको नेपाली सेनाको भीमदल गणमा ल्याइएको थियो। त्यहाँबाट उनको शव माइला छोरा सुवास राईको रोहवरमा गाउँ लगिएको थियो। लामो समयदेखि काठमाडौंमा बस्दै आएका छत्रमान राष्ट्रवादी राजनीतिक जनजागरण अभियानमा आबद्ध थिए।

गोदावरी बसपार्कको प्रहरी चौकी पुनर्निर्माण

काठमाडौं/ ललितपुरको गोदावरी बसपार्कको प्रहरी चौकी वडाध्यक्ष र स्थानीयको सहयोगमा पुनर्निर्माण भएको छ। जेन-जी आन्दोलनका क्रममा चौकी तोडफोड र आगजनी गरेर ध्वस्त पारिएको थियो। आगलागी र तोडफोडपछि पूर्ण क्षति भएको प्रहरी चौकी वडा कार्यालय र स्थानीयवासी मिलेर ठड्याइएको गोदावरी नगरपालिका- ३ का वडाध्यक्ष सानुराजा घिमिरे (राज)ले बताए। उनका अनुसार प्रहरीको आवश्यकता महसुस गरेर स्थानीयवासी र वडाले तत्काल प्रहरी कार्यालय पुनर्निर्माण गरेको हो। चौकी पुरानै अवस्थामा पुऱ्याएपछि बुधबारदेखि प्रहरी बस्न थालेका छन्। स्थानीयले खादा लगाएर प्रहरीलाई चौकीमा स्वागत गरेका थिए। 'प्रहरी हाम्रो साथी हो, प्रहरीविना कोही सुरक्षित रहन सक्दैन, वडा कार्यालय र स्थानीयवासी मिलेर प्रहरी चौकी दुई दिनमै तयार गर्यौं,' वडाध्यक्ष घिमिरेले भने, 'मेरो लक्ष्य र उद्देश्यअनुरूप सम्पूर्णको उपस्थितिमा बुधबार स-सम्मान अनि सुविधासम्पन्नका साथ प्रहरीहरूलाई प्रहरी चौकीमा भव्य रूपमा भित्र्याउन पाउँदा खुसी लागेको छ, पर्यटकीय क्षेत्र गोदावरीको सुरक्षा संवेदनशीलतालाई ध्यान राखेर चौकी छिटोभन्दा छिटो तयार गरेका हौं, अहिले प्रहरीको मनोबल उच्च बनाउन टोल-समाजले सहयोग गर्नुको विकल्प छैन, टोल-समाज मिलेपछि एउटा प्रहरी चौकी तयार गर्न कठिन नहुने रहेछ।'

जेन-जीलाई मतदानमा सहभागी गराउन अध्यादेश ल्याइने

नयाँ पत्रिका

गृहमन्त्री ओमप्रकाश अर्यालले बिहीबार निर्वाचन आयोगका पदाधिकारीसँग छलफल गरेका छन्। मन्त्री अर्यालले २१ फागुनमा तोकिएको प्रतिनिधिसभा निर्वाचनको तयारी, सरकारले गरिदिनुपर्ने सहजीकरणलगायत विषयमा आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारी, आयुक्तहरू र कर्मचारीसँग छलफल गरेका हुन्।

त्यसक्रममा मन्त्री अर्यालले अध्यादेशमार्फत निर्वाचन कानुन संशोधन गरेर नयाँ मतदाता नामावली संकलन गर्ने योजना सुनाएका थिए। यसमा उनले आयोगको सहयोग मागेका थिए। जेन-जीको विद्रोहबाट मध्यावधिको अवस्था सिर्जना भएकाले उनीहरूलाई बाहिर राखेर निर्वाचन गर्न नसकिने भन्दै मन्त्री अर्यालले १८ वर्ष उमेर पुगेका र मतदाता नामावलीमा नरहेका जेन-जीहरूको मागबमोजिम मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक कानुन संशोधन गरिने प्रतिबद्धता जनाए। यसका लागि प्रस्ताव ल्याउन उनले आयोगलाई आग्रह गरे। कार्यवाहक प्रमुख आयुक्त भण्डारीले परिवर्तनको मागबमोजिम आवश्यक कानुन संशोधन गरेर सबैको अधिकार सुनिश्चित गर्न आयोगले सहजीकरण गर्ने जवाफ दिए। मन्त्री अर्यालले पनि निर्वाचनका लागि आवश्यक सबै विषयमा सरकारले सहजीकरण गर्ने प्रतिबद्धता जनाएका थिए।



● **ओमप्रकाश अर्याल**, गृहमन्त्री

विदेशमा रहेका नेपालीले समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत भए पनि मतदान गर्न पाउनैपर्छ भन्ने छ। सर्वोच्चले आदेश दिएको पनि धेरै भयो। यसलाई सम्भव बनाउनैपर्छ।

प्रवासी नेपालीको मतदान सुनिश्चित गरिने

कानुनमन्त्रीसमेत रहेका अर्यालले विदेशमा रहेका नेपालीले पनि मतदान गर्न पाउनुपर्ने सर्वोच्च अदालतको आदेशलाई यसपटक सम्भव बनाउने प्रतिबद्धता जनाए। समानुपातिक निर्वाचन प्रणालीतर्फ भए पनि मतदान गर्न पाउनुपर्ने माग बढेको उल्लेख गर्दै उनले यसलाई सम्भव बनाइने बताए। 'विदेशमा रहेका नेपालीले समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत भए पनि मतदान गर्न पाउनैपर्छ भन्ने छ। सर्वोच्चले आदेश दिएको पनि धेरै भयो। यसलाई सम्भव बनाउनैपर्छ,' गृहमन्त्री अर्यालले भने, 'सकेसम्म सबैलाई समेट्ने मेरो प्रयास हो। कुनै देशमा प्राविधिक समस्या छ भने पनि जहाँ-जहाँ सकिन्छ सम्भव बनाउने मेरो प्रयास हो।' मतदानको पूर्ण सम्भावना नभएका देशहरूमा राजदूतावासमार्फत प्रविधिको प्रयोग गरेर मतदानको व्यवस्था गराउनुपर्ने मन्त्री अर्यालको भनाइ थियो।

समयमै निर्वाचन गराउन आयोग तयार

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले निर्वाचन आयोग समयमै निर्वाचन गराउन तयार रहेको बताए। 'निर्वाचन आयोग समयमै निर्वाचन सम्पन्न गर्न तयार छ। त्यो प्रयोजनका लागि पूर्वतयारी सुरु गरिसकेका छौं। कर्मचारी साथीहरू खटिसक्नुभएको छ। सबै जिल्ला निर्वाचन कार्यालय, प्रदेश निर्वाचन कार्यालयमा तयारी भइसकेको छ,' उनले भने, 'काम गर्नबाट पन्छिने छुट कसैलाई छैन।' भण्डारीले सरकारले छिटो अध्यादेश ल्याइदिए मतदाता नामावली संकलन थाल्ने पनि बताए। उनले दलहरूको सहभागिता, शान्ति सुरक्षालगायत विषयमा सहजीकरण गर्न सरकारको ध्यानाकर्षण गराए।

संघीय लोकतान्त्रिक मोर्चाले संविधान दिवसलाई कालो दिनका रूपमा मनाउने

काठमाडौं/ संघीय लोकतान्त्रिक मोर्चाले संविधान दिवसलाई कालो दिनका रूपमा मनाउने निर्णय गरेको छ। मोर्चाको बिहीबार बसेको सचिवालय बैठकले कालो दिनका रूपमा मनाउने निर्णय गरेको हो। 'मधेश आन्दोलनको मर्म र भावनाविपरीत अपूर्ण र अधुरो संविधान जारी गरिएको र त्यस दिनदेखि नै प्रत्येक वर्ष सहिदको सम्झनामा र संविधानको पुनर्लेखन, परिमार्जन तथा संशोधनको माग राखी संविधानलाई आंशिक रूपमा स्वीकार गरी असोज ३ कालो दिनमा विभिन्न खाले विरोधका कार्यक्रम गरी प्रदर्शन गर्दै आएकोमा यस वर्ष मोर्चाको तर्फबाट सामूहिक रूपमै कालोपट्टी बाँधी विभिन्न खाले विरोधका कार्यक्रम गरी असोज ३ कालो दिनमा प्रदर्शन गर्ने निर्णय गरियो,' केन्द्रीय सचिवालयका संयोजक डा. शिवजी यादवले जारी गरेको विज्ञप्तिमा छ।

जेन-जीले भ्रष्टाचार र कुशासनविरुद्ध तथा सामाजिक सञ्जाल प्रतिबन्ध खुलाउन दबाबस्वरूप गरेको आन्दोलनको पक्षमा मोर्चा रहेकाले सोही भावनाअनुरूप अहिलेको सरकारले काम गर्नुपर्ने निर्णय पनि बैठकले गरेको छ।

■ संविधान र व्यवस्था तलमाथि हुन नदिने राष्ट्रपतिको प्रतिबद्धता

शीर्ष नेताहरूसँग संवाद गरेर निर्णय लिएको प्रस्टोक्ति

नयाँ पत्रिका

राष्ट्रपति रामचन्द्र पौडेलले संविधान र व्यवस्था तलमाथि हुन नदिन आफू प्रतिबद्ध रहेको बताएका छन्। असहज परिस्थितिमा संविधानले राष्ट्रपतिलाई दिएको अधिकार प्रयोग गरेर जनमतलाई ध्यान दिई दलका शीर्ष नेताहरूसँग समेत संवाद गरेर आफूले कदम चालेको उनले स्पष्ट पारे। असहज परिस्थितिमा केही तलमाथि भए पनि संविधानविपरीतका कुनै पनि काम नहुने विश्वास उनले दिलाएका छन्। नागरिक अगुवासँग बिहीबार भएको भेटमा पौडेलले जेन-जी आन्दोलनकारीसँगको वार्ताको प्रसंग स्मरण गरेका हुन्।

'आन्दोलनपछि स्थिति असहज बन्यो। देश, व्यवस्था र संविधानका लागि म सहिद हुन पनि तयार थिएँ। व्यवस्था र संविधान बचाउन देशको आवश्यकताअनुसार केही कदम चाल्नुपर्ने भयो। संविधानले राष्ट्रपतिलाई विशेष परिस्थितिमा दिएको अधिकार प्रयोग गरेर देशका लागि जनमतलाई हेरेर गर्नुपर्ने कुरा गरियो। अरू संविधानविपरीत गरिएको छैन। आगामी दिनमा पनि संविधानअनुसार नै अगाडि बढ्ने हो। सबैसँग संवाद गरेर जान्छु,' राष्ट्रपतिको भनाइ उद्धृत गर्दै नागरिक अगुवा गीता त्रिपाठीले भनिन्।

पौडेलले संसद् विघटन गरेर अन्तरिम सरकार बनाउन नमानेको पनि बताए। 'प्रतिनिधिसभा विघटन गरेर प्रधानमन्त्रीको नियुक्ति गर्नुपर्छ भन्ने माग आन्दोलनकारीको थियो। मैले मलाई यो अधिकार छैन, म त्यो गर्न सक्दिनँ। संविधानभन्दा बाहिर जान्नँ। संविधानको रक्षाका लागि म सहिद हुन तयार छु भनेँ,' राष्ट्रपतिको भनाइ थियो।



बिहीबार शीतलनिवासमा नागरिक अगुवासँग राष्ट्रपति पौडेल

संविधानअनुसार सरकारको गठन धारा ७६ अनुसार हुनुपर्ने भए पनि राष्ट्रपति पौडेलले सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार धारा ६१ अनुसार गठन गरेका थिए। उनका अनुसार राष्ट्रपतिले तत्कालीन प्रधानमन्त्री केपी ओली, कांग्रेस सभापति शेरबहादुर देउवा, माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसँग संवाद गरेका थिए।

देउवासँग भने लामो कुरा हुन नपाएको उनले बताए। देउवा जेन-जी आन्दोलनकारीको आक्रमणमा परेका थिए। 'प्रधानमन्त्रीसँग पनि सम्पर्क गर्ने। संविधानसम्मत निकासका लागि प्रधानमन्त्रीले पनि सहयोग गर्नुभयो। देउवाजीसँग पनि सम्पर्क भयो। प्रचण्ड र माधव नेपाल यहीँ आउनुभयो,' पौडेलले भने।

राष्ट्रपति पौडेलले सुरक्षा निकायको भूमिकाको पनि प्रशंसा गरेका छन्। 'सुरक्षा निकाय पनि अप्ठ्यारोमा थियो। राम्रै भूमिका निर्वाह गर्नुभयो। मसँग निरन्तर सम्पर्क र संवाद भएको थियो। मैले राजनीतिक दलसँग पनि सम्पर्क गर्ने,' पौडेलले भने। पौडेलले अब देश चुनाव केन्द्रित हुने पनि बताएका छन्। 'संविधानविपरीत कुनै पनि काम राष्ट्रपतिले गर्दैन। सरकार पनि त्यसविपरीत जानुहुँदैन,' पौडेलले भनेका छन्। राष्ट्रपति पौडेलले संविधान दिवसका अवसरमा आफूले जनतासामु विषय स्पष्ट पार्ने पनि बताएका छन्।

नागरिक अगुवाहरूले संविधान र व्यवस्था बचाउन राष्ट्रपतिले खेलेको भूमिकाको प्रशंसा गरेका थिए। 'विषम र असाधारण राजनीतिक संकटका बेला राष्ट्रपतिले यथाशक्य संविधानको रक्षा गर्दै देशलाई अराजकताको दिशातर्फ जानबाट रोकी दलहरूको समेत सहमतिमा अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त गर्न खेल्नुभएको भूमिका सराहनीय रहेको हाम्रो निष्कर्ष छ,' नागरिक अगुवाहरूले भनेका छन्।

नागरिक अगुवाहरू महेशकुमार मास्के, मल्ल के सुन्दर, परशुराम तामाङ, रत्नसंसार श्रेष्ठ, कुन्दन अर्याल, जगत देउजा, टीकाराम भट्टराई, कणकमणि दीक्षित, चण्डेश्वर श्रेष्ठ, राजेन्द्र महर्जन, गीता त्रिपाठी, विन्दु शर्मा, शरद वन्त र सुशील प्याकुरेलले बिहीबार राष्ट्रपतिलाई शीतलनिवासमा भेटेका हुन्। राष्ट्रपतिबाट संविधानको पूर्ण पालना र रक्षा हुनुपर्नेमा उनीहरूले जोड दिएका छन्।

मक्ख नपरौं, यो देश अब खरानी हुँदैन

इन्स्टामा आउने रिलको लाइक हेरेर रमाउने पुस्तालाई सडकमा रगताम्य बनाइदिनेहरू नै अहिले सभ्य र देशभक्त बन्ने प्रयासमा छन्



● प्रमिला देवकोटा

अग्रलेख

भदौ २३ गते जो मानिस माइतीघरबाट बानेश्वरसम्म सँगै हिँडे, तिनका आँखामा अझै कापीकलम बोकेर हिँडिरहेका ती किशोरकिशोरी छन् । अघिल्लो जनआन्दोलन देखिसकेका र त्यसपछिका कैयौं सानाठुला आन्दोलन लडेका हामीजस्ता 'जेन वाई'हरूले तिनका आँखामा प्रश्न देख्यौं, तर शरीरमा आपराधिक भाव कत्ति पनि देखेनौं । कोही पानी बाँडिरहेका थिए त कोही शान्त भएर 'प्ले कार्ड' बोकिरहेका देखिन्थे । त्यो आन्दोलनमा कसैले हातमा ढुंगा लिएका थिएनन्, बरु कापी र कलम लिएका थिए । त्यहाँ अराजकता भनेको केही मोटरसाइकल पड्काउनेको समूहको मात्र थियो । भिडमा बिस्तारै कोही छिरे, 'ब्यारिकेड' तोड्न उक्साए, संसद् भवनको गेटमाथि चढे । ब्यारिकेड तोड्दासम्म नरिसाएको पुलिस संसद् भवननजिक जाँदा 'थ्रिलर' शैलीमा रिसायो, रिसाएन मात्रै रौद्र रूप नै धारण गर्न पुग्यो । त्यसपछिका ३६ घण्टा नेपालको इतिहासको सबैभन्दा भयानक पल थियो । त्यस अवधिमा नेता डराए, जनता डराए, पुलिस डरायो, आर्मी डरायो । दुई सय वर्ष इतिहास बोकेका भवन डराए, नेपालमाथिको सारा आकाश डरायो ।

जब डर टाउकामाथि चढ्छ, त्यो डर मृत्युसँग डराउन छोड्छ । डराउन छाडेको डरले जता सक्यो, त्यतै सकायो । दुई दिनपछि धुवाँले छोपेको नेपाल खुल्यो । कोटमा टलल्क टल्किने 'बा'को ठाउँमा सुतीको साडी लगाउने 'आमा' आइपुगिन् । आतंकित जेन-जीलाई आमाले टाउको सुमसुमाउँदै भनिन्, 'नडराऊ, नरोऊ सब ठिक हुन्छ, तिमीहरू गलत होइनौ ।'

■ आन्दोलन कसको ?

जो सत्ताबाट सडकमा पछारिए, उनीहरू आन्दोलन अपराधीले सञ्चालन गरेको पुष्टि गर्ने प्रयासमा छन् । पहिलो दिनको बर्बरतापछि भोलिपल्ट बिहानसम्मको समयमा आमआमाबाबुको आँखा भरिइरह्यो । न देश न विदेश, नेपाली अभिभावक ती कलिला नानीबाबुका ढलेका शरीरबाट बगिरहेको रगतमा आफ्ना छोराछोरीको अनुहार देखेर भक्कानिइरहे । आफ्ना सन्तानको उमेरका बच्चामाथि पुलिसले गोली कसरी दाग्न सक्यो होला ? हरेक घरले प्रश्न सोध्यो । दोस्रो दिन टोलमा बचेका सिसिटिभी 'फुटेज' खोजेर हेर्नुस्, हातमा कलिला बालबच्चा डोऱ्याएर आमाबुबा आन्दोलनमा निस्किएका देखिन्छन्, सरकारसँग प्रश्न सोध्न ।

शान्त रहँदा, सबै ठिकठाक हुँदा त मान्छे मारिन्छ, चोरी हुन्छ, लुटपाट हुन्छ । जब सडकमा हरेक घरको मान्छे निस्कन्छ अनि सँगै अपराधी पनि निस्कन्छ, कहिल्यै नसकेको अपराध गर्न । आन्दोलन लुटपाट गर्ने सबैभन्दा सुरक्षित तरिका भएको कुन चोर र कुन पुलिसलाई थाहा हुँदैन ? हजार थान अपराधीको अपराधका लागि लाखौंलाख जनताको सही आक्रोशलाई मोसो दल्न पाइँदैन । आफ्ना कर्मले जनता रिसाउँछन् भन्ने 'बा'ले बिर्सेका हुन सक्छन् । बाले झापामा देखाएको रिस एमालेजनका शब्दमा आन्दोलन थियो । जेन-जीले आफ्ना साथीसँगी मारिँदा देखाएको रिसचाहिँ के अपराध हो ? संविधानले देशमा के हुन्छ समेत राम्ररी बुझ्न नपाएका केटाकेटीलाई अति गर्न हुँदैन भन्ने थाहा थियो । त्यो थाहा नै सत्ता ढलाउन पर्याप्त भयो । सोचौं कसरी मिलेमतोमा देशमा भ्रष्टाचार हुन्छ, आफ्ना मान्छेलाई मात्रै जागिर दिइन्छ, सरकारी कर्मचारीले कसरी जञ्जालमा फसाउँदै घुस खान्छ, निमुखालाई कानुन लगाउन कसरी अदालत र पुलिस लाग्छ अनि पार्टीका झन्डाले कसरी बलात्कारी र हत्यारालाई जोगाइरहन्छन् । यो त जेन-जीले बुझ्न बाँकी नै छ । अब बुझिसक्दा ती कति खतरनाक र लड्न कठिन शक्ति होलान्, तयार रहनुस् ।

■ सुधिने/नसुधिने

अब आन्दोलन रोक्न सकिएन । 'बा'का सन्तानहरू अझै आफ्ना 'बा'लाई प्रश्न नसोधेर अहिले आफ्ना सन्तानको उमेर समूहलाई तर्साउन, गिज्याउन तल्लीन छन् । आफ्नो खाइपाइ आएको पेसामा धाबा बोल्नेहरूमाथि जाइलाग्नु प्राणीको स्वभाव नै हो । मान्छेसँग दिमाग, पढ्ने, लेख्ने बुद्धि छ । त्यसैले, उसले कुन वेला विरोध गर्ने, कुन वेला साथमा उभिने र कुन वेला चुप बस्ने भन्ने सिकेको हुन्छ । तर, 'बा'हरूले त्यो सिकाउन बिर्सेछन् । जसको भ्रष्टाचार र मनोमानीले इन्स्टामा आउने रिलको लाइक हेरेर रमाउने पुस्तालाई सडकमा रगताम्य बनाइदियो, उनीहरू नै अहिले सभ्य र देशभक्त बन्ने प्रयासमा छन् । तर, संकेत अब त्यस्तो छैन । अब झुक्याउन, भुलाउन सजिलो छैन । भिडमा छिरेर आगो लगाउनेहरूको अनुहार लाइभ हेर्ने जमाना आइसक्यो । भिडले लुकाउन नसकेको अनुहार अब सजिलै लुक्नेछैन ।



जब किशोरहरू ढलिरहेका थिए, महेश बस्नेतहरूलाई किशोरहरूको ज्यान जोगाउनेभन्दा बाको सत्ता जोगाउने पिर थियो । यतिखेर कोही सक्रिय छन् भने बस्नेत नै छन् । अहिले नै सत्ता फर्काउने सुरमा छन् उनी । उनले यही मौकामा 'बा'को नाममा लेख्न नपाएको हाम्रा साझा बामाथि कविता लेख्ने फुर्सद पाएका छन् । आफ्ना हातको शासन ढलेपछि एमाले पार्टीभित्रका बावादीहरू शनिबार राति सुदन गुरुङसहितको टोली बालुवाटार पुगेर मन्त्री नियुक्तिमा देखाएको असन्तुष्टिमा निकै रमाए ।

जनताले आफू र पार्टीमाथि कस्तो आक्रोश पोखे, त्यसको स्वीकारोक्ति पटक्कै बस्नेतहरूमा देखिँदैन ।

यिनीहरू अब सत्तामा छैनन् । त्यसैले, यी प्रश्न सुन्ने ठाउँमा छैनन् भन्ने अधिकार पनि छैन यिनलाई । तीन दशक लगाएर बिगारेको देशको हिसाबकिताब आउने तीन सय पुस्ताले माग्नेछ । जसरी राणासितको हिसाबकिताब हामी अझै मागिरहेका छौं ।

महेश हक्की स्वभावका भएकाले उनको मनको कुरा बाहिरियो । जो घुसघुसे बावादीहरू छन्, ती महेशलाई पछाडिबाट पक्कै धाप मार्दै छन् । आन्दोलन घुसपैठिया र अपराधीको थियो भन्ने देखाउन उनीहरू तल्लीन छन् । सुरुमा उनीहरूले असंवैधानिक भने । अब बिस्तारै बबन्डर मच्चाएर संसद् ल्याउने र फेरि मजा लिने यिनीहरूको योजना हो । तर, त्यो योजना र देश खरानी भइसक्यो भन्ने भाष्य अब बिक्दैन । यो सपना एकजना बस्नेतको मात्र होइन, हरेक पार्टीमा बाहरूसँग नजिक भएका सबैको सपना हो । अब महेश बस्नेतलाई कम्तीमा यति अधिकार छैन, जसले कलिला बालक मारिँदा आफ्ना राष्ट्रिय बालाई सोधेनन् ।

> जब कुनै देशमा प्रधानमन्त्रीमाथि जनताको भर हुँदैन र पुलिसमाथि अपराधीको डर हुँदैन, के त्यो देश खरानी हुनु नौलो हो ? त्यसको जिम्मा आफ्ना साथी गुमाएका कलिला जेन-जीको हो कि तीस वर्ष शासन सम्हालेका 'बा'हरूको ?

महेश बस्नेतहरूसँग आफ्ना बालाई वैधानिक रूपमा राष्ट्रिय बा बनाउने गतिलो समय छ । चुनावमा दुईतिहाइ ल्याएर देखाइदिने । संविधानमा बा बाँचिन्जेल प्रधानमन्त्री बन्न पाउने प्रावधान राख्ने अर्थात्, उत्तर कोरिया बनाउने । दुईतिहाइ ल्याएर बनेका सांसद जीवनभर हुन पाउने । यति मौका अझै छ यो संविधानमा ।

■ जेन-जीको राजनीतिक चेत

जेन-जीको कुनै नेता छैन । यो आन्दोलनअघि देखिएर आन्दोलन गर्ने आह्वान गर्ने मिराज ढुंगानाको भनाइ हो । जसलाई उनीहरूले अहिलेसम्म कायम राखेका छन् । ढुंगानाको पछिल्लो भिडियो राजनीति शास्त्र बुझेका जोकोहीलाई कायल पार्ने छ । उनमा अहिलेका युवा, बुढा जुनसुकै स्थापित नेताभन्दा फरक गुण देखिन्छ, लोभमुक्त आत्मा । उनी अहिले सडकमा उत्रिए हजारौं पछि लाग्ने फ्यान फलोवर छ । मन्त्री मागे दिनैपर्ने बाध्यता छ । तर, उनी सुदन गुरुङलाई साथ दिन आह्वान गर्छन् । यो देशमा तीसौं वर्ष राजनीतिमा हालीमुहाली गर्नेको पेट नभरिएको अवस्थामा यिनी सत्ता र राजनीतिलाई खास भाउ दिँदैनन् । उनीजस्तो पाठ सिकाउने व्यक्ति अरू को होलान् ?

उनलाई नेता बन्नुपरेको छैन । तर, पुराना मान्छे र दलहरूलाई उनैलाई नेता बनाउनु छ । किन ? ढुंगानाले एकजुट गरे, अन्तर्वार्ता दिए, सुरुमा उनी देखिए । अब उनले त्यसको भाग खाइदिए कांग्रेस, एमाले अझै खुसी हुने थिए । समाजमा हल्का काम गऱ्यो कि भाग खाइहाल्नुपर्ने संस्कार यिनैले जन्माएका हुन्, जसलाई मिराजले तोड्दै छन् । अनि को भन्छ यो देश नयाँ भएको छैन । उनी भौलिपल्टै बालुवाटारमा आफ्नै भागको केक खोज्दै गएको भए यो जेन-जीको समय हुने आशा सकिन्थ्यो । उनी अब चुनावमा आउन सक्छन् मिहिनेतले । तर, लाखौंको बलिदानीको हिस्सा जेन-जीको होइन । उनीहरूले पनि मिहिनेत र हकले मात्र खान पाइने प्रमाणित गर्ने दिशा नै हाम्रो आशा हो । यसलाई भत्काउने मिहिनेत कसैले नगरौं ।

यो आन्दोलनले हाम्रा अगाडि ल्याएका यस्ता युवा हरेक टोलमा भेटिन सक्छन् । राजनीतिमा उनीहरूको ज्ञान नहोला, चासो छ र त्यसले आममान्छेको जिन्दगी नरक बनाएको उनीहरूलाई थाहा छ । अहिले जेन-जीका आमा-बा पुस्ता आफ्नो पार्टी कमिटीमा जेन-जीको अभावमा छन् । ती पहिलेजस्तै बाले भनेका ठाउँमा भोट दिने पुस्ता होइनन्, न कसैले उचाल्दा उचालिने पुस्ता नै हुन् । उनीहरू बसेर घण्टौं किताब पढ्न नसक्लान्, तर चाहिएको ज्ञान एआईमा तयार पार्न सक्छन् । यो पुस्ताको सचेतता खराबप्रतिको खबरदारी नै हो, जसले ३० हजार अपराधका इमेल प्रहरीले प्राप्त गऱ्यो ।

तीन पुस्तामाथि शासन गरिरहेको ब्रुमर पुस्ता जेन-जीको दबाबले सकियो । यसले टाउको उठाउन खोज्ला, तर तिनले आफ्ना कलिला बच्चा मारेको चुनावमा आमाबाबुले जीवनभर भुल्नेछैनन् । सिंहदरबार भोलि टलक्क टल्किन्छ, तर ती मारिएका जेन-जीका आँखा अब कहिल्यै टल्किँदैनन् ।

जब कुनै देशमा प्रधानमन्त्रीमाथि जनताको भर हुँदैन र पुलिसमाथि अपराधीको डर हुँदैन, के त्यो देश खरानी हुनु नौलो हो ? त्यसको जिम्मा आफ्ना साथी गुमाएका कलिला जेन-जीको हो कि तीस वर्ष शासन सम्हालेका बाहरूको ? त्यसको हिसाब गर्न जेन-जीहरू बसिसकेका छन् । त्यसैले अब देश खरानी त हुँदै हुँदैन ।

३ प्रश्न

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका महासचिव **सुरेन्द्र झा**लाई



संविधान दिवस कसरी मनाउँदै हुनुहुन्छ ?

संविधान दिवस हामीले जहिले पनि कालो दिनका रूपमा मनाउँदै आएका छौं । संविधान निर्माण गर्दा निर्वाचन प्रक्रियादेखि समितिको छलफलमा समेत हामी सहभागी भयौं । तर, अन्तिममा केही विषयमा हाम्रो विमति रह्यो । त्यसलाई सम्बोधन गरिएन । हामी आन्दोलनमा गयौं । तर, यसपटक जेन-जी सहित र मधेश आन्दोलनका सहिदसहित परिवर्तनको आन्दोलनमा हालसम्म सहादत गरेका सम्पूर्ण ज्ञात-अज्ञात सहिदको सम्मानमा श्रद्धाञ्जली सभा गरेर संविधान दिवस मनाउँदै छौं ।

जेन-जी आन्दोलनलाई तपाईंको पार्टीले कसरी लिएको छ ?

जेन-जी संघर्षको स्पिरिट स्वाभाविक हो । त्यो आवश्यक पनि थियो । हामीले पटक-पटक राजनीतिक परिवर्तन गऱ्यौं । तर, आमजनतासम्म सेवा-सुविधा पुऱ्याउन सकेनौं । स्वास्थ्य, शिक्षा, रोजगारीलगायत क्षेत्रमा काम भएन । जेन-जीले भ्रष्टाचार र बेथितिलाई उठाउनुभयो । सामाजिक सञ्जालमाथि सरकारले लगाएको अंकुशलाई अभिव्यक्ति स्वतन्त्रता हननका रूपमा उहाँहरूले लिनुभयो र आन्दोलनमा होमिनुभयो । आन्दोलनभित्र बाहिरी शक्तिको अभीष्ट रहेछ । देशभित्रकै शक्तिले पनि रोटी सेक्ने काम गरे । लोकतान्त्रिक व्यवस्थाका आधार स्तम्भ संसद्, सिंहदरबार, अदालत, सार्वजनिक सम्पत्ति, निजी संरचनामाथि आक्रमण हुनु निन्दनीय छ । यो जेन-जीको माग थिएन ।

जेन-जी आन्दोलनले उठाएअनुसार पार्टीमा पुस्तान्तरणका के गर्दै हुनुहुन्छ ?

हाम्रो पार्टीमा मात्र नभई सबै पार्टीमा पुस्तान्तरणको आवाज उठेको छ । दोस्रो पुस्ताका साथीले प्रयास गरे पनि सफल हुन सकिएको छैन । अधिकतम साथीलाई यस विषयमा बुझाउन सकिएन । एजेन्डा सही छ भने मान्छे सडकमा आउँछन् र परिवर्तन सम्भव छ भन्ने जेन-जी आन्दोलनले देखायो । विगतको ढर्राबाट कार्यकर्ता र नेता बनाएर अब त्यसरी चल्दैन, पुनर्गठन गरेरै जानुपर्छ । एउटा उद्देश्यका लागि एउटा नेतृत्व आउँछ, त्यो पूरा भएपछि अर्को आउँछ । नयाँ नेतृत्वले नयाँ उद्देश्य पूरा गर्छ, त्यसपछि फेरि अर्को नेतृत्व आउँछ ।

प्रेरक प्रसंग

शिक्षिकाको अनुकरणीय प्रयास

यो केही वर्षको एक वास्तविक र अत्यन्त प्रेरणादायी घटना हो, जहाँ एक शिक्षिकाको लगनले धेरैलाई आश्चर्यचकित बनायो । मेक्सिकोको ग्वानाजुवाटो भन्ने ठाउँमा एकजना ने नामकी शिक्षिका बस्थिन् । उनी अल-पासियो अल अल्टो विद्यालयमा फरक क्षमता भएका र अटिजम भएका विद्यार्थीलाई पढाउने गर्थिन् ।

जब कोरोना भाइरसको संक्रमण संसारभर फैलियो, त्यसपछि मानिसको भिडभाड हुने ठाउँ बन्द हुन थाल्यो । सार्वजनिक स्थलमा मानिसको आवागमन लगभग ठप्प भयो । फलस्वरूप स्कुल, कलेजको पठनपाठन पनि बन्द भयो । सहरी क्षेत्रमा भएका विद्यालयले इन्टरनेटका माध्यमबाट अनलाइन कक्षा सुरु गरे । ग्रामीण क्षेत्रका विद्यार्थी इन्टरनेटको सुविधाबाट वञ्चित भएकाले तिनले पढाइलाई निरन्तरता दिन पाएनन् । शिक्षिका नेले पढाउने विद्यार्थीसँग पनि इन्टरनेटको सुविधा थिएन । उनीहरू पनि शिक्षाबाट वञ्चित हुनुपर्ने अवस्थामा पुगेका थिए ।



त्यस्तो परिस्थितिमा आफ्ना विद्यार्थीको पढाइमा असर नपरोस्, उनीहरूको पठनपाठन नछुटोस् भनेर नेले पिकअप ट्रकमा घन्टौं लामो यात्रा गरेर त्यस्ता विद्यार्थीलाई पढाउन थालिन् ।

उनी घरघरबाट विद्यार्थी जम्मा गर्ने र उनीहरूलाई ट्रकको पछाडि राखेर पढाउने गर्थिन् । कोरोनाबाट बच्न उनले स्वास्थ्यका उपयुक्त मापदण्ड पनि अपनाएकी थिइन् ।

उनले वैकल्पिक तरिकाले शिक्षा दिएको तस्बिर ट्विटरमा सार्वजनिक भएपछि धेरै ठाउँबाट उनको कार्यले प्रशंसा पायो । यस्तो प्रशंसाबारे शिक्षिका नेले भने आफूले खासै ठुलो काम नगरेको बताइन् । उनले आफ्ना विद्यार्थी फरक क्षमता भएकै कारण किन पढाइबाट छुटुन् भन्ने सोचले यस्तो कार्य गरेको बताइन् ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नसच्चिए सकिन्छन् दलहरू



दलका नेताहरूले आफ्नो ज्यान जोगिनुलाई उपलब्धि ठानेका होलान् । एमालेभित्र वर्तमान अध्यक्षदेखि उनको विकल्प नदेख्ने, सबै कांग्रेसमा वर्तमान सभापतिदेखि उपसभापति र पटक-पटक मन्त्री खानेहरू अनि माओवादीमा वर्तमान अध्यक्षसहित उपाध्यक्ष (नारायणकाजी श्रेष्ठबाहेक) चार-पाँचपटक मन्त्री बनेका सबैको बिदाइ जनताले खोजेका हुन् । अब जेन-जी मात्रै होइन, आमनेपाली नै यिनीहरूविरुद्ध संघर्षमा उत्रिनुपर्ने अवस्था पनि आउन सक्छ ।

● दीपककुमार पौड्याल

यिनीहरूकै कारण पार्टी मात्र होइन, शासनव्यवस्था (लोकतान्त्रिक गणतन्त्र) नै धरापमा पऱ्यो । राजतन्त्र जहानियाँ (पारिवारिक) भयो भनेर राजतन्त्र फाल्न जनता उक्साउने नेताहरू आफैं जहानियाँ र निरंकुश शासक भए । आफ्ना दलका जुझारु, कर्मठ र इमानदार युवा कार्यकर्तालाई सधैं अवसरविहीन दास बनाई सीमित बुढापाकाले पालैपालो देश र जनता लुट्दा पनि अझै पुगेको छैन यिनलाई । अब यिनलाई नहटाएसम्म नवनिर्माणको आशा नगरे हुन्छ ।

● विष्णु दाहाल

बरु कुकुरको पुच्छर सीधा होला, तर यी दल र तिनका नेता सुध्रिन्नन् । सायद पार्टीमा हस्तक्षेप गरेर अगाडि आउन सक्ने युवा नभएर पनि यस्तो अवस्था सिर्जना भएको होला । अबको आन्दोलन यिनलाई विस्थापित गर्ने गरी अघि आउनुपर्छ । सम्पत्ति सुदृढीकरणको मुद्दा लगाएर यिनको नाजायज सम्पत्ति राष्ट्रका नाममा गरिहाल्नुपर्छ । जेन-जी आन्दोलनले यिनलाई टाउको उठाउने ठाउँ दिएको हुनाले सल्बलाएका हुन् ।

● डम्मर महरा

सबैलाई आफ्नो निर्णय गर्ने स्वतन्त्रता छ । सबैले आफ्नो विचार राख्न पाउँछन् । समर्थन गर्ने कि नगर्ने, जनताको अधिकार रहन्छ । चुनावमा आफ्नो अधिकारको उचित प्रयोग गरौं ।

● हरिश्चन्द्र शर्मा चापागाईं

एक समय राणा परिवारसँग, त्यसपछि राजपरिवारसँग र अब यी पुराना बुढा नेताहरूसँग नेपाली जनताले लड्नुपर्ने भयो ।

● प्रह्लाद खड्का

दल र तिनका नेता नसच्चिए सकिन्छन् । यिनैलाई प्रधानमन्त्रीका लागि अघि सारेर दलहरू चुनावमा आए भने भोट बदलिनेछन् ।

● रमेशबाबु क्षेत्री

पल्केको मान्छेले कहाँ त्यसै छोड्छ ? खैनी, चुरोट, रक्सीलगायतको लत छोड्न कति गाह्रो हुन्छ ? कमाउन कहाँ छोड्छ मान्छेले ? सत्ता किनेर चलाउँछन् यिनले । जनतालाई त किन्छन् मासुभातमा । महाधिवेशन भन्छन् यिनीहरू, स्वतः आउने भोटमा यिनले बढीमा सयजना किन्नुपर्छ, कोही एकलाखे होलान्, कोही दुई-चार-पाँच या १० लाखे होलान् । कोही करोडका पनि होलान् । त्यसैले, यिनलाई अरूले हटाउन या हराउन सक्दैनन् । आफैं हट्न मन गरे भने मात्र हट्छन् । अनि पैसा कमाउनुपरेन ? हटाए हेर त ! सक्छौ ?

● सोमेन्द्र गौतम

दया, सहानुभूति र सद्भाव देखाई एकपल्ट सच्चिएलान् कि भनी केही नगरी छोडेका दलका नेता नसुध्रीकन पुनः बर्बराउन थालेका छन् । अब नेपाली जनताले निर्वाचनको माध्यमबाट यिनलाई तह लगाउनुपर्छ ।

● श्याम श्रेष्ठ

यस्तो वेलामा पनि कांग्रेस केन्द्रीय समितिले ठोस निर्णय गर्न सक्दैन भने राम रामबाहेक अरू केही भन्ने अवस्था हुनेछैन । यस्तो विषम परिस्थिति आउँदा अझै पनि पार्टीभित्र दास प्रवृत्ति नहट्नु भनेको दुःखद पक्ष हो ।

● भीम खतिवडा
(नयाँ पत्रिका फेसबुक पेजबाट)

भगुवा राजनीतिज्ञ र बेसहारा बिराला

राजनीतिज्ञको छविलाई नरम बनाउन र सार्वजनिक समर्थन पाउन प्रयोग गरिएका बिरालाहरू अब राजनीतिज्ञलाई बदनाम गर्ने कथामा तानिएका छन्

देश/विदेश

● केन एमपी सेटियावान, चार्लोट सेटिजादी र एलिजाबेथ क्रेमर

इन्डोनेसियामा हालै भएको आमविरोध प्रदर्शनका क्रममा जकार्तामा राजनीतिज्ञको लुटिएका घरले अप्रत्याशित पीडितहरूको खुलासा गऱ्यो : बिरालाहरू । जब तिनका मालिकहरू (राजनीतिक दलका नेताहरू) सुरक्षाका लागि घर छाडेर भागे बिरालाहरू घरमै छुटे भने केहीको चोरी भयो । ती बिराला अहिले सामाजिक सञ्जालमा भाइरल भएका छन् । तिनका राजनीतिज्ञ मालिकहरू सेलिब्रेटीबाट सांसद बनेका उया कुया र नेसनल म्यान्डेट पार्टी (पिएएन) का इको प्याट्रिओलाई आफ्ना घरपालुवा जनावरलाई 'त्यागेको' आरोप लगाइयो । तर, यो आरोपलाई उनीहरू ठाडै अस्वीकार गर्छन् । घरमा लुटेराहरू आउनुअघि आफूहरूसँग बिराला सम्हाल्ने कुनै अवसर नै नरहेको उनीहरूको तर्क छ । सत्य जे भए पनि चिन्तित नागरिकले उद्धार गरेका यी त्रसित बिरालाका तस्बिरले इन्डोनेसियामा गहिरो तनाव ल्याएको छ । प्रदर्शनकारी र समुदायका सदस्यले यी घटनालाई राजनीतिज्ञले समाजको सबैभन्दा जोखिममा रहेको कमजोरलाई हेर्नुपर्ने कर्तव्यमाथि विश्वासघातको प्रतीकका रूपमा हेर्न थालेका छन् ।

राजनीतिक लोकप्रियता बढाउन बिरालाको उपयोग : एसिया-प्रशान्त क्षेत्रमा बिरालोको स्वामित्वमा उच्चतम दर भएको इन्डोनेसियामा बिरालाहरू अत्यन्त लोकप्रिय छन् । इन्डोनेसिया एउटा बहुसंख्यक मुस्लिम देश हो र इस्लाममा बिरालाको उच्च स्थितिले त्यहाँ बिराला किन यति लोकप्रिय छन् भनेर व्याख्या गर्न सक्छ । यद्यपि, बिरालाको सांस्कृतिक महत्त्वबाहेक हालैका घटनाले इन्डोनेसियामा राजनीतिक छवि निर्माणको प्रकृतिमा पनि अन्तर्दृष्टि प्रदान गर्छ । राजनीतिज्ञले आफ्नो लोकप्रियता बढाउन बिरालालगायत अन्य जनावर प्रयोग गर्ने घटना अवश्य पनि नयाँ गतिविधि होइन, न त यो अद्वितीय रूपमा इन्डोनेसियाली नै हो ।

विन्स्टन चर्चिलको युद्धकालीन बिरालो नेल्सनदेखि बिल क्लिन्टनको बिरालो मोजा वा डाउनिङ स्ट्रिटको 'प्रमुख बिरालो' ल्यारीसम्म राजनीतिज्ञले लामो समयदेखि आफ्नो सार्वजनिक छविलाई न्यानो, पहुँचयोग्य, सान्दर्भिक र मानवीय रूपमा सावधानीपूर्वक देखाउन घरपालुवा बिरालालाई प्रयोग गर्दै आएका छन् । इन्डोनेसियाको प्रमुख उदाहरण राष्ट्रपति प्रबोवो सुबियान्तो र उनको उद्धार गरिएको खैरो कालो बिरालो बबी केटनिगारा हुन् । बबीको इन्स्टाग्राममा लगभग १० लाख फलोअर छन् । उसलाई खुवाएका, खेलेका र अँगालो हालेका तस्बिरले गत वर्षको राष्ट्रपति चुनावको पूर्वसन्ध्यामा पूर्वसेना प्रमुखसमेत रहेका प्रबोवोको सार्वजनिक छविलाई परिवर्तन गर्न मद्दत गऱ्यो । उनी शंकास्पद मानव अधिकार रेकर्ड भएका शक्तिशाली व्यक्तिबाट एक नम्र, ज्ञानी र जनावरलाई माया गर्ने हजुरबुबा बने ।

अब इन्डोनेसियाको 'प्रथम बिरालो' बबीलाई विलासी घरपालुवा जनावरको घुमाउरो गाडीमा घुमाइन्छ र उसको आफ्नै सुरक्षा विवरण छ । ऊ राज्यका महत्त्वपूर्ण समारोहमा उपस्थित हुन्छ, जहाँ उसले विदेशी नेताबाट महत्त्वपूर्ण र महँगा उपहार प्राप्त गर्छ । अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले हालै बबीलाई उपहारस्वरूप महँगो स्कार्फ प्रदान गरेका थिए । उपराष्ट्रपति जिब्रान राकाबुमिङ राका र जकार्ताका पूर्वगभर्नर तथा २०२४ का राष्ट्रपति पदका उम्मेदवार एनिस बास्वेदानले पनि इन्डोनेसियामा आफ्नो सार्वजनिक छवि बलियो बनाउन आफ्ना घरपालुवा जनावरलाई प्रयोग गरेका छन् ।

हालसालैको प्रदर्शन : जकार्तामा हालै भएका विरोध प्रदर्शन सांसदको प्रस्तावित भत्तावृद्धिदेखि राजनीतिक



वर्गप्रतिको आमआक्रोशका कारण पनि भएका थिए । राजनीतिज्ञको विलासी जीवनको विवरण एक्सपोज भएपछि आक्रोश तीव्र भएको छ, किनकि सामान्य इन्डोनेसियाली नागरिक उच्च जीवनयापन लागत र युवा बेरोजगारी दरसँग निकै संघर्ष गरिरहेका छन् । हालैका विरोध प्रदर्शनमा धेरै हाई-प्रोफाइल राजनीतिज्ञको घर लुटिएको थियो । कुया र प्याट्रिओले आफ्ना बिराला छाडेको रिपोर्ट सार्वजनिक भएका थिए, जसमध्ये केही बिरालालाई लुटेराले लगेका थिए वा चिन्तित नागरिकले उद्धार गरेका थिए । यीमध्ये धेरै दाबीलाई राजनीतिज्ञले विवादित गरेको भए पनि भाइरल पोस्टमा गरिएको टिप्पणीमा सोधिएको छ, यदि राजनीतिज्ञले आफ्नै घरपालुवा जनावरको जिम्मेवारी लिन सक्दैनन् भने उनीहरूले प्रतिनिधित्व गर्ने नागरिकको हेरचाह गर्न उनीहरूलाई कसरी विश्वास गर्न सकिन्छ ?

राजनीतिक छवि निर्माण : यी बिरालाप्रति सामाजिक सञ्जालको चासोले तत्कालै तिनका मालिकबाट प्रतिक्रिया आउन सुरुवात भयो । कुया र प्याट्रिओ दुवैले बिराला 'त्यागिएको' दाबीलाई अस्वीकार गरे । उनीहरूको तर्क छ कि जब उनीहरूको घर लुटपाटका लागि लक्षित गरिएको थियो, जनावरहरू आफैं भागेका थिए, अर्थात् उनीहरूले बिरालालाई समात्ने वा तिनको उद्धार गर्ने कुनै अवसर नै पाएनन् । दुवैले आफ्ना घरपालुवा जनावर फिर्ता गर्न अपिल गरेका छन्, जसले समुदायबाट केही समर्थन प्राप्त गरेको छ । यद्यपि, राजनीतिज्ञहरूको प्रतिष्ठामा भने क्षति पुगेको छ । सामाजिक सञ्जालको युगमा घरपालुवा जनावर दोधारे तरबार साबित भएका छन् । एकपटक राजनीतिज्ञको छविलाई नरम बनाउन र सार्वजनिक समर्थन उत्पन्न गर्न प्रयोग गरिएका तिनै बिराला अब राजनीतिज्ञलाई बेवास्ता गर्ने र सम्पर्कबाहिरका रूपमा प्रस्तुत गर्ने कथामा तानिएका छन् ।

कतिपयले अभिजात वर्गले जनतालाई गर्ने विश्वासघातका रूपमा हेर्दा तिनीहरू त्यसको रूपक बनेका छन् । यी बिराला त्यागिएका घटनाले सामाजिक सञ्जालको युगमा राजनीतिक छवि निर्माणको अनिश्चित प्रकृतिलाई पनि प्रकट गर्छन् । जहाँ एक समय सामाजिक सञ्जालले राजनीतिक घरपालुवा जनावरलाई सार्वजनिक श्रद्धा बढाउन प्रयोग गर्न सक्षम बनाउँथ्यो, अब यो प्रतिक्रियाको माध्यम बनेको छ ।

(द कन्भर्सेसनका लागि सेटियावान, चार्लोट र क्रेमरको आलेख)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

साउदी–पाकिस्तान रक्षा सम्झौताले ल्याएको तरंग

पाकिस्तानसँग भएको पछिल्लो सुरक्षा सम्झौताका लागि कम्तीमा एक वर्षदेखि पर्दापछाडि काम भइरहेको साउदी अधिकारीको दाबी

पाकिस्तानी प्रधानमन्त्री सेहबाज सरिफले बुधबार साउदी युवराज मोहम्मद बिन सलमानसँग 'रणनीतिक पारस्परिक रक्षा सम्झौता'मा हस्ताक्षर गरे। पर्यवेक्षकले सम्झौतालाई दुई राष्ट्रबिचको दशकौं पुरानो गठबन्धनमा एक ऐतिहासिक क्षण बताएका छन्। रियादको अल-यामामा दरबारमा भएको हस्ताक्षर समारोहमा इस्लाम धर्मका दुई पवित्र स्थलका संरक्षक साउदी अरेबियाका वरिष्ठ अधिकारीले मुस्लिमबहुल देशमध्ये एक मात्र आणविक शक्तिसम्पन्न राष्ट्र पाकिस्तानका प्रतिनिधि उपस्थित थिए।

पाकिस्तानको विदेश मन्त्रालयले साउदी अरेबियासँग भएको सम्झौताले 'सुरक्षा सुदृढ गर्ने र क्षेत्रीय शान्ति प्रवर्द्धन गर्ने दुई देशको 'साझा प्रतिबद्धता' प्रतिबिम्बित गर्छ। साथै सम्झौतामा दुई देशले 'कुनै आक्रमण भएको समयमा संयुक्त प्रतिरोधलाई बलियो बनाउने' वाचा गरेको बताएको छ। 'सम्झौताअनुसार कुनै एक देशविरुद्ध हुने आक्रमणलाई दुवै देशविरुद्ध भएको आक्रमण मानिनेछ,' पाकिस्तानको विदेश मन्त्रालयले भन्यो।



● अविद हुसेन

हुसेन अलजजिरा इंग्लिसका डिजिटल संवाददाता हुन्।

वासिंटन डिसीमा मुख्यालय रहेको स्टिमसन सेन्टरका वरिष्ठ फेलो असफन्दयार मिरले सम्झौतालाई दुवै देशका लागि 'कोसेढुंगा'को रूपमा वर्णन गरे। 'पाकिस्तानले पहिले शीतयुद्धको समयमा संयुक्त राज्य अमेरिकासँग पारस्परिक रक्षा सन्धि गरेको थियो। तर, सन् १९७० को दशकसम्म आइपुग्दा सो सन्धि धराशयी भयो। अहिले पाकिस्तानको चीनसँग व्यापक रक्षा सहयोग छ, तर पनि दुई देशबिच औपचारिक रूपमा कुनै पारस्परिक रक्षा सम्झौता छैन,' मिरले अल जजिरालाई भने।

युनिभर्सिटी अफ टेक्नोलोजी-सिड्नीमा दक्षिण एसिया सुरक्षा अनुसन्धानकर्ता मुहम्मद फैजलले यही सम्झौताको ढाँचामा पाकिस्तानको अन्य दुई प्रमुख खाडी साझेदार संयुक्त अरब इमिरेट्स (युएई) र कतारसँग द्विपक्षीय रक्षा सहयोगमा हुन सक्ने बताए।

पाकिस्तान-साउदी अरबबिचको सैन्य सहयोगको इतिहास

अगस्ट १९४७ मा स्वतन्त्र भएपछि पाकिस्तानलाई मान्यता दिने पहिलो देशमध्ये एक थियो, साउदी अरब। त्यसको चार वर्षपछि दुई देशले 'मित्रताको सन्धि'मा हस्ताक्षर गरे। जुन सन्धिले दुई देशबिच दशकौंको रणनीतिक, राजनीतिक, सैन्य र आर्थिक सहयोगको जग बसाल्यो। त्यसपछिका वर्षमा पाकिस्तानी सेना धेरैपटक साउदी अरबमा तैनाथ गरिएका छन्। त्यस्तै, खाडीमा गएर पाकिस्तानमा ल्याएर पनि साउदी सेनालाई तालिम दिइएको छ। आधिकारिक रेकर्डअनुसार पाकिस्तानले सन् १९६७ देखि यता आठ हजारभन्दा बढी साउदी सेनालाई तालिम दिइसकेको छ। सन् १९८२ मा दुई देशले 'पाकिस्तानी सेनाको प्रतिनिधिमण्डल र सैन्य तालिम' सुनिश्चित गर्ने सम्झौतामा हस्ताक्षर गरेपछि सहकार्य थप प्रगाढ बन्यो।



> सम्झौतामा दुई देशले 'कुनै आक्रमण भएको समयमा संयुक्त प्रतिरोधलाई बलियो बनाउने' वाचा गरेको बताएको छ। सम्झौताअनुसार कुनै एक देशविरुद्ध हुने आक्रमणलाई दुवै देशविरुद्ध भएको आक्रमण मानिने भनिएको छ। यसले हालसम्म अमेरिकी सुरक्षा छातामा रहेको मध्यपूर्वमा नयाँ आयाम विकास गरेको विश्वास गरिएको छ।

पछिल्लो सम्झौता मध्यपूर्वको भूराजनीतिक तनाव चुलिएको समयमा भएको छ। इजरायलको गाजामाथिको दुई वर्षदेखि चलिरहेको युद्ध र त्यस्तै क्षेत्रीय छिमेकीमाथिको तेल अभिभको आक्रमणले खाडी राज्य अहिले असहज अवस्थामा छन्। खाडी देशलाई संयुक्त राज्य अमेरिकाले दिएको सुरक्षा ग्यारेन्टीमाथिको विश्वास धरमराएको छ। सन् २०२५ को बिचसम्म मध्यपूर्वभरि लगभग ४० देखि ५० हजार अमेरिकी सेना तैनाथ छन्। तर पनि खाडी देशमा अमेरिकाको सबैभन्दा घनिष्ठ मित्र इजरायलबाटै असुरक्षाभाव बढेको छ।

साउदी अधिकारीले पाकिस्तानसँग भएको पछिल्लो सुरक्षा सम्झौताका लागि कम्तीमा एक वर्षदेखि पर्दापछाडि काम भइरहेको जानकारी गराएको छ। वासिंटन डिसीका स्वतन्त्र सुरक्षा विश्लेषक सहर खानले सम्झौतामा प्रयोग गरिएको भाषाले अमेरिकामा आशंका उब्जाउन सक्ने चेतावनी दिए। पछिल्ला केही महिनाको नजदिकीका बाबजुद पाकिस्तानप्रति अमेरिका पूर्ण विश्वस्त छैन। पूर्वराष्ट्रपति जो बाइडेनको कार्यकालमा अमेरिकाले इस्लामाबादको ब्यालिस्टिक क्षेप्यास्त्र कार्यक्रमसँग जोडिएका पाकिस्तानी नागरिक र फर्ममाथि सातपटक प्रतिबन्ध लगाएको थियो। बाइडेन प्रशासनका अधिकारीले पाकिस्तानले निर्माण गरिरहेको क्षेप्यास्त्रले अमेरिकासम्म आणविक हतियार बोक्न सक्ने चिन्ता सार्वजनिक रूपमा व्यक्त गरेका थिए।

उच्च तनावमा मध्यपूर्व

यसै वर्ष जुनमा इजरायलले इरानसँग १२ दिने युद्ध लडेको थियो। त्यस क्रममा इरानका आणविक संयन्त्रका साथै वरिष्ठ नेता र सैन्य नेतालाई निसाना बनाइएका थिए। इजरायलको सहयोगमा अघि आएको अमेरिकाका बमवर्षक विमानले इरानका प्रमुख आणविक स्थलमाथि विशाल बंकर-बस्टर बम खसाल्यो। त्यसको तीन महिनापछि इजरायलले कतारको राजधानी दूतावास, सुपरमार्केट र विद्यालय रहेको क्षेत्रमा आक्रमण गऱ्यो। हमासका नेतालक्षित आक्रमणमा कम्तीमा पाँच हमास सदस्य र एक कतारी सुरक्षा अधिकारीको मृत्यु भयो।

दोहा आक्रमणपछि अरबी र इस्लामिक राष्ट्रको आपत् कालीन बैठक बोलाइयो। 'गल्फ कोअपरेसन काउन्सिल (जिसिसी)'का सदस्य राष्ट्रहरू बहराइन, कुवेत, ओमान, कतार, साउदी अरेबिया र युएईले संयुक्त रक्षा संयन्त्र सक्रिय गर्ने बताएका छन्। फैजलका अनुसार पाकिस्तान-साउदी सम्झौतालाई यही पछिल्लो विकासक्रमको लेन्सबाट हेर्नुपर्छ। 'यी घटनाले खाडी राज्यहरूको सुरक्षा चिन्ता बढाएको छ। अमेरिकी सुरक्षा छातामाथिको यी देशको विश्वास धरमराएको छ। खाडी देशले आफ्नो सुरक्षालाई बलियो बनाउन खोज्दा पाकिस्तान, इजिप्ट र टर्कीएजस्ता क्षेत्रीय देश स्वाभाविक साझेदारको रूपमा देखा पर्नेछन्,' फैजलले भने।

स्टिमसन सेन्टरका मिरले यस सम्झौतापछि पाकिस्तान र साउदी अरेबियाले एक-अर्कामाथि संकट आइपर्दा जोखिमलाई कसरी व्यवस्थापन गर्छन् भन्ने कुराको पनि परीक्षण हुने बताए। 'सम्झौताअनुरूप पाकिस्तान अब साउदी अरबको क्षेत्रीय प्रतिद्वन्द्वितामा तानिन सक्छ। त्यसो भएमा विशेषगरी पाकिस्तानको उसको छिमेकी इरानसँगको तनाव चुलिनेछ,' मिरले भने, 'त्यस्तै साउदी अरब पाकिस्तानको विवादमा अघि आएर विशेषगरी भारतसँग र सम्भवतः तालिबान नेतृत्वको अफगानिस्तानसँग सम्बन्ध बिग्रिनेछ।'

भारतीय प्रश्न

साउदी-पाकिस्तानबिचको रक्षा सम्झौतालाई पाकिस्तानको चिर प्रतिद्वन्द्वी भारतमा पनि नजिकबाट हेरिनेछ। गत अप्रिलमा पहलगाम आक्रमणपछि दुई देशको सम्बन्ध अहिलेसम्मकै न्यून तहमा खस्किएको छ। भारत प्रशासित कस्मिरमा रहेको पहलगाममा बन्दुकधारीले २६ जना सर्वसाधारणको हत्या गरेका थिए। आक्रमणमा पाकिस्तानको संलग्नता रहेको भारतले दोष लगाएको थियो, जसलाई पाकिस्तानले खण्डन गऱ्यो। विवाद बढ्दै जाँदा मे महिनामा दुई देशबिच चार दिनको झडप भयो। त्यो समय दुई देशले एक-अर्काको सैन्य अड्डालाई मिसाइल र ड्रोनले हानेका थिए। लगभग तीन दशकयताकै सबैभन्दा गम्भीर तनाव मे १० मा युद्धविरामसँगै टुंगियो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्धविरामका लागि आफूले मध्यस्थता गरेको दाबी गरेका थिए।

भारतका विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले बिहीबार साप्ताहिक समाचार ब्रिफिङका क्रममा 'भारत सरकार सम्झौताबारे सचेत रहेको' बताएका थिए। 'हामी यस घटनाको हाम्रो राष्ट्रिय सुरक्षाका साथै क्षेत्रीय र विश्वव्यापी स्थिरतामा पर्ने प्रभावबारे अध्ययन गर्नेछौं। सरकार राष्ट्रिय हितको रक्षा गर्न र सबै क्षेत्रमा व्यापक राष्ट्रिय सुरक्षा सुनिश्चित गर्न प्रतिबद्ध छ,' जयसवालले सम्झौताबारे सोधिएको प्रश्नमा भने।

सिड्नीका फैजलले यस सम्झौताले पाकिस्तान-साउदी सम्बन्धलाई पुनः सन्तुलित गर्न सक्ने विश्लेषण गर्छन्। पछिल्लो समय दुई देशको सम्बन्धमा साउदी हाबी देखिँदै आएको छ। आर्थिक रूपमा संघर्षरत पाकिस्तानी अर्थतन्त्र डुब्न लाग्दा पटक-पटक साउदी उद्धारमा अगाडि आएको देखिन्छ। यही असमान सम्बन्धबिच रियादले भारतसँग घनिष्ठ सम्बन्ध विकास गरिरहेको देखियो। पछिल्लो एक दशकभित्रै भारत र रियादबिचको सम्बन्ध निरन्तर रूपमा गहिरो बन्दै गएको छ। यसैको संकेतका रूपमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यसै अप्रिलमा एक दशकभित्रको तेस्रो साउदी भ्रमण गरे।

साउदी अरबले अझै पनि पाकिस्तानसँगको सम्बन्ध आफ्नालाई उपयोगी भएको प्रमाणको रूपमा नयाँ सम्झौता आएको मिरले बताए। भारतले इस्लामाबादलाई विश्व मञ्चमा एक्ल्याउने प्रयास गरे पनि उसको बलियो समर्थक अझै रहेको संकेत पनि दिएको छ, यसले। साउदी अरबसँगको बलियो सामूहिक रक्षा सम्झौताले भविष्यमा भारत-पाकिस्तान गतिशीलतामा धेरै जटिलता हुन सक्ने मिर मान्छन्।

साउदी अरेबियामाथि पाकिस्तानको आणविक ढाल

पाकिस्तान र साउदी अरबबिच हस्ताक्षर भएको सम्झौताको दायराका केही कुरा अझै अस्पष्ट नै छन्। पाकिस्तानले साउदी अरबसँग पहिले पनि रक्षा सम्झौता गरेको थियो। तीमध्ये कुनै पनि आणविक सुरक्षाका आश्वासन वा 'आणविक छाता'को गठन गर्नेसम्म पुगेनन्। यसपटकको सम्झौताले पनि आणविक संरक्षण वा कुनै विस्तारित निरोधको गठनलाई संकेत गर्ने केही छैन, साउदी अरबले लामो समयदेखि खनिज इन्धनमाथिको निर्भरता घटाएर ऊर्जा विविधीकरण गर्न आणविक प्रविधिमाथि रुचि देखाउँदै आएको छ।

मिरले पछिल्लो सम्झौताले अन्य गठबन्धनको शृंखलालाई प्रेरित गर्ने जोखिम रहेको बताए। 'सम्झौताले के गर्छ वा के गर्दैन भन्दा पनि यसले नयाँ गठबन्धनको राजनीति सुरु गर्न सक्छ,' मिरले भने। तथापि, यसले पनि यो सम्झौताको राजनीतिक महत्त्वलाई कम नगर्ने बताउँदै उनले भने, 'यो दुवै देशका लागि ठुलो विकास हो।'

अलजजिराबाट

इतिहासमा आज

सेप्टेम्बर १९



सन् १८९३ : न्युजिल्यान्ड महिलालाई मताधिकार प्रदान गर्ने विश्वको पहिलो देश बन्यो।

● **सन् १३५६** : 'सय वर्ष युद्ध'का क्रममा भएको 'पाटिए युद्ध'मा अंग्रेज फौजले फ्रान्सलाई हराउँदै फ्रान्सेली राजा जोन द्वितीयलाई कब्जामा लिए।

● **सन् १७८३** : विश्वमा पहिलोपटक मानव निर्मित वाहनमा जीवजन्तु उडे। फ्रान्समा मोन्टगोल्फियर दाजुभाइले बनाएको हट-एअर बेलुनमा भेडा, हाँस र कुखुराको भाले उडाइएको थियो।

● **सन् १७९६** : अमेरिकी राष्ट्रपतिका रूपमा जर्ज वासिंटनको विदाइ सम्बोधन 'अमेरिकन डेली एड्भाइजर'मा प्रकाशित भयो। सम्बोधन भाषणभन्दा पनि खुलापत्रका रूपमा थियो, जसमा वासिंटनले तेस्रो कार्यकाल राष्ट्रपति बन्न नचाहनुको कारण बताएका छन्।

● सन् १८७० : फ्रान्को-प्रुसियन युद्धका क्रममा प्रुसियाले यसै दिनदेखि पेरिसमाथि नाकाबन्दी सुरु गऱ्यो। लामो समय टिकेर अन्ततः जनवरी २८ मा पेरिसले आत्मसमर्पण गरेको थियो।

● **सन् १८८८** : बेल्जियमको स्पा भन्ने ठाउँमा विश्वको पहिलो सौन्दर्य प्रतियोगिता आयोजना भयो। 'कोनकोर्स डे ब्युटी'नामक प्रतियोगितामा १८ वर्षीया बर्था सोकारेट ग्रहको सबैभन्दा सुन्दर युवती घोषित भएकी थिइन्।

● **सन् १८९६** : बम्बईमा प्लेग महामारीको घोषणा, जसमा दसौं हजारको ज्यान गयो।

● **सन् १९५२** : बेलायतको यात्रामा गएका चार्ली च्याप्लिनलाई कम्युनिस्टनजिक भएको आरोपमा अमेरिका फर्किन प्रतिबन्ध लगाइयो।

● **सन् १९९१** : इटलीको आल्प क्षेत्रमा घुमिरहेका जर्मन हाइकरले युरोपको सबैभन्दा पुरानो (पाँच हजार वर्ष पुरानो) प्राकृतिक मानव मम्मी (अवशेष) 'आट्जी, द आइसम्यान' भेटे।

● **सन् २००६** : थाइल्यान्डको सेनाले कुमार्फत थाक्सिन सिनावात्राको सरकार अपदस्थ गऱ्यो।

इजरायलले 'नरसंहार' गरेको संयुक्त राष्ट्र संघको अनुसन्धान निष्कर्ष

न्युयोर्क/ संयुक्त राष्ट्र संघको एक अनुसन्धानले गाजामा इजरायलले युद्धका क्रममा नरसंहार मच्चाएको निष्कर्ष निकालेको छ। लगभग दुई वर्षदेखि इजरायलले गाजामाथि आक्रमण गरिरहेको छ। इजरायली नियन्त्रणमा रहेको सो प्यालेस्टिनी क्षेत्रबारे संयुक्त राष्ट्र संघको स्वतन्त्र अन्तर्राष्ट्रिय अनुसन्धान आयोगकी अध्यक्ष नाभी पिल्लेका अनुसार अनुसन्धानले 'नरसंहारमा इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहु, पूर्वरक्षामन्त्री योभ ग्यालान्ट र राष्ट्रपति आइज्याक हर्जोगलगायत इजरायली नेता नै जिम्मेवार रहेको' देखाउँछ। प्रतिवेदनअनुसार आयोगले इजरायली अधिकारीले सार्वजनिक रूपमा दिएका बयानसँगै 'परिस्थितिगत प्रमाण'का आधारमा युद्धमा नरसंहारको मनसाय देखिएको निष्कर्ष निकालेका हुन्। आयोगले इजरायली अधिकारी र इजरायली सुरक्षा बलमाथि गाजापट्टीमा प्यालेस्टिनीलाई पूर्ण वा आंशिक रूपमा नष्ट गर्ने नरसंहारकारी मनसाय रहेको प्रतिवेदनमा भनिएको छ। त्यस्तै, प्रतिवेदनले इजरायली सैनिकले 'व्यापक विध्वंसात्मक हतियार' प्रयोग गरेर गाजाका नागरिकलाई 'जानाजान मारेको' पाएको छ।

इजरायलको विदेश मन्त्रालयले संयुक्त राष्ट्रसंघीय अनुसन्धानको निष्कर्षलाई 'झुटो' भनेर आलोचना गरेको छ। समाजिक सञ्जाल एक्समा एक पोस्ट गर्दै मन्त्रालयले रिपोर्टका लेखकहरू 'हमासको प्रतिनिधिको रूपमा काम गरेको' आरोप लगाएको छ। 'इजरायलले यो विकृत र गलत रिपोर्टलाई स्पष्ट रूपमा अस्वीकार गर्छ। र, यस अनुसन्धान आयोगलाई तुरुन्तै खारेज गर्न आह्वान गर्छ,' मन्त्रालयले पोस्टमा भनेको छ।

अमेरिकी साझेदारमाथि प्रहार गर्दा इजरायलले भोगेको परिणाम



● अदिती भादुरी

लेखक पत्रकार तथा राजनीतिक विश्लेषक हुन्।



सेप्टेम्बर ९ मा इजरायलले दोहाको एक जिल्लामा हमासको राजनीतिक ब्युरोले प्रयोग गर्ने एउटा परिसरमा आक्रमण गऱ्यो। मध्यपूर्वी मापदण्डअनुसार पनि यो एक अभूतपूर्व कदम थियो, वर्षौंदेखि इजरायलसँग अनौपचारिक सम्बन्ध रहेको नजिकको अमेरिकी सहयोगीमाथि आक्रमण। यसबाहेक यो आक्रमण त्यस्तो समयमा भएको थियो, जतिबेला हमासका वरिष्ठ व्यक्तिले अमेरिकासमर्थित युद्धविराम र बन्धक प्रस्तावबारे सोचिरहेका थिए।

हमासका नेतालाई लक्षित उक्त आक्रमणमा कतारी सुरक्षा अधिकारीसहित छजनाको मृत्यु भयो। अन्यमा हमासका वरिष्ठ नेता खलिल अल-हया र तीन अंगरक्षक थिए। इजरायली मिडियाका अनुसार आक्रमणमा १५ लडाकु विमान प्रयोग भएका थिए। आक्रमणमा १० बम खसालिएको थियो। यद्यपि, अब यो पुष्टि भएको छ कि इजरायलले हमास नेतृत्वलाई निमिट्यान्न पार्ने आफ्नो मूल उद्देश्य पूरा गर्न असफल भयो। नेतृत्वमा अल-हयाबाहेक खालेद मसाल र जहेर जबरिन पनि थिए।

आगामी शिखर सम्मेलन

कतारका प्रधानमन्त्री सेख मोहम्मद बिन अब्दुल रहमान अल थानीले उक्त आक्रमणलाई 'कायरतापूर्ण' भनेका छन् र यो आफ्नो देशको सार्वभौमसत्तामाथिको आक्रमण भएको बताएका छन्। उनको सरकारले इजरायली वार्ताकारसँगको सम्पर्क स्थगित गरेको छ र आउँदो सप्ताहन्तमा अरब-इस्लामिक शिखर सम्मेलन आयोजना गर्ने तयारी गरिरहेको छ। कतारले संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसलाई पत्र पनि पठाएको छ, जसमा इजरायली आक्रमणको निन्दा गरिएको छ।

अमेरिकाले पनि आक्रमणलाई लिएर इजरायलको आलोचना गरेको छ। आखिर, कतार अमेरिकाको नजिकको सहयोगी हो। उसको अल उदेइद एयरबेसमा अमेरिकी आधार रहेको छ। राष्ट्रपति ट्रम्पले कतारमा बम विस्फोट गर्ने निर्णय 'प्रधानमन्त्री नेतन्याहुले' गरेको बताए। 'एक सार्वभौम राष्ट्र र संयुक्त राज्य अमेरिकाको नजिकको सहयोगी कतारभित्र एकतर्फी बम विस्फोटले जोखिम मोलेको छ, यसले इजरायल वा अमेरिकाको लक्ष्यलाई अगाडि बढाउँदैन,' आक्रमणपछि उनले भने। इजरायली जेटहरूले अमेरिकासँग समन्वय नगरी आक्रमण गरेको र क्षेप्यास्त्रहरू हावामा उडेपछि मात्र अमेरिकी अधिकारीले के भइरहेको छ भन्ने महसुस गरेको ह्वाइट हाउसले जनाएको छ। राष्ट्रपति डोनाल्ड ट्रम्पले राजदूत स्टिव विटकफलाई कतारीलाई चेतावनी दिन आदेश दिए, तर उनले सम्पर्क गर्दासम्म बम विस्फोट भइसकेको थियो। यद्यपि, कतारीहरूले यो भनाइलाई अस्वीकार गर्छन्।

> अमेरिकाले कतारमाथिको आक्रमणलाई लिएर इजरायलको आलोचना गरेको छ। आखिर, कतार अमेरिकाको नजिकको सहयोगी हो। उसको अल उदेइद एयरबेसमा अमेरिकी आधार रहेको छ। राष्ट्रपति ट्रम्पले कतारमा बम विस्फोट गर्ने निर्णय 'प्रधानमन्त्री नेतन्याहुले' गरेको बताए।

सुरक्षा परिषद्को निन्दा

एउटा दुर्लभ कदममा संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले पनि दोहामा भएको हमलाको निन्दा गर्दै संयुक्त विज्ञप्ति जारी गऱ्यो, यद्यपि त्यसमा इजरायलको नाम उल्लेख गरिएको थिएन। अर्को अभूतपूर्व कदममा सबै खाडी देशले कतारको समर्थनमा एकताबद्ध भएर इजरायलको निन्दा गरे। खाडी देशले कतार र यसको सार्वभौमिकताका लागि समर्थन व्यक्त गरे। युएईका शासक सेख मोहम्मद बिन जायद अल नाह्यान (एमबिजेड) ले कतारी अमिर अल थानीलाई भेट्न दोहाको यात्रा पनि गरे। कुवेतसँगै बहराइन र साउदी अरेबियाले पनि इजरायलको हवाई आक्रमणको कडा निन्दा गरेका छन्। यी तीनैजना खाडी सेखले २०१७ मा कतारसँग सम्बन्ध तोडेका थिए। कतारले आतंकवादलाई प्रोत्साहन गरिरहेको आरोपमा उनीहरूले नाकाबन्दी लगाएका थिए।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहु गाजामा भइरहेको अनिकाल र त्यहाँ व्यापक मृत्यु र विनाशका लागि पहिले नै छानबिनको दायरमा थिए। तर, उनले कतारले आतंकवादलाई प्रश्रय दिएको तर्क गर्दै उसमाथि हमला गर्ने तर्क गरे। 'भोलि सेप्टेम्बर ११ हो। हामी सेप्टेम्बर ११ सम्झन्छौं। त्यस दिन इस्लामी आतंककारीले संयुक्त राज्य अमेरिकाको स्थापनापछि अमेरिकी भूमिमा बर्बर हमला गरे। यता हामी अक्टोबर ७ सम्झन्छौं। सो दिन इस्लामी आतंककारीले यहुदी जनताविरुद्ध पाशविक हमला गरे,' नेतन्याहुले सामाजिक सञ्जाल एक्समा पोस्ट गरिएको एक भिडियो सन्देशमा भने।

इजरायलको मुद्दा

जेरुसेलम इन्स्टिच्युट फर स्ट्राटेजी एन्ड सेक्युरिटीका सेवानिवृत्त प्रमुख जनरल योसी कुपरवासरले मिडियालाई भने, 'कतारले आफ्नो माटोमा आतंकवादी समूहलाई आश्रय दिएको छ। त्यसको परिणाम भोग्नुपरेको छ।' दोहाको रणनीतिको निन्दा गर्दै उनले भने, 'उनीहरूलाई बारम्बार चेतावनी दिइएको थियो कि हमासलाई आश्रय दिनु गल्ती थियो। तर, हाम्रो चेतावनीलाई बेवास्ता गरे।' वास्तवमा कतारलाई 'आगजनी' र 'आगो निभाउने' दुवै माध्यमको रूपमा धेरैले आरोप लगाएका थिए। यसले पहिले हमासलाई समर्थन गऱ्यो, जसका कारण हमास अक्टोबर ७, २०२३ मा अतिवादी कार्य गर्न सक्षम भयो। अहिले भने कतार वार्ताकार र शान्ति निर्माताको एक महत्त्वपूर्ण माध्यम बनेको छ।

अतिवादी इतिहास

वास्तवमा कतारले सक्रिय समर्थन जनाएको अतिवादी समूहमा हमास मात्र होइन। संयुक्त राष्ट्रसंघले तालिबानलाई आतंकवादी समूहको रूपमा प्रतिबन्ध लगाएको समयमा र अफगानिस्तानको वैध सरकारविरुद्ध विद्रोह भइरहेका बेला यसले तालिबानलाई समर्थन र वैधता दिएको थियो। अन्ततः २०२० मा पहिलो ट्रम्प प्रशासनको अधीनमा तालिबान र अमेरिकाबिचको वार्तामा मध्यस्थकर्ताको भूमिका कतारले निर्वाह गऱ्यो।

कतारको दृष्टिकोणमा यो द्विविधा बुझ्न यो बुझ्नु महत्त्वपूर्ण छ कि सानो तर ग्यासले भरिपूर्ण सेखडोम (सेखको राजधानी सहर) ले अस्ट्रिया र नर्वेजस्ता देशहरूले अन्तर्राष्ट्रिय मामिलामा खेलेको भूमिकाजस्तै विश्वव्यापी शक्तिको रूपमा आफूलाई स्थापित गरेको थियो। कतारको संविधानको धारा ७ ले मध्यस्थतालाई 'अन्तर्राष्ट्रिय विवादको शान्तिपूर्ण समाधानलाई प्रोत्साहन गर्ने सिद्धान्तमा आधारित' प्रमुख विदेश नीति प्राथमिकताको रूपमा तोकेको छ। सन् २०२३ मा कतारको विदेश मन्त्रालयले मध्यस्थता फाइलहरूलाई बढी कूटनीतिक महत्व दिँदै र विशेष दूतहरू र उच्चस्तरीय अधिकारीको टोलीलाई बढाउँदै नयाँ मन्त्रीस्तरीय भूमिका स्थापना गऱ्यो।

मध्यस्थकर्ता हुनुको लागत

कतारको विदेश मन्त्रालयले भनेको छ कि 'कतारको मध्यस्थताको लक्ष्य द्वन्द्व व्यवस्थापन र द्वन्द्व र विवादको शान्तिपूर्ण समाधानलाई प्रवर्द्धन र प्राप्त गर्नु हो। कतारको मध्यस्थता अन्तर-राज्यस्तरका साथै राज्य र विभिन्न गैरराज्य पक्षबिच हुन्छ। कतारले ट्र्याक १ र ट्र्याक २ शान्ति स्थापना र द्वन्द्व समाधान दुवैको मध्यस्थतालाई बढावा दिन्छ। यही कारण कतार समावेशी संवाद प्रक्रियाहरूको समर्थन गर्छ।'

यस मूल मर्ममा कतारले सिरियाली गृहयुद्धको समयमा तालिबान, हमासजस्ता समूह, विभिन्न सिरियाली विपक्षी समूहलाई आतिथ्य दिएको छ र सिरियाको वर्तमान शासक बनेका व्यक्तिको नेतृत्वमा रहेको अल नुस्रा फ्रन्टसहित विभिन्न कट्टरपन्थी समूह र व्यक्तिलाई समर्थन गरेको छ। यसको नरम शक्ति प्रतिनिधि अल जजिरालाई प्रायः सार्वभौम राज्यको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने, विचारलाई भड्काउने आरोप लगाइएको छ भने कतारबारेका रिपोर्टहरू अत्यधिक सेन्सर गरिएको छ।

अचम्मलाग्दो हमला

कतारमाथिका आक्रमण अचम्मलाग्दा छन्। अक्टोबर २०२३ को आक्रमणअघि इजरायलसँगको समन्वयमा गाजामा हमास सरकारलाई समर्थन गरेका कारण होइन। तर, आक्रमणपछि इजरायलीले कतारमाथि औंला तेर्स्याइरहेका बेला नेतन्याहु सरकारले इजरायलमा कतारलाई सकारात्मक प्रकाशमा चित्रण गर्न कतारद्वारा वित्त पोषित पिआर अभियान चलाएको आरोप लागेको थियो, जुन कतार-गेट काण्डको रूपमा परिचित भयो। हमलाको तत्काल कारण सोमबार जेरुसेलममा भएको हमास आतंकवादी आक्रमण हुन सक्छ, जसमा ६ जनाको मृत्यु भएको छ भने १२ जना घाइते भएका छन्। नेतन्याहुले कतारलाई हमास प्रमुखलाई निष्कासन गर्न आग्रह गरेका छन्। गाजामा अझै पनि ४८ इजरायली बन्धक बनाइएका छन्। विगत दुई वर्षदेखि गाजामा भइरहेको विनाशकारी युद्धका बाबजुद सबै बन्धकलाई फिर्ता ल्याउन असफल भएकोमा इजरायलभित्र सरकारविरुद्ध ठुलो आक्रोश छ।

एनडिटिभीबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार ३ असोज ०८२

सबैभन्दा ठुलो श्रम बजार युएईमा नेपाली श्रमिकलाई रोक

साउनमा श्रम स्वीकृति लिएर बिदेसिएका ६८ हजार एक सय १० युवामध्ये युएई जानका लागि २३ हजार आठ सय ३८ ले लिएका थिए श्रम स्वीकृति



अजित अधिकारी/नयाँ पत्रिका

नेपाली श्रमिक युवाको सबैभन्दा आकर्षक गन्तव्यका रूपमा परिचित संयुक्त अरब इमिरेट्स (युएई)ले नेपालीका लागि भिजिट र वर्किङ भिसा रोकेको छ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार युवाहरू काम खोज्दै पुग्ने देशहरूको सूचीमा युएई सबैभन्दा अगाडि छ। गत आर्थिक वर्ष ०८१/८२ मा आठ लाख ३९ हजार दुई सय ६६ युवा श्रम स्वीकृति लिएर विदेश गएकोमा सबैभन्दा धेरै युएईमा दुई लाख ७४ हजार पाँच सय ९० युवा पुगेका थिए। चालू आव ०८२/८३ को साउनमा मात्रै पनि काम खोज्दै बिदेसिने युवामध्ये सबैभन्दा धेरै युएई नै पुगेका छन्। युएईको पछिल्लो निर्णयले आउँदा दिनमा नेपालीको प्रमुख रोजगारीको गन्तव्यमा जान कठिन देखिएको छ।

विभागका अनुसार साउनमा श्रम स्वीकृति लिएर ६८ हजार एक सय १० युवा बिदेसिएका थिए। त्यसमध्ये युएई जानका लागि २३ हजार आठ सय ३८ ले श्रम स्वीकृति लिएका थिए। रोजगारदाताले गर्ने व्यवहार, मौसम, तलब र अन्य सुविधाका कारण तुलनात्मक रूपमा राम्रो भएकाले अदक्ष तथा अर्धदक्ष युवाको पहिलो रोजाइ युएई बनिरहेको छ। तर, केही दिनयता युएईले नेपाली श्रमिक आपूर्ति नगर्ने नीति लागू गरेपछि भने समग्र वैदेशिक रोजगार प्रणालीमै असर पर्ने लागेको वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान अध्यक्ष रोहन गुरुङले बताए। उनले चार दिनयता भिजिट भिसा र श्रम स्वीकृतिको भिसा रोकिएको जानकारी दिए। 'खासगरी दुबईमा भिजिट भिसामा जाने र त्यहाँबाट अन्य देशमा जाने प्रवृत्ति धेरै देखिन्थ्यो। दुबईलाई ट्रान्जिट बनाइएको थियो। यस विषयमा नेपाली दूतावासमा युएईले जानकारी पनि गराएको जस्तो लाग्छ। भिजिट भिसाको दुरुपयोग भएपछि त्यसलाई कडाइ गरेको थियो,' उनले भने।

युएईले यसअघि पाकिस्तान, बंगलादेश र काश्मिरका युवालाई श्रम स्वीकृति बन्द गरिसकेको छ। रोजगारका लागि पुगेका नेपाली युवाहरू हुलदंगा गर्ने तथा सामाजिक शान्तिमा असर पर्ने गतिविधिमा क्रियाशील भइरहेको र दुबईलाई ट्रान्जिट बनाएर विभिन्न देश जाने गरेको भन्दै युएईले अबुधाबीस्थित नेपाली दूतावासलाई समेत सचेत गराएको थियो।

खाडी मुलुकमा यस्तो छ युवाको संख्या

खाडी मुलुकहरूमा अदक्ष र अर्धदक्ष कामदारको ठुलो उपस्थिति छ। वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार गत आव ०८१/८२ मा युइएईपछि साउदी अरबमा रोजगारीमा लागि एक लाख ५२ हजार पाँच सय ५७ युवा पुगेका छन्। त्यस्तै, कतारमा एक लाख ४० हजार सात सय ९२, कुवेतमा ५९ हजार ६५ र मलेसियामा ४९ हजार एक सय ८७ युवा पुगेका छन्। युएईको रोजगारीमा असर परे नेपाली युवाहरू अन्य खाडी मुलुकतर्फ मोडिनेछन्। तीन वर्षअघि मलेसियाले आप्रवासी कामदारको आपूर्ति संख्यामा ठुलो कटौती गरेपछि युवाहरू युएईतर्फ मोडिएका थिए। सुरुवातमा भने सबैभन्दा आकर्षक गन्तव्य मलेसिया थियो। कुल मागको १० प्रतिशत मात्रै आप्रवासी कामदार लिने मलेसियाको नीतिका कारण अहिले न्यून संख्यामा मात्रै मलेसियाका लागि माग आउने र श्रम स्वीकृति प्रदान हुने गरेको विभागले जनाएको छ।

युएईतर्फ रोजगार संकटमा परे साउदी अरब जाने संख्या बढ्ने अनुमान छ। किनभने, साउदीसँग श्रम सम्झौता गर्ने मन्त्रिपरिषद्बाट निर्णय भइसकेको छ। साउदी र नेपालबिच श्रम सम्झौतामा हस्ताक्षर भए अन्तर्राष्ट्रिय कानुनअनुसार कामदारमैत्री वातावरण र ज्यालासमेत निर्धारण हुनेछ। अर्कातिर सन् २०३४ को विश्वकप आयोजनाको अधिकार लिएको साउदीले निर्माण क्षेत्रमा ठुलो संख्यामा आप्रवासी कामदार लिन सक्ने अनुमान छ।

यी राष्ट्रमा पनि फैलिँदै छ वैदेशिक रोजगारी

कोरियामा सरकारी स्तरबाट रोजगार प्रणाली सुरु भएपछि भाषा सिकेर जाने युवाको संख्या बढ्दै गएको छ। गत आवमा १४ हजार दुई सय २४ र जापानमा व्यक्तिगत श्रम स्वीकृति गरेर कोरिया पुगेको विभागले जनाएको छ। त्यस्तै, जापानमा व्यक्तिगत श्रम स्वीकृति गरेर गत आवमा २३ हजार ७१ युवा पुगेका छन्। युरोपियन राष्ट्रमध्ये रोमानियामा २७ हजार आठ सय ७४ र क्रोएसियामा १३ हजार आठ सय ३५ युवा पुगेका छन्।

मुलुकको रोजगार प्रणालीमा ठुलो असर पर्छ



● **रोहन गुरुङ, अध्यक्ष**, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

युएईमा भिजिटका लागि मात्रै नभई श्रमिकका लागि पनि भिसा दिन बन्द गरिएको चार दिनजति भइसक्यो। नेपालमा हालै भएको जेन-जी आन्दोलन र त्यस क्रममा घटेका घटनापछि भिसा दिन रोकिएको हो। खासगरी दुबईमा भिजिट भिसामा जाने र त्यहाँबाट अन्य देशमा जाने प्रवृत्ति धेरै देखिन्थ्यो। दुबईलाई ट्रान्जिट बनाइएको थियो। यस विषयमा नेपाली दूतावासमा युएईले जानकारी पनि गराएको जस्तो लाग्छ। भिजिट भिसाको दुरुपयोग भएपछि त्यसलाई कडाइ गरेको थियो। अहिले श्रम भिसा पनि रोकिदियो। नेपालबाट दैनिक १५ हजार हाराहारी मानिस रोजगारीका लागि जाँदा सबैभन्दा बढी युवा युएई जाने गरेका थिए। अब यो रोकिँदा समस्या हुनेछ। रोजगारीका लागि युएई जाने प्रक्रियामा धेरै युवा थिए। यी सबै युवा समस्यामा पर्ने भए। भिसा प्रक्रियामा रहेका युवाको पनि श्रम स्वीकृति रोकिएको छ, मेडिकल सकेर बसेकालाई पनि भिसा दिइएको छैन। नेपाल सरकार, परराष्ट्र मन्त्रालय र त्यहाँ भएको दूतावासले प्रयास गरेमा खुल्न सक्छ। प्रहरी रिपोर्ट अनिवार्य गराएर भिसा पुनः खुलाउन सक्छ, तर त्यसका लागि सरकारले पहल गर्नुपर्छ। सरकारले पहल नगरेमा पनि उनीहरूलाई श्रमिक चाहिएका खण्डमा र रोजगारदाताको सुझावमा पुनः भिसा खुलाउन सकिन्छ।

कमजोर देखियो लगानीकर्ताको मनोबल

जेन-जी आन्दोलनपछि खुलेको बजारमा पहिलो दिनमै १६०.३३ अंकको पहिरो

बजार खुलेको करिब एक घण्टामै तीनपटक सर्किट ब्रेक लागेर बन्द भयो नेप्से

पवन तिमिल्सिना/नयाँ पत्रिका


जेन-जी आन्दोलनका कारण स्थगित भएको सेयर बजार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक खुलेको पहिलो दिन नै पहिरो गएको छ। बिहीबार नेप्से परिसूचक १६०.३३ अंकले घटेर २५११.९१ विन्दुमा रोकिएको हो।

मार्केट भल्टलाई छाड्ने हो बिहीबार दिनभरिमा ६ मिनेट मात्रै कारोबार भएको छ। यो छोटो अवधिमा भएको बिक्रीको चापको कारण बजार ठुलो अंकमा घटेको हो। प्रिओपन सेसनपछि खुलेको बजार पहिलो दुई मिनेटमै ४ प्रतिशतले घटेर रोकियो। नियमअनुसार बजार खुलेको पहिलो घण्टामा ४ प्रतिशतले परिसूचक तलमाथि भएमा २० मिनेटको सर्किट ब्रेक लाग्छ। दोस्रोपटक खुलेको बजारले एक मिनेटमै ५ प्रतिशत गिरावटको थ्रेसहोल्ड नाघ्यो। लगत्तै बजार ४० मिनेटलाई स्थगन गरियो। तेस्रोपटकको कारोबार खुलेको तीन मिनेटमै परिसूचकको गिरावट ६ प्रतिशत पुगेसँगै बजार दिनभरिका लागि बन्द भएको हो।

जेन-जी प्रदर्शनपछि प्रतिनिधिसभा विघटन भएर फागुनमा निर्वाचन गर्ने घोषणासमेत भइसकेको छ। यस्तो वेलामा राजनीतिक अस्थिरता हुने देखिएपछि केही लगानीकर्ताले जोखिम महसुस गरेर हतारमा सेयर बिक्री गर्न खोज्दा बजार घटेको विज्ञहरूको विश्लेषण छ। स्टक ब्रोकर धर्मराज सापकोटाका अनुसार राजनीतिक अन्योलता र अस्थिरतामा बजार प्रभावित हुने गरेका छन्, त्यसैको निरन्तरता हो यो। उनले भने, 'राजनीतिक अस्थिरताको जोखिम देखिएको छ। त्यस्तै, आन्दोलनका क्रममा निजी क्षेत्रका संरचनामा क्षति भएको छ। यसले बैंक तथा बिमा क्षेत्र पनि प्रभावित पारेको छ। निजी क्षेत्रको मनोबल कमजोर भएको छ। त्यसैले हतारमा सेयर बेच्न खोज्दा यो अवस्था आएको हो।

लगानीकर्तामा परिपक्वताको कमी भएकाले पनि यस्तो हुने गरेको उनको बुझाइ छ। उनले भने, 'सेयर बजार भने संवेदनशील बजार हो। तर, हाम्रोमा लगानीकर्तामा परिपक्वताको कमी छ। धेरैजसो उधारोमा क्षमताभन्दा बढी सेयरमा लगानी गर्ने प्रवृत्ति पनि छ। जग बलियो भएका लगानीकर्ता आउने वातावरण पनि बन्न सकेको छैन।'

मौद्रिक नीतिपछि गति लिँदै गइरहेको सेयर बजारलाई आन्दोलनले प्राभावित पारे पनि आत्तिनुपर्ने स्थिति नरहेको लगानीकर्ता बताउँछन्। सेयर लगानीकर्ता छोटेलाल रौनियारले भने, 'यो लगानीकर्ताभन्दा पनि कारोबारी हाबी भएको बजार हो। ब्रोकरहरूले पनि जति धेरै कारोबार हुन्छ, त्यता बढी जोड दिइरहेका हुन्छन्। आत्तिने र मात्तिने प्रवृत्ति सेयर बजारका लागि हानिकारक हुन्छ।'





सेयर लगानीकर्ता छोटेलाल रौनियार भन्छन्-

यो लगानीकर्ताभन्दा पनि कारोबारी हाबी भएको बजार हो। ब्रोकरहरूले पनि जति धेरै कारोबार हुन्छ, त्यता बढी जोड दिइरहेका हुन्छन्। आत्तिने र मात्तिने प्रवृत्ति सेयर बजारका लागि हानिकारक हुन्छ।



परिसूचक तीन हजार विन्दुमा पुगेको अवस्थामा नाफा बुक गर्ने होडबाजीले बजार निरन्तर घटिरहेको थियो। त्यसपछि बजार बढ्ने अनुमान गरिए पनि अप्रत्याशित रूपमा आन्दोलन भएपछि बजार बन्द गर्नुपर्ने अवस्था आएको रौनियारको भनाइ छ। उनले भने, '०६२/६३ पछिको अन्दोलन, भूकम्प, कोभिडपछिका बजारका ट्रेन्ड विश्लेषण गर्ने हो भने बजार यस्तै प्यानिक सेल (त्रासमा बेच्ने) प्रवृत्ति देखिन्छ र पछि बजारले नयाँ आयाम दिने गरेको इतिहास छ। अहिलेको गिरावट पनि नयाँ बुलको संकेत हुन सक्छ। त्यसैले आत्तिएर सस्तो मूल्यमै बेचिहाल्नु मूर्खता हुन्छ। दसैँपछि खुल्ने बजार सकारात्मक हुने संकेत देखिएको छ।'

आठ कम्पनीको सेयर मूल्य १० प्रतिशतले घट्यो

उन्नति सहकार्य लघुवित्त, नेपाल पुनर्बिमा कम्पनी, नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी, ट्रेड टावर, सिन्धु विकास बैंक, सोल्टी होटेल, आइजिआई प्रुडेन्सियल इन्स्योरेन्स र सिनर्जी पावर डेभलपमेन्टको सेयर मूल्य १० प्रतिशतले घटेर सर्किट ब्रेक लागेको थियो।

क्रेस्ट माइक्रोलाइफ इन्स्योरेन्स, हिमालयन रिइन्स्योरेन्स र सप्तकोशी डेभलपमेन्ट बैंकको सेयर मूल्य ९.९९ प्रतिशतले घटेको छ। चन्द्रागिरि, शिखर इन्स्योरेन्स, हिमालयन पावर पार्टनर र नेसनल हाइड्रोपावर कम्पनीको सेयर मूल्य ९.९८ प्रतिशतले घटेको छ।

एनएलजी इन्स्योरेन्स, युनाइटेड अजोड, बेस्ट फाइनान्स, ओरेन्टल होटेल्स, आखु खोला जलविद्युत्, विशाल बजार कम्पनी, सिइडिबी होल्डिङ्स, सिटिजन्स लाइफ इन्स्योरेन्स, अपि पावर कम्पनी, विकास हाइड्रोपावर, बलेफी हाइड्रोपावर, सान्भी इनर्जी, एनआरएन इन्फ्रास्ट्रक्चर, जानकी फाइनान्स, सर्वोत्तम सिमेन्ट, बुटवल पावर कम्पनी र हिमाल दोलखा जलविद्युत्को सेयर मूल्य ९ प्रतिशतभन्दा बढी दरले घटेको छ।

छोटो अवधिमा भएको बिक्री चापमा ७२ करोड ८७ लाख रुपैयाँको सेयर कारोबार भएको छ। कुल १७ लाख ५२ हजार सात सय ८१ कित्ता सेयर किनबेच भएको छ। हिमालयन डिस्टिलरी, सिइडिबी होल्डिङ्स, शिवम् सिमेन्ट, युनियन हाइड्रोपावर र युनिभर्सल पावर कम्पनीको सर्वाधिक कारोबार भएको छ। कुल बजार पुँजीकरण ४१ खर्ब ९९ अर्ब रुपैयाँ कायम छ।

नेपाली केराले नै दसैँ-तिहारको माग धान्ने

आयात नगर्न व्यवसायीको अनुरोध



काठमाडौं/ केरा व्यवसायीले अहिले नेपालमा उत्पादित केराले दसैँ, तिहार र छठ धान्ने भएकाले आयात नगर्न सार्वजनिक अपिल गरेका छन्। नेपाल केरा उत्पादक महासंघ काठमाडौंका केन्द्रीय अध्यक्ष विष्णुहरि पन्तले अहिले नेपालमा केरा उत्पादन उत्साहजनक रहेको र चाडपर्वलाई नेपाली उत्पादनले धान्ने भएकाले आयात नगर्न देशभरका सबै फलफूल तथा तरकारी थोक व्यवसायी संघलाई अनुरोध गरिएको बताए।

महासंघले नेपालभरिकै फलफूल तथा तरकारी थोक व्यवसायी संघलाई सम्बोधन गर्दै केरा आयात नगर्न पत्राचार गरेको उनले बताए। महासंघले गरेको अनुरोधपत्रमा हाल नेपालमा उत्साहजनक रूपमा केरा उत्पादन भइरहेको र विद्यमान अवस्थामा नेपालको उत्पादनले नै नेपाली केरा बजारको मागले दसैँ, तिहार र छठसम्मै थेग्न सक्ने अवस्था रहँदा-रहँदै पनि नेपाली बजारमा विदेशी केरा निर्बाध रूपमा आयात भइरहेको उल्लेख गरेको छ। केरा आयात हुँदा नेपाली अर्थतन्त्र, वैदेशिक व्यापार घाटा, रोजगारमा प्रत्यक्ष रूपमा असर पार्नुका साथै नेपाली व्यावसायिक केरा उत्पादक किसान विस्थापित हुन सक्नेसम्म खतरा बढ्ने बताइएको छ।

बजार छैन भनेर बिजुली उत्पादन रोक्नुहुँदैन : ऊर्जामन्त्री घिसिङ



नयाँ पत्रिका

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले बजार अभाव देखाएर विद्युत् उत्पादन रोक्न नहुने बताएका छन्। बिहीबार स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले गरेको कार्यक्रममा नवनियुक्त ऊर्जामन्त्री घिसिङले अझै धेरै बिजुली आवश्यक रहेको भन्दै उत्पादन रोक्न नहुने बताएका हुन्। 'देशका लागि अझै धेरै बिजुली चाहिएको छ, २०/३० हजार मेगावाट बिजुली चाहिन्छ, निजी क्षेत्रले लगानी गऱ्यो भने सरकारले लगानी नै गर्नुपरेन,' उनले भने, 'बिजुलीको बजार छैन भन्ने होइन, बजार सिर्जना गर्ने हो। अहिले उत्पादन रोक्नतिर लाग्यौं भने १० वर्षपछि ठुलो समस्या भेल्नुपर्छ।'

यसअघि कार्यक्रममा इप्पान अध्यक्ष गणेश कार्कीले पछिल्लो समय नेपाल विद्युत् प्राधिकरणले बिजुलीको बजार नभएको भन्दै लामो समयदेखि विद्युत् खरिद सम्झौता (पिपिए) नै रोकेको गुनासो गरेका थिए। उनले निजी क्षेत्रका लगानीकर्ताको मनोबल उच्च बनाउने गरी लगानी गर्ने वातावरण बनाउन मन्त्री घिसिङलाई आग्रह गरेका थिए।

यसबारे प्रतिक्रिया दिँदै मन्त्री घिसिङले निजी क्षेत्रलाई अझ बढी लगानीका लागि प्रोत्साहन गरिने बताए। 'नियमावली निर्देशिका परिवर्तन भए हामी मन्त्रिपरिषद्बाटै गर्छौं, ऐन नै परिवर्तन गर्नुपरे पनि अध्यादेशबाट गर्छौं,' उनले बताए।

उनले ऊर्जालगायतका पूर्वाधार क्षेत्रको विकासका लागि वन क्षेत्रको समस्या समाधान नभएमा असम्भव देखिएको बताउँदै प्रधानमन्त्रीसँग सल्लाह गरेर नियमावली, निर्देशिकादेखि ऐन संशोधनसम्मको काम अघि बढाउने बताए। उनले पिपिए, आरसिओडी म्याद थप, कन्टिजेन्सीलगायतबारे आफूहरू जानकार रहेको बताउँदै समस्या समाधानका लागि पहल गर्ने बताए।

कार्यक्रममा इप्पान अध्यक्ष कार्कीले ऊर्जा क्षेत्रको विकासका लागि मन्त्रालय, विद्युत् विकास विभाग र नेपाल विद्युत् प्राधिकरणले गर्नुपर्ने कामबारे बुँदागत रूपमा बताएका थिए। जसमा ऊर्जा मन्त्रालयले गर्ने कामहरूमा वन मन्त्रालयसँग सम्बन्धित इआइए-आइइईमा सहजीकरण गर्नुपर्ने, विद्युत् खपत वृद्धिको योजना ल्याउनुपर्ने, प्रसारणलाइन निर्माणमा निजी क्षेत्रलाई सहभागी गराउनुपर्ने, विद्युत् नियमन आयोगले स्वीकृत दिइसकेपछि पनि लामो समयदेखि धितोपत्र बोर्डमा रोकिएका जलविद्युत् कम्पनीको सेयर यथाशीघ्र निष्कासनका लागि पहल गर्नुपर्ने र विद्युत् व्यापारमा निजी क्षेत्रलाई बाटो खुलाउनुपर्नेलगायतका माग रहेका थिए।

त्यस्तै, विद्युत् विकास विभागले गर्नुपर्ने कामहरूमा विद्युत् ऐन, २०४९ अनुसार नै अनुमतिपत्रको अवधि ५० वर्ष पुऱ्याउनुपर्ने, उत्पादन अनुमतिपत्रको समय आरसिओडीसँग मेल खाने गरी अनुमति दिने व्यवस्था गर्नुपर्ने र जथाभावी दण्ड-जरिवानालाई निरुत्साहित गरी अनुमतिपत्रसम्बन्धी निर्देशिका संशोधन गर्नुपर्नेलगायतका माग थिए। निजी क्षेत्रले धेरै ठोक्किनुपर्ने विद्युत् प्राधिकरणले गर्नुपर्ने कामहरूमा अहिलेसम्म कनेक्सन एग्रिमेन्ट र पिपिएका लागि आवेदन दिएका आयोजनाको पिपिए अघि बढाउनुपर्ने, आरसिओडी म्याद तीन वर्ष थप गर्नुपर्ने, १० मेगावाटसम्मका आयोजनाको पिपिए तुरुन्तै अघि बढाउनुपर्ने, कन्टिन्जेन्सी व्यवस्था खारेज गर्नुपर्ने, हाइड्रोलोजी पेनाल्टी खारेज गर्नुपर्नेलगायत माग समावेश गरिएको थियो।

सेबोनले सेयर निष्कासनको अनुमति नदिँदा एक खर्ब आठ अर्ब गुम्यो : इप्पान

काठमाडौं/ धितोपत्र बोर्ड नेपाल (सेबोन)ले सेयर निष्कासनको स्वीकृति दिन ढिलाइ गर्दा ऊर्जा क्षेत्रका लगानीकर्तालेमात्र एक खर्ब आठ अर्ब ५० करोड गुमाएको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले जनाएको छ। ०८० जेठपछि आइपिओ र राइट सेयर निष्कासनको अनुमति दिन ढिलाइ गर्दा नौ सय ७५ मेगावाटबराबरका आयोजना निर्माण गरिरहेका ४३ वटा आइपिओ र सात राइट सेयर गरी ५० कम्पनीले निर्माण अघि बढाउन नसकेको इप्पानको भनाइ छ। सो विषयमा अध्ययन गरी बिहीबार सेबोनलाई पत्र पठाउँदै इप्पानले ५० कम्पनीको समयमै सेयर जारी नहुँदा २३ अर्ब २७ करोड आठ लाखबराबरको निष्कासन हुन नसकेको जनाएको छ। जसले गर्दा १२ अर्ब ४० करोड ५४ लाखको ब्याज रकम बढेको, २४ अर्ब ३० करोड ६७ लाख लागत बढेको र ७१ अर्ब ७८ करोड ८१ लाख राजस्व आम्दानी गुमाउनुपरेको उल्लेख छ।

सेबोनमा अध्यक्ष नियुक्ति नभएको तथा सेयर निष्कासनका लागि ९० प्रतिशतभन्दा बढी नेटवर्थ हुनुपर्नेलगायतका कारण देखाउँदै सेबनले सेयर निष्कासनमा ढिलाइ गर्दै आएको छ। यस अवधिमा १० कम्पनीलाई मात्र आइपिओका लागि र ११ कम्पनीलाई राइट सेयरका लागि सेबोनले अनुमति दिएको छ।

बिहीबार इप्पान अध्यक्ष गणेश कार्कीले सेबोनलाई पठाएको पत्रमा आइपिओका लागि आवेदन दिएर कुरिरहेका र आवेदकबाट हटाइएकाका लागि पुनः सहभागी गराई ती कम्पनीको तुरुन्तै आइपिओ जारी गर्न अनुरोध गरेको छ। यसअघि पनि इप्पानले सेबोनका साथै प्रधानमन्त्री र अर्थमन्त्रीलाई पत्र लेखे पनि हालसम्म सुनुवाइ भएको छैन। नयाँ सरकार गठन भएपछि पुनः लामो समयदेखि रोकिएको सेयर निष्कासनलाई अघि बढाउन इप्पानले सेबोनलाई पुनः पत्र पठाएको हो।

आयोजनाको निर्माणमा धेरै ठुलो रकम लगानी चाहिने तथा धितोपत्र निष्कासनसम्बन्धी नियमावलीले ६० प्रतिशत निर्माण पूरा भएपछि आइपिओका लागि आवेदन दिन सक्ने व्यवस्था छ। सोही कारण जलविद्युत् प्रवर्द्धकले आयोजनाको लागत कम गर्न वित्तीय व्यवस्थापन गर्दा नै आइपिओबाट आउने रकम घटाएर बैंकबाट ऋण लिने प्रचलन रहेकाले निर्माणाधीन अवस्थामै आइपिओ जारी गर्ने व्यवस्था गर्न पनि पत्रमा माग गरिएको छ।

निर्वाचन र पुनर्निर्माणका लागि विनियोजित बजेटबाटै सवा खर्ब निकालिने

चुनावका लागि दातृ निकायको मुख ताक्नुपर्दैन : अर्थमन्त्री



नयाँ पत्रिका

जेन-जी आन्दोलनका कारण ध्वस्त भएका संरचना पुनर्निर्माण र आगामी चुनावका लागि आवश्यक स्रोतको व्यवस्थापन चालू आर्थिक वर्षकै बजेटबाट गरिने भएको छ। अर्थ मन्त्रालयले चालू आवको विनियोजित बजेटबाटै एक खर्ब २० अर्बभन्दा बढी स्रोत निकालेर चुनाव र पुनर्निर्माणमा खर्च गर्ने तयारी गरेको हो।

अर्थमन्त्री रामेश्वर खनालले चालू बजेटमार्फत आयोजना बैंकमा प्रविष्ट नगरेका एक हजार तीन सयभन्दा बढी आयोजना फेला परेको र ती आयोजनाका लागि विनियोजित करिब एक खर्ब १० अर्ब रुपैयाँ भेटिएको जानकारी दिए। उनले सोही रकमलाई चुनाव र पुनर्निर्माणमा परिचालन गर्ने बताए।

अर्थमन्त्री खनालले फागुन २१ मा गरिने संघीय संसद्को चुनावलाई आवश्यक बजेटका लागि दातृ निकाय वा छिमेकीको मुख ताक्नुपर्ने अवस्था नरहेको बताए। नेपाल आर्थिक पत्रकार समाज (सेजन)को नवनिर्वाचित कार्यसमितिसँगको भेटमा उनले यस्तो बताएका हुन्।

त्यस्तै, चालू बजेटमा राखिएका गोष्ठी, बैठकलगायत विभिन्न शीर्षकको करिब १२ अर्ब रुपैयाँ निकाल्न सकिने पनि उनले जानकारी दिए। 'विशेष गरी त्यस्ता योजनाको बजेट निकालिँदै छ, जुन योजनामा बजेट राखेपछि खर्च हुँदैनथ्यो,' उनले भने।

अर्थमन्त्रीका अनुसार सरकारले निर्वाचनका लागि विनियोजन भएर बाँकी भएको रकम पुनर्निर्माणमा लगाउने तयारी गरेको छ। सरकारको प्रमुख लक्ष्य नै निर्वाचन भएको र यसअघि तीन तहको चुनाव गराउन २५ अर्ब खर्च भएको हुनाले यसपटक त्योभन्दा कम बजेट आवश्यक पर्ने आकलन गरिएको छ। तर, सुरक्षालाई उच्च प्राथमिकतामा राख्नुपर्ने र कतिपय पालिकाका भवन जलेका कारण बजेट बढ्न सक्ने खनालको भनाइ छ। मन्त्रिपरिषद्ले अहिले नै निर्वाचन आयोगलाई परेको अप्ठ्यारो फुकाउन सबै काम गरिरहेको अर्थमन्त्रीले जानकारी दिए। 'आयोगले आवश्यक तयारी टुंग्याउनेबित्तिकै अर्थ मन्त्रालयले बजेटको व्यवस्था गर्ने गरी तयारी गर्नेछ,' उनले भने, 'सरकारले त्यसका लागि बाहिर कसैको मुख हेर्नुपर्ने वा छिमेकी राष्ट्र कसैसँग कुरा गर्नुपर्ने अवस्था देख्दैन।'

अर्थ मन्त्रालयले तयार गरेको 'बिजनेस रिकभरी प्लान' मन्त्रिपरिषद् बैठकमा लैजाने तयारी भइरहेको अर्थमन्त्री खनालले जानकारी दिए। 'पुनरुत्थान योजना (रिकभरी प्लान)मा सरकारको मात्र नभएर सबैको संलग्नतामा तयार भएको छ,' उनले भने। यो योजनाअनुसार एउटा कोष स्थापना गरिने जनाइएको छ। कोषले मुख्यतः तीनवटा काम गर्ने जानकारी दिए। पहिलो, ज्यान गुमाएका परिवारलाई गर्नुपर्ने थप सहयोग गर्नेछ। दोस्रो, सार्वजनिक संरचनाको पुनर्निर्माणमा खर्च हुनेछ। तेस्रो, निजी क्षेत्रका ध्वस्त भएका संरचनामा आवश्यक सहायता दिने काम हुनेछ। 'निजी क्षेत्रलाई संरचना निर्माण गर्नका लागि आवश्यक सामान आयातमा भन्सारमा छुट दिनेलगायतका सहायता गरिनेछ,' उनले भने।

■ पुनर्निर्माणका लागि स्रोत अभाव हुँदैन : गभर्नर



काठमाडौं/ नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले जेन-जी प्रदर्शनका क्रममा क्षतिग्रस्त संरचनाको पुनर्निर्माणका लागि स्रोतको अभाव नहुनेसमेत उनले उल्लेख गरे। बिहीबार नेपाल आर्थिक पत्रकार समाज (सेजन)को नयाँ कार्यसमितिलाई स्वागत गर्दै उनले यस्तो बताएका हुन्। 'पुनर्निर्माणका लागि ठुलो स्रोत आवश्यक छ, यद्यपि त्योभन्दा महत्त्वपूर्ण विषय सुशासन र प्रशासनिक कार्यक्षमतामा सुधार हो,' उनले भने।

प्रदर्शनका क्रममा निजी क्षेत्रमाथि पनि आक्रमण हुनुले व्यवसायीमा चिन्ता थपिए पनि अब निजी क्षेत्रको मनोबल उच्च बनाउँदै अगाडि बढ्नुको विकल्प नभएको उनले बताए। 'प्रदर्शनका क्रममा कैयौं निजी व्यापारिक भवनमा क्षति पुगेको छ, तर अब हाम्रो प्राथमिकता स्वदेशमा लगानीको वातावरण निर्माण गरी विदेशी लगानी आकर्षित गर्नमा हुनुपर्छ, त्यसैले सुरुमा स्वदेशको लगानीलाई यहीं रोक्ने वातावरण बनाउन सकियो भने अर्थतन्त्रमा गतिशील हुन लामो समय लाग्दैन,' गभर्नर पौडेलले भने। उनले अर्थतन्त्रको विकासका लागि राजनीतिक स्थायित्व, लगानीमैत्री वातावरण, निजी क्षेत्रको मनोबलमा अभिवृद्धि आवश्यक भएको समेत उल्लेख गरे। साथै, व्यवसायी जेगाउन अर्थतन्त्रको प्रणालीमै सुधार जरुरी रहेको उनको भनाइ थियो।

अब अन्तर्राष्ट्रिय कार्डबाट पनि राजस्व तिर्न सकिने



काठमाडौं/ अन्तर्राष्ट्रिय कार्डबाट पनि सरकारी राजस्व भुक्तानी गर्न सकिने भएको छ। महालेखा नियन्त्रक कार्यालयले अध्यागमन विभाग तथा नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)को सहकार्यमा राजस्व व्यवस्थापन सूचना प्रणालीलाई अन्तर्राष्ट्रिय भुक्तानी प्रणालीमा जोडेको हो। अर्थमन्त्री रामेश्वर खनालले बिहीबार उक्त सेवाको सुरुवात गरे। सो प्रणालीको अन्तरआबद्धता सुरु भएपछि विदेशमा रहेका सेवाग्राही र नेपाल आउने पर्यटकका लागि राजस्व भुक्तानी प्रक्रियाले सेवा प्रवाह कागजातरहित बनाउन सहयोग पुऱ्याउने बताइएको छ। यसबाट द्रुत राजस्व संकलन, पारदर्शी, अन्तर्राष्ट्रिय पहुँचयुक्त र सेवाग्राहीमैत्री हुन गई डिजिटल इकोनोमीको प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

यो भुक्तानी प्रणालीबाट मास्टर कार्ड, भिसा कार्ड, 'अलिपे'लगायतका अन्तर्राष्ट्रिय कार्ड नेटवर्कमा आबद्ध कार्डमार्फत अध्यागमन विभागद्वारा निर्धारित सेवा प्राप्त हुनेछ। साथै, त्रिभुवन विमानस्थललगायतबाट प्रवेश गर्ने पर्यटकले सहज सेवा लिनसमेत सहज हुने बताइएको छ।

यो सेवा हाललाई अध्यागमन विभाग र मातहतका निकायबाट प्रवाह हुने अध्यागमनसम्बन्धी राजस्व भुक्तानीमा सुरुवात भएको छ।

दसैँमा भायानेटको अफर : इन्टरनेट जडान वा नवीकरण गर्दा उपहार र छुटैछुट


काठमाडौं/ इन्टरनेट सेवाप्रदायक भायानेटले दसैँलाई लक्षित गर्दै आकर्षक योजना सार्वजनिक गरेको छ। नयाँ तथा पुराना दुवै ग्राहकका लागि आकर्षक अफर सार्वजनिक गरेको छ। प्रत्येक वर्ष दसैँमा विशेष योजना ल्याउने भायानेटले यसपटक अझै ठुलो अफर ल्याएको जनाएको छ।

अफरअन्तर्गत नयाँ इन्टरनेट जडान गर्ने वा पुरानो इन्टरनेटको नवीकरण गर्ने सबै ग्राहकले छुट र उपहार पाउनेछन्। जसमा तीन हजार पर्ने मेस राउटर पाँच सय रुपैयाँ छुटसहित २५ सयमा उपलब्ध हुने कम्पनीले जनाएको छ। त्यस्तै, १० हजार सात सय ४९ मूल्यको डुअल ब्यान्ड फोन जेडटिई नुबिया ए-३६ छुटसहित आठ हजार दुई सय ९९ मा पाइनेछ भने ४३-इन्चको हिमस्टार स्मार्ट टिभी २७ हजार नौ सय ९९ मा किन्न सकिने बताइएको छ। यसबाट, आठ हजार चार सयभन्दा माथि इसेवामार्फत भुक्तानी गर्ने ग्राहकले प्रोमो कोड भाया-३०० हाली तीन सय क्यासब्याक पाउनेछन्।



साथै, 'स्पिन त ह्विल'मा भाग लिएर थप उपहार जित्ने अवसर पनि भायानेटले दिनेछ। यस स्पिनमार्फत थप १२ महिना, दुई महिना वा एक महिनासम्म निःशुल्क इन्टरनेट सेवा पाइने कम्पनीको भनाइ छ।

नर्भिक हस्पिटलले आइपिओ ल्याउने, बिक्री प्रबन्धकमा लक्ष्मी सनराइज क्यापिटल



काठमाडौं/ नर्भिक इन्टरनेसनल हस्पिटल लिमिटेडले साधारण सेयर जारी गर्ने भएको छ। हस्पिटलले २५ लाख कित्ता निष्कासन गर्ने भएको हो। यसको आइपिओ निष्कासन गर्न बिक्री प्रबन्धकमा लक्ष्मी सनराइज क्यापिटल लिमिटेड नियुक्त भएको छ। यससम्बन्धी सम्झौतामा हस्पिटलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत अजयकुमार मिश्र र लक्ष्मी सनराइज क्यापिटलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत विजयलाल श्रेष्ठले हस्ताक्षर गरेका हुन्।

सन् १९९३ मा ३० शय्याको सामान्य सुविधासहितको हस्पिटल सुरु गरेको नर्भिक अहिले दुई सय शय्याको बहुविशेषज्ञ अस्पतालका रूपमा सञ्चालनमा छ भने तीन सय शय्याको अस्पतालमा स्तरोन्नति गर्ने प्रक्रियामा छ।

हिमालयन बैंकको चाबहिल शाखा स्थानान्तरण



काठमाडौं/ हिमालयन बैंक लिमिटेडको शाखा स्थानान्तरण गरिएको छ। बैंकले नजिक भएका शाखा सञ्जालमध्ये चाबहिल-२ शाखालाई एनएल कम्प्लेक्स काठमाडौं महानगरपालिका- २, बालुवाटार स्थानान्तरण गरेको छ। बिहीबारदेखि नै बालुवाटार शाखाका नामबाट सम्पूर्ण बैंकिङ सेवा प्रदान गर्ने गरी सञ्चालनमा समेत आइसकेको छ। उक्त शाखा उद्घाटन बैंकका प्रमुख कार्यकारी अधिकृत अशोकशमशेर राणाले गरेका थिए। सो कार्यक्रममा बैंकका उच्च पदस्थ कर्मचारी तथा अन्य अतिथिको उपस्थिति थियो।

हाल बैंकले देशभर फैलिएका एक सय ७४ शाखा, २० विस्तारित काउन्टर, दुई सय ८६ एटिएमबाट ग्राहकलाई सेवा प्रदान गर्दै आइरहेको छ।

सिटिजन्स क्यापिटलको १९औँ साधारणसभा

१९ प्रतिशत लाभांश वितरणको प्रस्ताव पारित



काठमाडौं/ सिटिजन्स क्यापिटल लिमिटेडको १९औँ वार्षिक साधारणसभा बिहीबार सम्पन्न भएको छ। सभा कम्पनीको रजिस्टर्ड कार्यालय, बाटुलेघर, डिल्लीबजारमा भएको थियो। सभाले गत आर्थिक वर्ष ०८१/८२ को मुनाफाबाट सेयरधनीलाई १६ प्रतिशत नगद लाभांश बाँड्ने प्रस्ताव पारित गरेको क्यापिटलले जनाएको छ।

त्यस्तै, सभाले गत आवको सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदनसहित ०८२ असार मसान्तको वासलात, नाफा-नोक्सानको हिसाब, नगद प्रवाह विवरणलगायतका वित्तीय विवरण छलफल गरी पारित गरेको छ। साथै, चालू आवका लागि लेखा परीक्षण नियुक्त गरी निजको पारिश्रमिक निर्धारण पनि सभाबाटै गरिएको छ। सिटिजन्स क्यापिटलले सामूहिक लगानी कोषको व्यवस्थापन, धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक, लगानी व्यवस्थापन संस्थागत परामर्श सेवा, धितोपत्र प्रत्याभूतिकर्ता, सेयर रजिस्ट्रार तथा डि-म्याट खाताजस्ता सेवा दिँदै आएको छ। यो सिटिजन्स क्यापिटल सिटिजन्स बैंकको सहायक कम्पनी हो।

एरोलिडर्स ट्राभल्स एन्ड टुर्सको सेवा विस्तार



काठमाडौं/ एरोलिडर्स ट्राभल्स एन्ड टुर्सले अब नेपालसहित दुबई र अमेरिकाबाट पनि यात्रा तथा पर्यटनसम्बन्धी सेवा उपलब्ध गराउने भएको छ। विगत दुई वर्षदेखि यात्रुलाई सहज, सुरक्षित र स्मरणीय सेवा दिँदै आएको एरोलिडर्सले दुबईस्थित दिसुदा टुरिजमा एलएलसीमार्फत सेवा विस्तार गरेको हो।

दुबईमा रहेका नेपाली समुदाय, अन्तर्राष्ट्रिय पर्यटक तथा क्षेत्रीय साझेदारलाई प्रत्यक्ष लाभ पुग्ने विश्वास कम्पनीले लिएको छ। दुई वर्षदेखि दुबईकेन्द्रित सेवा दिइरहेको ट्राभल्स कम्पनीले नेपालबाट समेत औपचारिक सेवा दिइरहेको छ। अमेरिकामा बसेर व्यवसाय र सामाजिक क्षेत्रमा सक्रिय दिलीप नेपालीले सञ्चालन गरेको ट्राभल्सको नेपाल, दुबई र अमेरिकाको मेरिल्यान्डमा सम्पर्क कार्यालय छ। अबदेखि दुबईबाट नेपाल र विश्वका विभिन्न देशका गन्तव्यलाई जोड्ने सेतुका रूपमा काम गर्दै यात्रु तथा पर्यटकलाई सेवामा निरन्तर समर्पित रहने ट्राभल्सका अध्यक्ष नेपालीले बताए।

निजी क्षेत्रले माग्यो सुरक्षा प्रत्याभूति

गृहमन्त्री र उद्योगी-व्यवसायीबिच भेट, उच्च मनोबलका साथ व्यवसाय गर्ने वातावरण बनाउन माग, प्रहरीका संरचना पुनर्निर्माणमा सघाउने निजी क्षेत्रको प्रतिबद्धता



नयाँ पत्रिका

निजी क्षेत्रले सरकारसँग उद्योग-व्यवसायका लागि सुरक्षा प्रत्याभूति माग गरेको छ। निजी क्षेत्रको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल चेम्बर अफ कमर्सका प्रतिनिधिले बिहीबार गृहमन्त्री ओमप्रकाश अर्याललाई छुट्टा-छुट्टै भेटेर व्यावसायिक वातावरण निर्माणका लागि आग्रह गरेका छन्।

महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल नेतृत्वको टोलीले गृहमन्त्री अर्याललाई भेटेर शान्ति सुरक्षाको प्रत्याभूति दिने गरी तत्काल ठोस कदम चाल्न सुझाव दिएको हो। महासंघले मर्यादित रूपमा उच्च मनोबलका साथ व्यवसाय गर्ने वातावरण निर्माणका लागि सुरक्षाको प्रत्याभूति दिलाउन गृहमन्त्रीसँग आग्रह गरेको छ।

निजी क्षेत्रले जिल्ला-जिल्लामा सुरक्षाको अनुभूति गर्न नसकिरहेको भन्दै अध्यक्ष ढकालले सरकारले सुरक्षामा विशेष ध्यान दिन आवश्यक रहेको बताए। जवाफमा गृहमन्त्री अर्यालले आमनागरिक तथा व्यवसायीको शान्ति सुरक्षाका विषयमा सरकार संवेदनशील रहेको बताए।

आन्दोलनपछि क्षतिग्रस्त भएका प्रहरीको संरचना पुनर्निर्माणमा सघाउन निजी क्षेत्र तयार रहेको अध्यक्ष ढकालले बताए। कतिपय उद्यमी-व्यवसायी प्रहरीका संरचना पुनर्निर्माणका लागि तयार रहेको बताउँदै उनले यसका लागि उद्योग वाणिज्य संघमार्फत सहकार्यका लागि प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराउन पनि आग्रह गरे।

महासंघ अध्यक्ष ढकालले आन्दोलनका क्रममा भएको घुसपैठबाट निजी क्षेत्रको सम्पत्तिमाथि भएको आक्रमण, तोडफोड र आगजनीमा संलग्नमाथि कारबाही गर्न पनि मन्त्री अर्यालसमक्ष आग्रह गरे। मुलुकको राजस्वमा योगदान दिनुका साथै रोजगारी दिइरहेको निजी क्षेत्रलाई मर्यादित रूपमा काम गर्न सक्ने वातावरण सिर्जनाका लागि सरकारले सकारात्मक सन्देश प्रवाह पनि गर्नुपर्ने ढकालको भनाइ थियो। नेपाली अर्थतन्त्रमा निजी क्षेत्रको योगदान ८१ प्रतिशत छ भने ८६ प्रतिशत रोजगारी निजी क्षेत्रले दिइरहेको छ।

महासंघका उपाध्यक्षद्वय हेमराज ढकाल र ज्योत्सना श्रेष्ठ तथा कोषाध्यक्ष भरतराज आचार्यले आन्दोलनका क्रममा निजी क्षेत्रका सयौँ व्यवसाय स्थापना प्रभावित भएको, तोडफोड र आगजनीका कारण ठुलो आर्थिक क्षति भएको बताउँदै सुरक्षाको प्रत्याभूति दिलाउन आग्रह गरे। उनीहरूले दोषिमाथि कारबाही नगरिए दण्डहीनताको अवस्था सिर्जना हुनेतर्फ गृहमन्त्रीको ध्यानाकर्षण गराए। महासंघले घटनामा भएको क्षतिको विवरण संकलन गरिरहेको जनाएको छ।

व्यावसायिक सुरक्षामा गम्भीर प्रश्न : चेम्बर

नेपाल चेम्बर अफ कमर्सले गृहमन्त्री ओमप्रकाश अर्यालसमक्ष उद्यमी-व्यवसायीको मनोबल उकास्ने गरी सुरक्षाको प्रत्याभूति दिलाउन आग्रह गरेको छ। अध्यक्ष कमलेशकुमार अग्रवालसहितको पदाधिकारी टोलीले गृहमन्त्री अर्यालसमक्ष सिंहदरबारमा बिहीबार भेटवार्ता गरेको हो। चेम्बरले निजी लगानी सुरक्षित एवं लगानीकर्तामा विश्वास जगाउन राज्यले पहल गर्नुपर्ने आवश्यकतामा जोड दिएको हो।



विकासित घटनाले व्यावसायिक सुरक्षमा गम्भीर प्रश्न उठेको अध्यक्ष अग्रवालले बताए। उनले भने, 'मुलुकको समग्र आर्थिक विकास र रोजगारी सिर्जनामा निजी क्षेत्रको ठुलो योगदान रहेको छ, मुलुकमा निजी क्षेत्रको लगानी ८१ प्रतिशतभन्दा बढी रहेको छ, विकसित पछिल्लो घटना क्रमले व्यावसायिक सुरक्षामा गम्भीर प्रश्न उब्जाएको छ।' निजी क्षेत्रको सम्पत्ति सुरक्षण र व्यावसायिक स्थिरताका लागि शान्तिपूर्ण वातावरण अपरिहार्य रहेको उनले बताए। आर्थिक सुरक्षासँग सम्बन्धित जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न पनि चेम्बरले सुझाव दिएको छ। चेम्बरले आन्दोलनका क्रममा भएको सरकारी सम्पत्तिको पुनर्निर्माणका लागि सक्दो सहयोग गर्ने प्रतिबद्धतासमेत गृहमन्त्री अर्यालसमक्ष व्यक्त गरेको छ।

संविधान दिवसमा नेपाल टेलिकमको विशेष अफर



काठमाडौं/ संविधान दिवसका अवसरमा नेपाल टेलिकमले विशेष 'अफर' सार्वजनिक गरेको छ। टेलिकमले संविधान घोषणाको एक दशक पूरा भएको अवसरमा 'संविधान दिवस अफर २०८२' सार्वजनिक गरेको हो। यो अफर शनिबार (४ भदौ)सम्म लागू हुनेछ। अफरअन्तर्गत ४९ रुपैयाँमा एक दिनका लागि एक एमबिपिएस अनलिमिटेड डाटा र नेपाल टेलिकमका नेटवर्कबीभत्र १०० मिनेट भ्वाइस कल सेवा उपलब्ध हुनेछ।

यसैगरी, एक सय ११ रुपैयाँको प्याकमा पाँच दिन अवधि रहेको ६ जिबी डेटा, एक सय ९९ रुपैयाँमा सात दिन अवधिको १३ जिबी डेटा, दुई सय ९९ मा १२ दिनसम्म चलाउन सकिने २० जिबी र तीन सय ९९ रुपैयाँको प्याकमा १५ दिन अवधि रहेको ३० जिबी डाटा प्याकेज उपलब्ध हुने टेलिकमले जनाएको छ।

त्यसैगरी, ग्राहकले सात सय ८९ रुपैयाँ तिरी 'फेस्टिभ कम्बो प्याक' पनि लिन सक्नेछन्। यो प्याकमा ग्राहकले ३० जिबी डाटा, सबै नेटवर्कमा कल, ६ सय मिनेट 'अल नेट भ्वाइस' सुविधा र दुई सय 'अल नेट एसएमएस' सुविधा उपलब्ध हुनेछ। यसको अवधि भने प्रिपेड प्रयोगकर्ताका लागि २८ दिन र पोस्टपेड प्रयोगकर्ताका लागि ३० दिन हुनेछ। साथै, पोस्टपेड प्रयोगकर्ताले 'फेस्टिभ कम्बो प्याकेज' वा ३० 'जिबी डाटा प्याकेज' लिएमा मासिक रूपमा बुझाउनुपर्ने 'रेन्टल चार्ज'बाटै यो शुल्क काटिने सुविधासमेत उपलब्ध छ।

आन्दोलनबाट भएको क्षतिपछि पुनर्निर्माणमा लक्ष्मी टेक्नोप्लास्टले सहयोग गर्ने

काठमाडौं/ लक्ष्मी टेक्नोप्लास्टले जेन-जी आन्दोलनबाट भएको क्षतिपछि पुनर्निर्माणका लागि सहयोग गर्ने भएको छ। ओम शिवम् पाइप्स एन्ड फिटिङ्स तथा मेरीगोल्ड फर्निचरअन्तर्गतको लक्ष्मी टेक्नोप्लास्टले देश पुनर्निर्माणका लागि हातेमालो गर्ने जनाएको छ। सोहीअनुसार कम्पनीले आगामी तीन महिनासम्मको आफ्नो कुल बिक्री रकमको एक प्रतिशत पुनर्निर्माणमा समर्पण गर्ने निर्णय गरेको छ।

'हाम्रा संरचना हामी आफैँ बनाउँछौँ' भन्ने नारालाई आत्मसात् गर्दै, कम्पनीले आफ्नो उत्पादनको बिक्रीबाट प्राप्त रकमको एक अंश पुनर्निर्माणमा खर्च गर्न लागेको जनाएको छ। यसमार्फत क्षतिग्रस्त संरचनाको पुनर्निर्माणसँगै देशभर आत्मनिर्भरता, एकता र सकारात्मक ऊर्जा फैलिने कम्पनीको विश्वास छ। यसबारे कम्पनीका प्रबन्ध निर्देशक अञ्जनीनन्दन मारूले भने, 'यो हाम्रो देश हो, यसको सम्पत्ति र संरचना हाम्रो गौरव हो। हामी पुनर्निर्माणका हरेक प्रयासमा पूर्ण समर्पणसहित अघि बढ्न तयार छौँ। यही हाम्रो दायित्व र प्रतिबद्धता हो।'

निकट भविष्यमा साधारण सेयर निष्कासन गर्ने तयारीमा रहेको लक्ष्मी टेक्नोप्लास्टले आफ्नो सामाजिक उत्तरदायित्वलाई थप सशक्त बनाएको जनाइएको छ।

मुक्तिनाथ विकास बैंकले गऱ्यो १८.२०% लाभांश घोषणा

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

काठमाडौं/ मुक्तिनाथ विकास बैंक लिमिटेडले गत आर्थिक वर्षको सञ्चित नाफाबाट सेयरधनीलाई दिने लाभांश घोषणा गरेको छ। बैंकको मंगलबार बसेको सञ्चालक समितिको बैठकले सेयरधनीलाई कुल १८.२० प्रतिशत लाभांश दिने घोषणा गरेको हो। जसमा चुक्ता पुँजी सात अर्ब चार करोड र ६९ लाख ३८ हजार ४९ रुपैयाँको १३.५३ प्रतिशत बोनस सेयर र ४.६७ प्रतिशत नगद लाभांश (करसहित) रहेको छ।

उक्त लाभांश नेपाल राष्ट्र बैंकबाट स्वीकृत भई आगामी वार्षिक साधारणसभाले पारित गरेपछि सेयरधनीमा वितरण हुने बैंकले जनाएको छ।

विद्युत् प्राधिकरणलाई तिर्नुपर्नेभन्दा बढी महसुल तिरिसकेका छौं : सूर्य नेपाल

काठमाडौं/ सूर्य नेपालले नेपाल विद्युत् प्राधिकरणलाई बक्यौताबापत तिर्नुपर्ने रकमभन्दा बढी तिरिसकेको जनाएको छ। कम्पनीले एक विज्ञप्ति जारी गर्दै लोडसेडिङका बेला टुंकलाइनमार्फत विद्युत् प्रयोगबापत तिर्नुपर्ने बक्यौताबारे आफ्नो नाम जोडेर प्रसार गरेकामा गम्भीर ध्यानाकर्षणसमेत भएको नजाएको छ। 'सूर्य नेपालले प्राधिकरणको निर्देशनअनुसार सबै बक्यौता पहिले नै तिरिसकेको स्पष्ट पार्न चाहन्छौं,' विज्ञप्तिमा भनिएको छ, 'मन्त्रिपरिषद्को २७ वैशाख ०८१ को निर्णयअनुसार अतिरिक्त महसुल पुस ०७२ देखि वैशाख ०७५ सम्म अवधिका लागि मात्र लागू हुने निर्णयअनुसार कम्पनीले तिर्नुपर्नेभन्दा बढी नै रकम भुक्तानी गरिसकेको छ।'

SURYA NEPAL
PRIVATE LIMITED

कम्पनीले प्रचलित कानुनअनुसार नियम र नेपाल सरकार र सम्बद्ध निकायका निर्देशनको पालना गर्न पूर्ण रूपमा प्रतिबद्ध छ। कम्पनीले प्राधिकरणको निर्देशनअनुसार पहिले नै सम्बन्धित बक्यौता तिरिसकेकाले भ्रामक जानकारी प्रशारित नगर्न पनि आग्रह गरेको छ। साथै, प्राधिकरणलाई पनि कम्पनीले आफूले बक्यौता भुक्तानी गरेको तथ्य सार्वजनिक गरिदिनसमेत आग्रह गरेको छ।

बोलपत्रद्वारा गोलिया काठ लिलाम बिक्री वितरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०६/०३

यस शिखर सा.व.उ.स. हरिहरपुरगढी गा.पा. ५, सिन्धुलीबाट आ.व. २०८१/०८२ मा उत्पादन भई क्याम्प चौर, हरिहरपुरगढी गा.पा. ५, सिन्धुलीमा घाटगाँद्दि गरी राखिएको लट नं. १ र २ को साल, असना र जामुन जातको गोलिया थान १९० को १८५०.०० क्यू.फि गोलिया काठ र १ चट्टा दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफूनै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औँ दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

श्री शिखर सा.व.उ.स., हरिहरपुरगढी गा.पा.- ५, सिन्धुली

Nepal Electricity Authority
Khimti Grid Branch
Notice Regarding Intent to Accept The Bid
Notice Publication Date : 2082/06/03

IFB and Type of Bidding	Name & Address of Lowest Evaluated Substantially Responsive Bidder	Total Accepted Bid Price (Without VAT)
KGB/2082/083-01	M/s Laxmi Apsara Construction and Suppliers Pvt. Ltd., Melamchi-09, Sindhupalchowk.	NRs. 32,40,164.30

For more details please mail **khimtigrid@nea.org.np**. Ph.: **048-590211**

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित
खानी खोला हाइड्रोपावर कम्पनी लिमिटेड
Khani Khola Hydropower Company Limited
रजिष्टर्ड कार्यालय : का.म.न.पा , वडा नं.: ४, धुम्बाराही, काठमाण्डौ
फोन : ०१-४५३६३२५, इमेल: khanikhola.hpcl@gmail.com, वेवसाइट: www.kkhpcl.com.np
को

हकप्रद शेयर निष्काशन तथा बिक्री खुला बारेको सूचना !

खानी खोला हाइड्रोपावर कम्पनी लिमिटेडको मिति २०८२/०३/२७ गतेभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुको लागि १ कित्ता साधारण शेयर बराबर १ कित्ता शेयर (१:१) को अनुपातमा रु.१००/- अङ्कित दरको **४६,५७,१४३** कित्ता हकप्रद साधारण शेयरको निष्काशन तथा बिक्री खुला **मिति २०८२ भाद्र ०३ गतेदेखि मिति २०८२ असोज ०५ गतेसम्म** रहेकोले उक्त हकप्रद साधारण शेयरको लागि आवेदन दिन।

अब **३** दिन मात्र बाँकी
आवेदन दिने अन्तिम म्याद:
मिति २०८२ असोज ०५ गते (बैकिङ्ग समय) सम्म मात्र

अन्य विस्तृत जानकारीका लागि **मिति २०८२/०४/१६ गतेको नयाँपत्रिका राष्ट्रिय दैनिकमा** प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं। साथै, उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको **वेवसाइट:** www.citizenscapital.com.np **वा निष्काशन कम्पनीको वेवसाइट:**www.kkhpcl.com.np. मा हेर्नुहुन समेत अनुरोध गर्दछौं।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
सिटिजन्स क्यापिटल लिमिटेड
Citizens Capital Ltd.
(A Subsidiary Of Citizens Bank International Limited)
बाटुलेघर, डिल्लीबजार, काठमाडौं, नेपाल फोन नं. ०१-४५१७७२३/४५१७४५७
इमेल: info@citizenscapital.com.np, वेवसाइट: www.citizenscapital.com.np

सोफा हबले ल्यायो 'दसैँ-तिहार झट्का अफर'



काठमाडौं/ दसैँ-तिहारलाई लक्षित गर्दै सोफा तथा गृहसज्जा उत्पादन गर्ने संस्था सोफा हब काठमाडौंले विशेष योजना सार्वजनिक गरेको छ। कम्पनीले सुरु गरेको 'दसैँ-तिहार झटका अफर'मार्फत ग्राहकले विदेश भ्रमणदेखि हात खाली नजाने विभिन्न उपहार पाउने अवसर प्राप्त गर्नेछन्। कम्पनीका अनुसार सोफा वा अन्य फर्निचरका सामान खरिद गर्ने ग्राहकमध्ये १० जना भाग्यशालीले निःशुल्क थाइल्यान्ड भ्रमण गर्न पाउनेछन् भने अरूले हात खाली नजाने उपहार प्राप्त गर्नेछन्। साथै, सबै ग्राहकलाई छुट, ग्यारेन्टी तथा निःशुल्क सेवा-सुविधासमेत उपलब्ध गराइने बताइएको छ। कम्पनीले यो योजनाले दसैँ-तिहारलाई अझ रमाइलो र स्मरणीय बनाउन सहयोग गर्ने विश्वास व्यक्त गरेको छ।

थाइल्यान्ड भ्रमणको अवसरलाई कम्पनीले आफ्नो 'ग्राहकलाई सम्मान गर्ने नीति'को हिस्सा भएको बताएको छ। गुणस्तरीय उत्पादन खरिदसँगै विदेशी यात्रा गर्ने अवसर पाउनु उपभोक्ताका लागि अभूतपूर्व अनुभव हुने कम्पनीको दाबी छ। त्यस्तै, ग्राहकलाई हात खाली नहोस् भन्ने उद्देश्यले यसपालि 'स्क्र्याच कार्ड योजना'समेत ल्याइएको छ। जसमा ग्राहकले ३५ हजार रुपैयाँको सोफा खरिद गर्दा सोही मूल्यबराबरको फ्रिज उपहार पाउनेछन्। त्यस्तै, स्क्र्याच कार्डमार्फत फ्रिज, बिजुलीको केटली, भात पकाउने भाँडो, हिटर, तातो-चिसो दुवै पानी राख्ने बोतललगायतका उपहार पनि ग्राहकले जित्न सक्नेछन्। यस योजनाले सामान्य खरिदलाई विशेष बनाउन सहयोग गर्ने कम्पनीको भनाइ छ।

यसका साथै सोफा हब काठमाडौंलाई टिकटक, फेसबुक, इन्स्टाग्राम तथा युट्युबजस्ता सामाजिक सञ्जालमा पछ्याउनेमध्ये एकजना भाग्यशाली विजेताले ६५ हजारबराबरको सोफा निःशुल्क प्राप्त गर्ने कम्पनीको भनाइ छ।

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/७७०

नयाँ पत्रिका

एन्फा विवाद उत्कर्षमा

‘होम म्याच’ भियतनाम पुऱ्याएकोमा पाँच पदाधिकारीको असहमति

एसियन कप छनोटअन्तर्गत ‘होम एन्ड अवे’अनुसार आगामी ९ र १४ अक्टोबरमा दुवै लेगका खेल नेपालले भियतनाममै खेल्नेछ

रमेश सुवेदी/नयाँ पत्रिका

एएफसी एसिया कप छनोटअन्तर्गत दशरथ रंगशालामा भियतनामविरुद्ध हुने भनिएको ‘होम म्याच’ विदेशी मैदानमा लगेपछि अखिल नेपाल फुटबल संघ (एन्फा)को कार्यसमितिका पाँच पदाधिकारीले सहमति जनाएका छन् । एन्फा वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्का, उपाध्यक्षहरू विराटजंग शाही र दीर्घबहादुर केसीसँगै सदस्यहरू रवीन्द्र चन्द र रूपेश अधिकारीले असन्तुष्टि जनाएका हुन् ।

एसियन कप छनोटअन्तर्गत होम एन्ड अवेअनुसार आगामी ९ र १४ अक्टोबरमा दुवै लेगका खेल नेपालले भियतनामै खेल्दै छ । एसियाली फुटबल महासंघ (एएफसी)ले दशरथ रंगशाला अन्तर्राष्ट्रिय खेल आयोजना गर्न अयोग्य घोषणा गरेका कारण दुई वर्षयता एएफसीका कुनै आधिकारिक प्रतियोगिता भएका छैनन् । यद्यपि, २१ भदौमा फिफाको मान्यता प्राप्त नेपाल र बंगलादेशबिचको मैत्रीपूर्ण खेल भने रंगशालामा भएको थियो ।

एन्फाका पाँच पदाधिकारीले बिहीबार अध्यक्ष पंकजविक्रम नेम्वाङलाई संयुक्त रूपमा असहमतिपत्र लेखेका हुन् । उनीहरूले राष्ट्रिय गौरवको भावना खोसिनु अन्यायपूर्ण भएको ठहर गर्दै खेलाडीको मनोबल र प्रदर्शनमा नकरात्मक असर गर्ने बताएका छन् ।

‘नेपाली खेलाडीले घरेलु मैदानमा पाउने आत्मविश्वास, दर्शकको साथ र राष्ट्रिय गौरवका भावना खोसिनु अन्यायपूर्ण मात्र नभई दीर्घकालीन रूपमा खेलाडीको मनोबल र प्रदर्शनमा नकारात्मक असर पर्नेछ,’ पत्रमा भनिएको छ । नेपालले छनोटअन्तर्गत १८ नोभेम्बरमा मलेसियाविरुद्ध हुने घरेलु खेल पनि मलेसियाकै मैदानमा हुने निर्णय भइसकेको छ ।

कार्यसमितिमा छलफल नै नभएको आरोप

असमति जनाएका पाँच पदाधिकारीले नेपालका घरेलु खेल विपक्षी वा विदेशी मैदानमा सार्ने क्रममा कार्यसमितिमा कुनै छलफलसमेत नगरिएको आरोप लगाएका छन् । ‘यस्तो संवेदनशील निर्णयमा न त कार्यसमितिसँग कुनै छलफल भएको छ, न त आधिकारिक सूचना नै दिइएको छ,’ वरिष्ठ उपाध्यक्ष खड्काले भने, ‘वैकल्पिक खेल स्थल खोजिएको छ कि छैन भन्नेबारे पनि स्पष्टता दिइएको छैन ।’ एन्फाको एकतर्फी निर्णयले संस्थागत पारदर्शितामा प्रश्न उठेको उनले बताएका छन् ।

‘अझ गम्भीर र संवेदनशील विषयमा वैकल्पिक भेन्यु खोजिएको छ वा छैन भन्नेबारे पनि कुनै स्पष्टता दिन आवश्यक ठानिएको छैन । यस प्रकारको एकतर्फी निर्णयले मात्र नभई संस्थागत पारदर्शिता र लोकतान्त्रिक प्रक्रियामाथि प्रश्न उठाएको छ,’ उनले भने । घरेलु खेललाई विपक्षी वा विदेशी मैदानमा सारेर नेपाली समर्थकलाई आफ्नै भूमिमा राष्ट्रिय टोलीको समर्थन गर्ने अवसरबाट वञ्चित गराउनु फुटबलप्रतिको उत्साह र जनआस्थामाथिको प्रहार भएकाले असहमति जनाएको पाँच सदस्यले जनाए ।



फाइल तस्बिर

हामीलाई आधिकारिक सूचना नै दिइएन

● **वीरबहादुर खड्का**, वरिष्ठ उपाध्यक्ष, एन्फा



एन्फाले यस्तो संवेदनशील निर्णयमा कार्यसमितिसँग कुनै छलफल गरेन । न त हामीलाई आधिकारिक सूचना दिइएको छ । अझ एएफसी एसिया कप छनोटअन्तर्गत घरेलु खेलको संवेदनशील विषयमा वैकल्पिक भेन्यु खोजिएको छ वा छैन भन्नेबारे पनि कुनै स्पष्टता दिन आवश्यक ठानिएन । यसप्रकारको एकतर्फी निर्णयले मात्र नभई संस्थागत पारदर्शिता र लोकतान्त्रिक प्रक्रियामाथि प्रश्न उठेको छ ।

फुटसल निर्देशक महर्जनको राजीनामा

एन्फाका फुटसल निर्देशक राज महर्जनले राजीनामा दिएका छन् । एएफसी फुटसल कप, २०२६ को छनोट प्रतियोगितामा नेपाल सहभागी नहुँदा एसियाली फुटबल महासंघ (एएफसी)ले गरेको कारबाही र त्यसको जिम्मेवार एन्फा सचिवालयलाई ठहऱ्याउँदै महर्जनले बिहीबार राजीनामा बुझाएका हुन् । छनोट प्रतियोगितामा तयारी नपुगेको भन्दै एन्फाले अन्तिम समयमा नाम झिकदा एएफसीले नेपाललाई कारबाहीस्वरूप १० हजार अमेरिकी डलर जरिवाना तिराएको छ ।



निर्देशक महर्जनले एन्फा अध्यक्ष नेम्वाङलाई पत्र लेख्दै आफूलाई दिइएको जिम्मेवारी परित्याग गरेको जानकारी दिएका छन् । उनले एन्फा सचिवालयको लापरबाहीका कारण छनोट खेलमा नेपाल सहभागिता हुनबाट वञ्चित भएको आरोप लगाएका छन् ।

‘नेपालबाट छनोट खेलमा भाग नलिएको र कारबाहीमा परेको खबर मिडियामार्फत जानकारी पाउँदा मलाई एकदम ठुलो पीडा महसुस भएको छ । फुटसल विभाग प्रमुखका रूपमा यस प्रतियोगितासम्बन्धी सबै कामकारबाही समयमै सचिवालयमा बुझाएको थिएँ,’ महर्जनले भने, ‘सचिवालयले फुटसलका लागि कुनै पनि बजेट विनियोजन नगरेका कारण प्रतियोगिताबाट नाम फिर्ता लिन बाध्य भएको जनकारी गराउन चाहन्छु ।’ महर्जनले गैरजिम्मेवार एन्फा सचिवालयअन्तर्गत पदमा रहेर काम गर्न नसकिने हुनाले २ असोजदेखि लागू हुने गरी पदबाट राजीनामा दिएको बताए ।

एएफसीका अनुसार छनोट प्रतियोगिता सुरु हुनुभन्दा १०६ दिनअगाडि नेपालले आफ्नो नाम फिर्ता लिएको थियो । जसकारण एन्फालाई एएफसी फुटसल एसियन कप इन्डोनेसिया २०२६ को धारा ६.७ अन्तर्गत अपराधी ठहर गरिएको हो । एन्फाका महासचिव किरण राईले तयारी नपुग्दा छनोट खेलमा सहभागी नभएको बताएका छन् ।

खेल संक्षेप

फिफा वरीयतामा नेपाल यथावत्

काठमाडौं/ फिफाको नयाँ वरीयतामा नेपाल १७६औं स्थानमा कायम रहेको छ । नेपालले गत २१ भदौमा बंगलादेशसँगको मैत्रीपूर्ण फुटबलमा गोलरहित बराबरी खेलेको थियो । दक्षिण एसियाको शीर्षमा रहेको भारतको वरीयता खस्किएको छ । भारत एक स्थान ओरालो लाग्दा १३४औं स्थानमा रह्यो । भुटान, माल्दिभ्स र बंगलादेश यथास्थानमा छन् । पाकिस्तान दुई स्थान उक्लिएर १९९औं स्थानमा पुगेको छ । श्रीलंका एक स्थान तल झरेर १९७औं स्थानमा छ ।



नेपालभन्दा पछि रहेको बंगलादेश एक स्थान तल झर्दै १८४औं स्थानमा पुगेको छ । विश्व च्याम्पियन अर्जेन्टिना भने दुई वर्षपछि फिफा वरीयताको शीर्ष स्थानबाट ओरालो लागेको छ । अर्जेन्टिना तेस्रोमा सीमित भयो । १० वर्षपछि स्पेन शीर्षमा उक्लेको छ । फ्रान्स दोस्रोमा छ । इंग्ल्यान्ड चौथो स्थानमा यथावत् रह्यो । पोर्चुगलले एक स्थान सुधार गर्दै पाँचौं रक्षा गरेको छ । ब्राजिल छैटौं स्थानमा झरेको छ । एसियाली राष्ट्रमध्ये जापान दुई स्थान खस्किएको छ । विश्व वरीयतामा जापान १९औं र इरान २१औं स्थानमा छन् ।

फुटबल खेलाडी संघमा अञ्जना र अनन्त मनोनीत

काठमाडौं/ नेपाल फुटबल खेलाडी संघको कार्यसमितिमा रिक्त उपाध्यक्षमा राष्ट्रिय महिला फुटबल टोलीकी अञ्जना रानामगर र महासचिवमा राष्ट्रिय पुरुष टोलीका अनन्त तामाङलाई मनोनीत गरिएको छ । संघको कार्यसमितिले बिहीबार रिक्त पदमा मनोनयन गरेको जनाएको छ । रुपेश केसी, एरिक विष्ट र अञ्जन विष्ट पनि सदस्यमा मनोनीत भएका छन् । अनन्त, एरिक र अञ्जन अहिले बंगलादेशी लिगमा आबद्ध छन् । उपाध्यक्ष सुजल श्रेष्ठ, महासचिव विशाल राई तथा सदस्य सरोज दाहाल रञ्जित धिमाल विदेशमा रहेका कारण ती पद रिक्त थिए । बिहीबारै भएको साधारणसभाले संघको विधान पास गरेको छ । संघले राष्ट्रिय टोलीका पूर्वखेलाडीलाई पनि सम्मान गरेको थियो । अखिल नेपाल फुटबल संघ (एन्फा)का अध्यक्ष पंकजविक्रम नेम्वाडले साधारणसभाको उद्घाटन गरेका थिए ।

एनएसपिएल अक्सनमा २५० खेलाडी

काठमाडौं/ नेपालमै पहिलोपटक आयोजना हुन लागेको टेनिस बल टी-१० क्रिकेट प्रतियोगिता नेपाल स्ट्रिट प्रिमियर लिग (एनएसपिएल)को ट्रायल सकिएको छ । डिजिआर स्पोर्टस् एन्ड इभेन्ट म्यानेजमेन्ट प्रालिको आयोजनामा हुने टी-१० क्रिकेटका लागि देशभर ट्रायलमार्फत खेलाडीलाई छनोट गर्ने प्रक्रिया सकिएको हो । काठमाडौंको महालक्ष्मी स्पोर्टस् हबमा अन्तिम ट्रायल भएको थियो । ट्रायलमा १५ सयभन्दा बढी खेलाडी सहभागी रहेको आयोजकले जनाएको छ । जसबाट २५० जना खेलाडीलाई अक्सनका लागि छनोट गरिनेछ । यो प्रतियोगिता टेनिस बल क्रिकेट खेलाडीलाई आफ्नो क्षमता देखाउने महत्त्वपूर्ण प्लाटफर्म हुने आयोजकले जनाएको छ ।

प्रतियोगितामा सात टोली सहभागी हुनेछन् । प्रतियोगितामा कुल २५ खेल खेलिनेछ । लिग चरण सिंगल राउन्ड रोबिन प्रणालीमा हुनेछ । शीर्ष चार टोलीले सेमिफाइनलमा स्थान बनाउनेछन् । विजेताले २१ लाख रुपैयाँ र उपविजेताले ११ लाख रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगिताका अध्यक्ष ज्ञानु सिंहले यो लिगले उदीयमान प्रतिभाका लागि बलियो र समावेशी प्लाटफर्म निर्माण गरेर ग्रासरुट क्रिकेटलाई विकास गर्ने बताए । ‘यो प्रतियोगिताले स्थानीय खेलाडीलाई अवसर र प्रेरणा दिनेछ । साथै, नेपाली क्रिकेटलाई ग्रासरुट स्तरबाट विकास गर्ने उद्देश्य राखिएको छ,’ उनले बताए ।

बंगलादेशसँग पराजित भएपछि नेपाललाई गाह्रो

बंगलादेशसँग ४-० ले हारेको नेपाल समूह ‘ए’मा ३ अंकका साथ दोस्रो स्थानमा छ, अब नेपालको सेमिफाइनल पुग्ने आशा बंगलादेश र श्रीलंकाबिचको नतिजामा निर्भर



बंगलादेशका नजमुल फैसलविरुद्ध बल खोस्ने प्रयास गर्दै नेपालका दिग्विजय शाही (रातो) ।

तस्बिर सौजन्य : एनएसजेएफ

नयाँ पत्रिका

श्रीलंकाको कोलम्बोमा चलिरहेको साफ यू-१७ च्याम्पियनसिपमा बिहीबार नेपाली युवा टोली दुईपटकको विजेता बंगलादेशसँग ४-० ले पराजित भएको छ । समूह ‘ए’को महत्त्वपूर्ण खेलमा फराकिलो अन्तरले पराजित भएपछि नेपालको सेमिफाइनल पुग्ने सम्भावना कमजोर बनेको छ । नेपालले आफ्ना दुवै खेल सकाएको छ । दुई खेलबाट नेपालले ३ अंक जोडेको छ । बंगलादेशलाई बराबरीमा रोक्दा नेपाल अन्तिम चारमा पुग्ने थियो ।

अब नेपालको सेमिफाइनल दौड कायमै राख्न बंगलादेश र आयोजक श्रीलंकाबिचको नतिजामा निर्भर रहनेछ । समूहको अन्तिम लिग खेल आइतबार हुनेछ । बंगलादेश र नेपालको समान ३ अंक छ । उद्घाटन खेलमा नेपालसँग पराजित श्रीलंका अंकविहीन छ । नेपालमाथि ४-० को जित निकालेको बंगलादेश गोल अन्तरले अगाडि छ ।

बंगलादेशले आफ्नो अन्तिम खेलमा श्रीलंकालाई हराउँदा वा बराबरी नतिजा निकाल्दा नेपाल उपविजेताका रूपमा सेमिफाइनलमा पुग्नेछ । यदि बंगलादेशमाथि श्रीलंकाले जित निकाल्दा समूह ‘ए’मा सबै टोलीको समान ३ अंक हुनेछ । यस्तो समीकरणमा गोलअन्तरका आधारमा सेमिफाइनलमा पुग्ने दुई टोलीको छिनोफानो हुनेछ । फराकिलो हार र गोलअन्तरमा नेपाल पछि रहँदा नेपालको सेमिफाइनल पुग्ने समीकरण गाह्रो हुने भएको हो ।

नेपालमाथि बंगलादेशको एकपक्षीय दबाब

पहिलो खेलमा उत्कृष्ट सुरुवात गरेको नेपालले दोस्रो खेलमा बंगलादेशविरुद्ध उत्कृष्ट प्रदर्शन गर्न सकेन । नेपालले कुनै पनि समयमा विपक्षीमाथि दबाब सिर्जना गर्न सकेन । यसविपरीत बंगलादेशले भने पहिलो तथा दोस्रो हाफमा नेपालमाथि दबाब राखिरह्यो । उमेर समूहमा राम्रो लगानी गरेको बंगलादेशले नेपालविरुद्ध प्राविधिक तथा काउन्टर एट्याक्ट रणनीति लिएको थियो । नेपालको डिफेन्सदेखि फिनिसिङसम्म फितलो रह्यो ।

बंगलादेशका लागि मोहम्मद सबिर इस्लामको अग्रता गोल गरेका थिए । उनले पहिलो हाफको इन्जुरी समयको दोस्रो मिनेटमा बंगलादेशलाई १-० को अग्रता दिलाए । पहिलो हाफमा नेपाल १-० ले पछि रह्यो । मध्यान्तरपछि नेपालको खेलमा सुधार हुने अपेक्षा थियो । तर, दोस्रो हाफमा नेपालको खेल झनै बिग्रन पुग्यो । कुनै पनि पोसेसन पकड बनाउन चुकेको नेपालले बंगलादेशको उत्कृष्ट फिनिसिङसामु घुँडा टेक्यो ।

खेलको ४९औं मिनेटमा ओप रहमानले बंगलादेशलाई २-० को अग्रता दिलाए । खेलको ५०औं मिनेटमा बंगलादेश ३-० ले अघि रह्यो । यसपटक बंगलादेशलाई मोहम्मद आरिफले अग्रता दिलाए । मोहम्मद मानिकले ६६औं मिनेटमा चौथो गोल गरे । दुईपटकको विजेता बंगलादेशले जितका साथ च्याम्पियनसिपमा उत्कृष्ट सुरुवात गऱ्यो । प्रतियोगितामा भारत सर्वाधिक ६ पटकको विजेता हो । पाकिस्तानले एकपटक उपाधि जितेको छ । नेपाल चारपटकको फाइनलिस्ट हो ।

समूह ‘ए’को तालिका

टोली	खेल	जित	हार	गोलअन्तर	अंक
बंगलादेश	१	१	०	+४	३
नेपाल	२	१	१	-२	३
श्रीलंका	१	०	१	-२	०

राष्ट्रिय टिमको प्रशिक्षण सुरु

काठमाडौं/ राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले सञ्चालन गरिरहेको मिसन- २०२६ अन्तर्गत राष्ट्रिय टिम तयारीको विशेष प्रशिक्षण सुचारु भएको छ । जेन-जी आन्दोलनका कारण विशेष प्रशिक्षण पाँच दिन रोकिएको राखेपअन्तर्गत राष्ट्रिय टिम तयारीका उपनिर्देशक दीपक श्रेष्ठले जानकारी दिएका छन् । आर्थिक वर्ष ०८२/८३ को प्रशिक्षण भने १ भदौदेखि सुरु भइसकेको थियो ।

तर, जेन-जी आन्दोलनका कारण प्रशिक्षण पाँच दिन स्थगित भएको श्रेष्ठले बताए । ‘आन्दोलनको दोस्रो दिन २४ भदौमा खेलाडीहरू बिहान प्रशिक्षणका लागि आएका थिए । आन्दोलनले गर्दा स्थिति असहज बन्दै गएपछि खेलाडी फर्केका थिए,’ श्रेष्ठले भने, ‘अवस्था सहज बन्दै गएपछि गत आइतबारदेखि प्रशिक्षण सुचारु गरेका हौं ।’

अर्को वर्ष जापानमा २०औं एसियन खेलकुद प्रतियोगिता आयोजना हुँदै छ । नेपालले एसियाडमा स्वर्णसहित दोहोरो अंकमा पदक जित्ने लक्ष्यका साथ खेलाडीलाई विशेष प्रशिक्षणमा राखेको छ । दुई वर्षअघि चीनको हाङ्झाउमा भएको १९औं एसियाडपछि नै राखेपले खेलाडीलाई विशेष प्रशिक्षणमा राखेको हो । अहिले प्रशिक्षणमा कराँते, तेक्वान्दो (पारासहित), जुडो, बक्सिङ, एथलेटिक्स, महिला कबड्डी, महिला भलिबल, गल्फ र कुस्ती गरी नौ खेलका ११० खेलाडी सहभागी छन् । जसमा ४४ पुरुष र ६६ महिला छन् । नौ खेलका लागि १८ प्रशिक्षकलाई प्रशिक्षणको जिम्मेवारी दिइएको छ । एसियाली खेलकुद सकिएलगत्तै आगामी संस्करणका लागि यति लामो तयारी प्रशिक्षण गरिएको पहिलोपटक हो ।

च्याम्पियन्स लिगमा लिभरपुल विजयी



युइएफए च्याम्पियन्स लिग फुटबल प्रतियोगिताको बुधबार राति भएको खेलमा पेरिस सेन्ट जर्मेन (पिएसजी)सँगै लिभरपुल, बायर्न म्युनिख र इन्टरमिलान विजयी भएका छन् । भर्जिल भान डाइकले इन्जुरी समयमा निर्णायक गोल गरेपछि लिभरपुलले रोमाञ्चक खेलमा स्पेनिस क्लब एट्लेटिको म्याड्रिडलाई ३-२ ले हरायो ।

दोस्रो नेपाल प्रिमियर लिग

पहिलो खेलको टिकट बिक्रीबाट उठेको सबै रकम प्रधानमन्त्री राहत कोषमा

नयाँ पत्रिका

दोस्रो नेपाल प्रिमियर लिग (एनपिएल)को पहिलो खेलको टिकट बिक्रीबाट उठेको सबै रकम प्रधानमन्त्री राहत कोषमा जम्मा गरिने भएको छ । नेपाल क्रिकेट संघ (क्यान)का सचिव पारस खड्काले बिहीबार युएई जाने नेपाली टोलीको बिदाइ गर्दै १ मंसिरमा हुने पहिलो खेलबाट उठ्ने रकम राहत कोषमा जम्मा गरिने जानकारी दिएका छन् । ‘प्रतियोगिताको पहिलो खेलबाट उठेको रकम प्रधानमन्त्री राहत कोषमा जम्मा गरिनेछ,’ क्यानका सचिव पारसले भने ।



वेस्ट इन्डिजविरुद्ध टी-२० आई सिरिजमा सहभागी हुने नेपाली खेलाडीलाई बिहीबार क्यानद्वारा बिदाइ गरिँदै । तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

क्यानको आयोजनामा १ देखि २७ मंसिरसम्म दोस्रो एनपिएल कीर्तिपुरको त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा हुँदै छ । एनपिएलमा जनकपुर बोल्ट्स, सुदूरपश्चिम रोयल्स, लुम्बिनी लायन्स, पोखरा एभेन्जर्स, कर्णाली याक्स, चितवन राइनोज, काठमाडौं गोर्खाज र विराटनगर किंग्सले प्रस्पिर्धा गर्नेछन् । आठ फ्रेन्चाइज टोली सहभागी हुने लिगको साबिक विजेता जनकपुर बोल्ट्स हो । अहिले मैदानको पुनर्निर्माण भइरहेको छ । यहाँ १० हजार क्षमताको सिट जडान भइसकेको छ ।

क्यानले यसपटकको एनपिएल डे-नाइटमा गराउने लक्ष्य राखेको छ । जेन-जी आन्दोलनका कारण फ्लड लाइटका केही सामग्री वीरगन्ज भन्सारमा अड्किएको छ । यद्यपि, ठेकेदार कम्पनीले मैदानमा चाँडै ६ वटा फ्लड लाइट जोडिने जनाएको छ । राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङ र क्यानका सचिव पारसलगायतले अर्को साता वेस्ट इन्डिजविरुद्धको टी-२० सिरिज खेल्ने नेपाली टोलीको बिदाइ गरेका छन् ।

युएईको सारजहाँ रंगशालामा २७-३० सेप्टेम्बरसम्म नेपाल र वेस्ट इन्डिजबिच तीनवटा टी-२० आई सिरिज हुनेछ । जसको नाम युनिटी कप राखिएको छ । नेपाली टोली शनिबार युएई प्रस्थान गर्नेछ । त्रिवि मैदानमा क्यानले जेन-जी प्रदर्शनका क्रममा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली अर्पण गरेको थियो । जेन-जी आन्दोलनका कारण युएईले अस्थायी रूपमा नेपालीको भिसामा कडाइ गरेको छ । यसको प्रभाव नेपाली क्रिकेटमाथि परेको छ । बुधबार रातिसम्म पनि उनीहरूको भिसा आएको थिएन ।

वेस्ट इन्डिजविरुद्धको सिरिज महत्त्वपूर्ण

नेपाली कप्तान रोहितकुमार पौडेलले आइसिसी टी-२० विश्वकप एसिया छनोटअघि वेस्ट इन्डिजसँगको सिरिज महत्त्वपूर्ण रहेको बताएका छन् । ‘वेस्ट इन्डिजसँगको सिरिज निकै महत्त्वपूर्ण छ,’ पौडेलले भने, ‘यस सिरिजले आइसिसी विश्वकप टी-२० अन्तर्गत एसियन छनोटमा सहयोग गर्ने विश्वास लिएको छु ।’ उनले सिरिज नेपाली टोलीका लागि ऐतिहासिक भएको बताए । नेपालले विश्वकप छनोटको अन्तिम तयारीका रूपमा वेस्ट इन्डिजसँगको सिरिजलाई लिएको छ ।

उनले गत अगस्टमा नेपाली टोलीले अस्ट्रेलियामा विभिन्न स्थानीय टोली तथा बंगलादेश र पाकिस्तानका ‘ए’ टोलीसँग प्रतिस्पर्धा गरेको थियो । कप्तान पौडेलले सबै खेलाडी राम्रो लयमा रहेको बताए । ‘अहिले खेलाडीहरू उत्कृष्ट फर्ममा छन्,’ उनले भने, ‘वेस्ट इन्डिज ‘ए’सँगको पछिल्लो ३-२ को नतिजाले पनि आत्मविश्वास बढाएको छ ।’ यो दुई वर्षभित्र टेस्ट राष्ट्रहरूसँग खेलेका अनुभवले खेलाडीमा आत्मविश्वास बढेको उनको भनाइ छ ।

खेलाडीलाई अवसर

नेपालका मुख्य प्रशिक्षक स्टुआर्ट ल अहिले लन्डनमा छन् । स्टुआर्ट लन्डनबाटै नेपाली टोलीसँग युएईमा जोडिनेछन् । यसबिच नेपाली टोलीलाई सहायक प्रशिक्षक ज्ञानेन्द्र मल्लले प्रशिक्षण गराएका छन् । प्रशिक्षक मल्लले वेस्ट इन्डिजसँगको सिरिजलाई अवसरका रूपमा लिनुपर्ने बताएका छन् । ‘यो सिरिज नेपाली क्रिकेटका लागि अवसरका रूपमा छ । खेलाडीले पनि ऐतिहासिक अवसरका रूपमा लिनुपर्छ,’ मल्लले भने, ‘टेस्ट राष्ट्रलाई हराउने अवसर र टेस्ट राष्ट्र बन्ने यात्रामा यो सिरिजले सहयोग पुग्ने विश्वास गरेको छु ।’ राखेपका सदस्यसचिव घिसिङले टेस्ट टोलीसँग खेल्ने अवसर विरलै प्राप्त हुने बताए ।

उत्साहित क्रिकेटर

कप्तान पौडेलले ऐतिहासिक सिरिज खेल्न उत्साहित रहेको बताएका छन् । उनले सिरिजमा राम्रो प्रदर्शन गर्ने र विश्वकपमा छनोट पनि भएर फर्कने बताए । यो सिरिजपछि नेपालले ओमानमा विश्वकप छनोटका खेल खेल्नेछ । वेस्ट इन्डिजको टोलीमा अकिल होसेनले कप्तानी गरेका छन् । नेपाली राष्ट्रिय टोलीमा आदिल अन्सारी, सन्दीप जोरा र ललितनारायण राजवंशीले पुनरामगन गरेका छन् ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com